# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिक शास्त्र
सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत
सञ्चालित दर्शनाचार्य (एम.फिल.)
तह तेस्रो सत्रको पाठ्यांश
६०९ र ६१० को
प्रयोजनका लागि
प्रस्तुत

## शोधप्रबन्ध


**शोधकर्ता**
ठाकुरप्रसाद पोखरेल
क्रमाङ्क : २१/०७६/०७७
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर

२०८१

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## शोधनिर्देशकको मन्तव्य

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत नेपाली विषयको दर्शनाचार्य तहका विद्यार्थी श्री **ठाकुरप्रसाद पोखरेल**ले *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको शोधप्रबन्ध मेरा निर्देशनमा तयार पार्नुभएको हो । उहाँको यो शोधकार्य सन्तोषजनक भएकाले म यसको आवश्यक मूल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति : २०८१/१२/२५

.........................................

सहप्रा.डा. नेत्रमणि सुवेदी
शोधनिर्देशक
नेपाली केन्द्रीय विभाग,
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाडौं

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा सामाजिकशास्त्र सङ्काय**
**नेपाली केन्द्रीय विभाग, कीर्तिपुर**

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागअन्तर्गत दर्शनाचार्य कार्यक्रम तेस्रो सत्रको नवौँ र दसौँ पत्रको प्रयोजनका लागि शोधकर्ता श्री **ठाकुरप्रसाद पोखरेल**ले प्रस्तुत गर्नुभएको *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको शोधप्रबन्ध स्वीकृत गरिएको छ ।

**शोधप्रबन्ध मूल्याङ्कन समिति**

| नाम | हस्ताक्षर |
|---|---|
| **प्रा.डा. कृष्णप्रसाद न्यौपाने**<br>(विभागीय प्रमुख) | .............................. |
| **सहप्रा.डा. नेत्रमणि सुवेदी**<br>(शोधनिर्देशक) | .............................. |
| **सहप्रा.डा.रजनी काफ्ले ढकाल**<br>(आन्तरिक परीक्षक) | ................................. |
| **प्रा.डा.नारायणप्रसाद गड्तौला**<br>(बाह्य परीक्षक) | ................................. |

मिति : २०८१/१२/३१

# कृतज्ञताज्ञापन

*विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्ध आदरणीय गुरु सहप्रा. डा. नेत्रमणि सुवेदीको निर्देशनमा तयार पारिएको हो । शोधको मर्मलाई नजिकबाट पहिचान गराई शोधपरक ढाँचामा मार्ग निर्देशन, आवश्यक सुझाव एवं सल्लाह प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालय नेपाली केन्द्रीय विभागका मेरा आदरणीय गुरु तथा शोधनिर्देशक सहप्रा. डा. नेत्रमणि सुवेदीप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

सामग्री सङ्कलन तथा शोधका क्रममा आवश्यक सल्लाह, सुझाव प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका विभागीय प्रमुख प्रा. डा. कृष्णप्रसाद न्यौपानेप्रति पनि हार्दिक कृतज्ञताज्ञापन गर्दछु । प्रस्तुत शीर्षकमा शोधकार्य गर्न अवसर प्रदान गर्नुहुने नेपाली केन्द्रीय विभागका दर्शनाचार्य तहका सम्पूर्ण गुरुवर्गप्रति पनि उत्तिकै आभार प्रकट गर्दछु । यस कार्यमा आवश्यक सरसल्लाह तथा सहयोग प्रदान गर्नुहुने मेरा सम्पूर्ण सहपाठी साथीहरूप्रति पनि म कृतज्ञ छु ।

सामग्री सङ्कलनमा सहयोग प्रदान गर्नुहुने त्रिभुवन विश्वविद्यालयको केन्द्रीय पुस्तकालयका कर्मचारी तथा नेपाली विभागमा कार्यरत कर्मचारीको सहयोगप्रति पनि आभार प्रकट गर्दछु ।

मिति : २०८१/१२/२५



**ठाकुरप्रसाद पोखरेल**

त्रि.वि.दर्ता नं. : ९–१–२१–१९८–२००९

क्रमाङ्क : २१/०७६/०७७

दर्शनाचार्य तेस्रो सत्र

नेपाली केन्द्रीय विभाग

त्रि.वि. कीर्तिपुर

# विषयसूची


**शोध निर्देशकको सिफारिस** **क**

**स्वीकृति पत्र** **ख**

**कृतज्ञताज्ञापन** **ग**

**पहिलो परिच्छेद**

**शोधपरिचय**

१.१ विषयपरिचय १

१.२ समस्याकथन २

१.३ अध्ययनको उद्देश्य ३

१.४ पूर्वकार्यको समीक्षा ३

१.५ अध्ययनको औचित्य र महत्त्व १२

१.६ अध्ययनको सीमाङ्कन १२

१.७ शोधविधि र सैद्धान्तिक ढाँचा १३

१.८ शोधप्रबन्धको रूपरेखा १६

**दोस्रो परिच्छेद**

**विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व**

२.१ विषयपरिचय १७

२.२ सीमान्तकृतहरूको प्रतिनिधित्वको सैद्धान्तिक अवधारणा १८

२.३ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *नरेन्द्र दाइ* उपन्यासको विश्लेषण २३

*२.३.१ नरेन्द्र दाइ* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व २४

*२.३.२ नरेन्द्र दाइ* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व २६

*२.३.३ नरेन्द्र दाइ* उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व ३०

२.४ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *सुम्निमा* उपन्यासको विश्लेषण ३३

*२.४.१ सुम्निमा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व ३४

*२.४.२ सुम्निमा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व ३८

*२.४.३ सुम्निमा* उपन्यासमा लैङ्गिक सीमान्तकृतहरूको प्रतिनिधित्व ४०

२.५ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *मोदिआइन* उपन्यासको विश्लेषण ४३

*२.५.१ मोदिआइन* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व ४४

*२.५.२ मोदिआइन* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व ४६

*२.५.३ मोदिआइन* उपन्यासमा लैङ्गिक सीमान्तकृतहरूको प्रतिनिधित्व ४९

२.६ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *बाबु आमा र छोरा* उपन्यासको विश्लेषण ५२

*२.६.१ बाबु आमा र छोरा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व ५३

*२.६.२ बाबु आमा र छोरा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व ५६

*२.६.३ बाबु आमा र छोरा* उपन्यासमा लैङ्गिक सीमान्तकृतहरूको प्रतिनिधित्व ६०

२.७ निष्कर्ष ६३

## तेस्रो परिच्छेद

## विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पितृसत्ताले महिलाको पहिचानमा पारेको प्रभाव


३.१ विषयपरिचय ६५

३.२ सीमान्तकृतहरूको पहिचानको सैद्धान्तिक अवधारणा ६६

३.३ *नरेन्द्र दाइ* उपन्यासमा लैङ्गिक पहिचान ६८

*३.३.१ नरेन्द्र दाइ* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान ६८

*३.३.२ नरेन्द्र दाइ* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान ६९

३.४ *सुम्निमा* उपन्यासमा लैङ्गिक पहिचान ७२

*३.४.१ सुम्निमा* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान ७३

*३.४.२ सुम्निमा* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान ७४

३.५ *मोदिआइन* उपन्यासमा लैङ्गिक पहिचान ७६

*३.५.१ मोदिआइन* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान ७६

*३.५.२ मोदिआइन* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान ७७

३.६ *बाबु आमा र छोरा* उपन्यासमा लैङ्गिक पहिचान ७९

*३.६.१ बाबु आमा र छोरा* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान ७९

*३.६.२ बाबु आमा र छोरा* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान ८०

३.७ निष्कर्ष ८३

## चौथो परिच्छेद

## सारांश तथा निष्कर्ष

४.१ सारांश ८५

४.२ निष्कर्ष ८६

**सन्दर्भसामग्री सूची** ९१

# पहिलो परिच्छेद

# शोधपरिचय

## १.१ विषयपरिचय

प्रस्तुत शोधकार्यको शीर्षक *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* रहेको छ । प्रस्तुत सन्दर्भमा यस शोधशीर्षकका परिचय दिनुपर्ने दुई पक्षहरू देखापर्छन् ती हुन् : (१) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यास र (२) लैङ्गिक सीमान्तीयता । यी दुई पक्षको अलग अलग परिचय दिँदा मात्र यिनको सहसम्बन्धको बोध गराई शोधको विषयपरिचय दिन सकिन्छ । प्रस्तुत सन्दर्भमा यहाँ सर्वप्रथम विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा सीमान्तीयताको परिचय दिई त्यसपछि लैङ्गिक सीमान्तीयतालाई समेत चिनाई यिनै दुई पक्षको सहसम्बन्धबाट बन्ने विषयको परिचय प्रस्तुत गरिएको छ ।

उपन्यासकार विश्वेश्वरप्रसाद कोइराला (वि.सं.१९७१-२०३९) नेपाली साहित्यका विशिष्ट प्रतिभा हुन् । पिता कृष्णप्रसाद कोइराला र माता दिव्यादेवी कोइरालाबाट जन्मेका कोइरालाको न्वारानको नाम चूडामणि कोइराला हो । कोइरालाले नेपाली भाषामा प्रशस्त मात्रामा साहित्यिक कृतिहरूको रचना गरेको पाइन्छ । कथा, उपन्यास, आत्मवृत्तान्त, वैचारिक लेख, कविता, नाटकजस्ता क्षेत्रमा कलम चलाएका कोइराला विशेषगरी कथाकार र उपन्यासकारका रूपमा बढी सफल र चर्चित छन् । नेपाली राजनीतिमा पनि सफल राजनितिज्ञका रूपमा प्रतिष्ठित कोइरालाले आफ्नो जेलजीवनमा रहँदा प्रशस्त साहित्यिक रचनाहरू रचेको पाइन्छ । उनका हालसम्म प्रकाशित उपन्यासहरूमा *तीनघुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) अनि *बाबु आमा र छोरा* (२०४५) गरी जम्मा ६ वटा रहेका छन् । उनका उपन्यासहरूमा विशेषतः फ्रायडीय यौनमनोविश्लेषण, अस्तित्ववाद, नारीवाद, नियतिवादका सन्दर्भ व्यक्त भएका हुन्छन् । प्रस्तुत शोधकार्यका सन्दर्भमा लैङ्गिक सीमान्तीयताको अवधारणाका आधारमा उनका उपन्यासहरूको विश्लेषण गरिएको छ ।

उत्तरवर्ती समालोचनामा देखिएका नवीन प्रवृत्तिहरूमध्ये सीमान्तीय अध्ययन एक महत्त्वपूर्ण अध्ययन हो । विशेषगरी उत्तर औपनिवेशिक कालमा सन् १९६० को दशकपछि पाश्चात्य समालोचनामा सीमान्तीयताको अवधारणा आएको पाइन्छ । भारतीयहरूको आफ्नो इतिहास आफैँ लेख्ने प्रयासस्वरूप सीमान्तीयताको अवधारणाले विकसित रूप लिन पुगेको

देखिन्छ । सीमान्तीयता अङ्ग्रेजी 'सबाल्टर्न' शब्दको नेपाली रूपान्तरण हो । मध्ययुगीन कालमा कमैया मजदुर वा साना किसानलाई जनाउने 'सबाल्टर्न' शब्दले अठारौँ शताब्दीसम्म आइपुग्दा सिपाहीको सबैभन्दा तल्लो तहलाई बुझाउन थालेको देखिन्छ । वर्तमानमा 'सबाल्टर्न' शब्दले सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक भौगोलिक, लैङ्गिक, पेसाजस्ता हरेक हिसाबले किनारामा पारिएका वर्ग वा समूहलाई जनाउँछ । 'सबाल्टर्न' शब्दको अर्थ दबिएको, दबाइएको वा मूलधारबाट पाखा पारिएको भन्ने हुन्छ । समाजको मूलधारमा स्थापित नभएका मानिसहरूको समुदाय नै सबाल्टर्न हो । यस अर्थमा 'सबाल्टर्न' शब्दको पहिलो प्रयोग एन्टोनियो ग्राम्सीले गरेका हुन् । सबाल्टर्न पदावलीले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकालाई बुझाउँछ । यसरी राज्यको मूलधारभन्दा बाहिर रहेका वर्ग, समूह, व्यक्तिका दिनचर्यालाई विषय बनाएर लेखिएका साहित्य सीमान्तीय हुन् र त्यस्ता साहित्यमा सीमान्तीयताको खोजी गर्ने कार्य सीमान्तीय अध्ययनमा गरिन्छ ।

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित उपन्यासहरूमा यौनमनोविश्लेषण, अस्तित्ववाद, नारीवाद, नियतिवादजस्ता विशेषताहरूका साथै सीमान्तकृत वर्गको पनि सशक्त चित्रण पाइन्छ । नेपाली समाजमा विभिन्न दृष्टिले हेपिएका तथा पाखा पारिएका पात्रहरूका जीवनभोगाई उनका उपन्यासहरूमा अभिव्यक्त भएको  पाइन्छ । कोइरालाका उपन्यासहरूको अन्य विभिन्न कोणबाट अध्ययन विश्लेषण भएको पाइए तापनि हालसम्म लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन हुन सकेको देखिँदैन । यस सन्दर्भमा उनका उपन्यासहरूको लैङ्गिक दृष्टिले अध्ययन नहुनु नै शोधरिक्तता रहेको छ । कोइरालाका उपन्यासहरू सीमान्तीयताका कोणबाट समेत विश्लेषणीय छन् । त्यसैले लैङ्गिक सीमान्तीयताको अवधारणाका कसीमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको विश्लेषण र मूल्याङ्कन आवश्यक ठानी यो शीर्षकको शोधकार्य गरिएको छ ।

## १.२ समस्याकथन

*विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* भन्ने विषय प्राज्ञिक अध्ययनका दृष्टिले अत्यन्त महत्त्वपूर्ण विषय हो । साहित्यिक कृतिको अध्ययन विश्लेषण गर्ने विभिन्न सिद्धान्तहरूमध्ये सीमान्तीयता उत्तरआधुनिक कालमा विकसित एक अधुनातन सिद्धान्त हो । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा सीमान्त पात्रहरूको उपस्थिति छ भन्ने कुरा प्रायः पाठकहरूलाई अवगत भए पनि ती उपन्यासहरूमा कस्ता प्रकारका सीमान्त

पात्रको के कसरी प्रयोग गरिएको छ भन्ने विषयमा वस्तुगत, प्राज्ञिक र शोधमूलक अध्ययन भएको पाइँदैन । त्यसैले यस शोधकार्यको मुख्य प्राज्ञिक समस्याका रूपमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा लैङ्गिक सीमान्तकृत वर्गको चित्रण के कसरी गरिएको छ भन्ने जिज्ञासालाई लिइएको छ । प्रस्तुत शोधकार्यको मुख्य समस्याको एकीकृत समाधान पहिल्याउनका लागि निम्नलिखित शोधप्रश्नसँग सम्बद्ध सामग्रीहरूको अध्ययन विश्लेषण गरिएको छ :

(क) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्वको अवस्था केकस्तो रहेको छ ?

(ख) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पितृसत्ताले महिलाको पहिचानमा केकस्तो प्रभाव पारेको देखिन्छ ?

## १.३ उद्देश्य

प्रस्तुत शोधकार्यको उद्देश्य विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयताको प्राज्ञिक निरूपण गर्नु हो । यही मुख्य उद्देश्यलाई एकीकृत रूपमा पूरा गर्नका निमित्त प्रस्तुत अध्ययनमा निम्नलिखित उद्देश्यहरू राखिएका छन् :

(क) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्वको अवस्था निरूपण गर्नु,

(ख) विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पितृसत्ताले महिलाको पहिचानमा पारेको प्रभावको अध्ययन गर्नु ।

## १.४ पूर्वकार्यको समीक्षा

प्रस्तुत पूर्वकार्यको समीक्षामा शोधकार्यको मुख्य उद्देश्यअनुरूप *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता*सँग सम्बद्ध पूर्वाध्ययनहरूको सङ्कलन, अध्ययन र समीक्षा गरिएको छ साथै तिनका उपादेयताका क्षेत्रहरू तथा सीमाको पनि पहिचान गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूलाई विभिन्न विद्वान समालोचकहरूद्वारा विभिन्न सैद्धान्तिक आधारहरूको उपयोग गरी विश्लेषण गरिएको पाइए तापनि हालसम्म लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन विश्लेषण गरिएको पाइँदैन । कोइरालाका उपन्यासहरूलाई सीमान्तीयतासम्बन्धी अवधारणाका कसीमा अध्ययन विश्लेषण नगरिएको परिप्रेक्ष्यमा यहाँ उनका उपन्यासहरूमा केन्द्रित भएर गरिएका पूर्वाध्ययनहरूलाई

समेटिएको छ । कोइरालाका उपन्याससम्बन्धी नेपाली भाषामा पाइएका समालोचनात्मक ग्रन्थ, अनुसन्धानात्मक लेख, शोधकार्य आदिका क्षेत्रमा भएका पूर्वकार्यहरूको कालक्रमिक विवरण साथै तिनको  समीक्षासमेत तल प्रस्तुत गरिएको छ ।

इन्द्रबहादुर राई (२०३१) ले *नेपाली उपन्यासका आधारहरू* शीर्षकको समालोचना ग्रन्थमा विश्वेश्वरप्रसाद कोइरालाको *तीनघुम्ती* उपन्यासलाई अस्तित्ववादी उपन्यासका रूपमा चिनाएका छन् । राईले उक्त ग्रन्थमा उपन्यासकी पात्र इन्द्रमायाले लिएका तीनओटा निर्णयलाई उपन्यासका तीनघुम्तीहरू मान्दै ती तीन निर्णयहरू आस्तित्विक कार्य हुन् भन्ने मत व्यक्त गरेका छन् । प्रस्तुत सन्दर्भमा राईले *नरेन्द्र दाइ* र *सुम्निमा* उपन्यासको समेत सङ्क्षिप्त विश्लेषण गरेका छन् । राईको उक्त पूर्वकार्यमा कोइरालाको *तीनघुम्ती* उपन्यासलाई मात्र विशेष जोड दिएर अस्तित्ववादी उपन्यासका रूपमा चिनाइएको छ । यस पूर्वकार्यमा कोइरालाका उपन्यासहरूको सीमान्तीयताका कोणबाट अध्ययन हुन सकेको छैन । *तीनघुम्ती* उपन्यासमा नारी अस्तित्वको चित्रण भएको तर्क प्रस्तुत भएकाले लैङ्गिक सीमान्तीयताको अध्ययन गर्न सहयोग पुऱ्याएको छ ।

भूपति ढकाल (२०५४) ले *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष* शीर्षकको शोधप्रबन्धमा कोइरालाका छओटै उपन्यासहरूको विभिन्न कोणबाट अध्ययन विश्लेषण गरेका छन् । उक्त अध्ययनमा ढकालले कोइरालाका *मोदी आइन* र *हिटलर र यहुदी* उपन्यासलाई मानवमूलक उपन्यासका रूपमा, *सुम्निमा* उपन्यासलाई संस्कृतिमूलक उपन्यासका रूपमा तथा *तीनघुम्ती, नरेन्द्र दाइ* साथै *बाबु, आमा र छोरा* लाई नारीमूलक उपन्यासका रूपमा चिनाएका छन् । अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै ढकालले विश्वमानवता र मानवीय समानताका अवधारणाहरू नै कोइरालाका उपन्यासहरूका मूल सन्देशहरू हुन् भन्ने विचार प्रस्तुत गरेका छन् । ढकालको यस अध्ययनमा कोइरालाका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन हुन सकेको छैन । यसमा कोइरालाका छओटै उपन्यासहरूको विस्तृत अध्ययन प्रस्तुत गर्दै विचार पक्षको चर्चा गरिएकाले कोइरालाका उपन्यासहरूको अध्ययन विश्लेषण गर्न यसले सघाउ पुऱ्याएको छ ।

कृष्णहरि बराल र नेत्र एटम (२०५८) ले *उपन्यास सिद्धान्त र नेपाली उपन्यास* पुस्तकमा विश्वेश्वरप्रसाद कोइरालाको औपन्यासिक यात्रा र प्रवृत्तिहरूको चर्चा गर्दै कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* उपन्यासको विभिन्न तत्त्वहरूका आधारमा विश्लेषण गरेका छन् । बराल र एटमको यस अध्ययनमा पनि सीमान्तीय दृष्टिले कोइरालाका उपन्यासको

अध्ययन भएको छैन । *नरेन्द्र दाइ* उपन्यासको उपन्यास तत्त्वका आधारमा विश्लेषण गरिएकोले कृति विश्लेषणमा यसले सहयोग गरेको छ ।

खेम दाहाल (२०५९) ले 'विसङ्गतिवादी दृष्टिमा *नरेन्द्र दाइ* उपन्यासः एक अवलोकन' शीर्षकको समालोचनात्मक लेखमा पुरुषप्रधान समाजका नारीहरूले पुरुषकै पक्षमा वकालत गर्नु, अशिक्षित विधवाले पूर्वजन्मको कमाइ ठान्नु, प्रमुख पात्रले इच्छालाई दबाईकन पूजापाठमा अलमलिनु सामाजिक पक्ष हुन् भन्दै *नरेन्द्र दाइ* उपन्यासलाई विसङ्गतिवादी उपन्यासका रूपमा चिनाएका छन् । दाहालको उक्त लेखमा *नरेन्द्र दाइ* उपन्यासको विसङ्गतिवादी कोणबाट अध्ययन भएको भए तापनि लैङ्गिक सीमान्तीयताको कोणबाट अध्ययन हुन सकेको छैन । यस अध्ययनले पनि विश्वेश्वरप्रसाद कोइरालाको *नरेन्द्र दाइ* उपन्यासको विश्लेषण गर्ने आधार प्रदान गरेको छ ।

जगदीश गैरे (२०६४-०६५) ले 'विश्वेश्वरप्रसाद कोइराला र उनको *तीनघुम्ती* उपन्यास' शीर्षकको समालोचनात्मक लेखमा कोइरालाको उपन्यासकारिताको चर्चा गर्दै *तीनघुम्ती* उपन्यासलाई विभिन्न कोणबाट विश्लेषण गरेका छन् । उपन्यासकी नारीपात्र इन्द्रमायाले गरेका तीन निर्णयको उल्लेख गर्दै *तीनघुम्ती* मानवतावादसँग सम्बन्धित र नारी अस्तित्वको खोजीमा रहेको उपन्यास हो भन्ने तर्क प्रस्तुत गरेका छन् । गैरेको यस लेखमा पनि लैङ्गिक सीमान्तीयताको कोणबाट उपन्यासको विश्लेषण भएको छैन । यस लेखले *तीनघुम्ती* उपन्यासमा लैङ्गिक सीमान्तीयता खोज्न सहयोग गरेको छ ।

राजेन्द्र सुवेदी (२०६४) ले *नेपाली उपन्यासः परम्परा र प्रवृत्ति* शीर्षकको पुस्तकमा विश्वेश्वरप्रसाद कोइरालालाई विसङ्गतिवादी र अस्तित्ववादी उपन्यासकारका रूपमा चिनाएका छन् । उक्त पुस्तकमा सुवेदीले कोइरालाका छओटै उपन्यासहरूमा निहित विसङ्गतिवाद र अस्तित्ववादका विभिन्न पक्षहरूको चित्रण गरेका छन् । नेपाली उपन्यास परम्परामा कोइरालाका उपन्यासहरूले विसङ्गतिवादी र अस्तित्ववादी प्रवृत्तिलाई अँगालेका छन् भन्ने निष्कर्ष सुवेदीले दिएका छन् । सुवेदीले उक्त अध्ययनमा कोइरालाका उपन्यासहरूलाई विसङ्गतिवादी र अस्तित्ववादी उपन्यासका रूपमा चिनाएका छन् । अध्ययनका क्रममा कोइरालाका सम्पूर्ण उपन्यासहरूको अस्तित्ववादी र विसङ्गतिवादी प्रवृत्तिका कोणबाट विश्लेषण गरिएको छ । यस अध्ययनमा पनि कोइरालाका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका दृष्टिबाट अध्ययन गरिएको छैन । कोइरालाका सम्पूर्ण उपन्यासहरूको विभिन्न कोणबाट अध्ययन गरिएकाले कृति विश्लेषणमा यो अध्ययन सहयोगी भएको छ ।।

सञ्जीव उप्रेती (२०६८) ले *सिद्धान्तका कुरा* पुस्तकमा परिचयको अध्ययनअन्तर्गत सबाल्टर्नको सैद्धान्तिक पक्षको चर्चा गरेका छन् । साथै सोही पुस्तकमा कोइरालाद्वारा लिखित *सुम्निमा* उपन्यासको सङ्कथनको चर्चा गर्ने क्रममा उप्रेतीले *सुम्निमा* उपन्यासलाई जातीय मिश्रणको रूपमा प्रस्तुत गर्दै प्रतिनिधित्व र जातीय समागमका कोणबाट विश्लेषण गरेका छन् । उप्रेतीको यस अध्ययनले पनि सीमान्तीय कोणलाई समेट्न सकेको छैन । *सुम्निमा* उपन्यासमा फरक फरक जातिहरूको संयोजन गरिएको कुरा व्यक्त गरिएकोले यसले जातीय सीमान्तीयताको अध्ययन गर्न सघाउ पुगेको छ ।

ज्ञानू पाण्डे (२०७०) ले 'विश्वेश्वरप्रसाद कोइराला : अस्तित्ववादी नेपाली उपन्यास परम्पराका एक सबल स्तम्भ' शीर्षकको लेखमा कोइरालाको परिचय, साहित्ययात्रा तथा उपन्यासकार व्यक्तित्वका साथै अस्तित्ववादको सैद्धान्तिक परिचय र विभिन्न बुँदामा कोइरालाको अस्तित्ववादी उपन्यासकारिता प्रस्तुत गरेकी छन् । यस क्रममा पाण्डेले कोइरालाका विभिन्न उपन्यासहरूको उदाहरण र साक्ष्य प्रस्तुत गर्दै अस्तित्ववादी उपन्यासकारिता नै उपन्यासकार कोइरालाको पहिलो र अन्तिम महत्त्वपूर्ण विशेषता हो र यही विशेषताले नै आधुनिक नेपाली उपन्यासमा उनको उपस्थितिको सबलता पुष्टि भएको छ भन्ने तर्क प्रस्तुत गरेकी छन् । पाण्डेको यस अध्ययनमा पनि कोइरालाका उपन्यासलाई लैङ्गिक सीमान्तीयताका कोणबाट हेरिएको छैन । यस अध्ययनबाट व्यक्ति अस्तित्वका रूपमा चित्रण गरिएका पात्रहरूको विश्लेषण गर्न सहयोग पुगेको छ ।

गोविन्द आचार्य (२०७०) ले *बी. पी. कोइरालाका उपन्यासहरूको परिक्रमा* शीर्षकको समालोचनात्मक पुस्तकमा कोइरालाको संक्षिप्त परिचय प्रस्तुत गर्दै उनका छओटै उपन्यासहरूको विभिन्न आधारमा विश्लेषण गरेका छन् । उक्त पुस्तकमा आचार्यले कोइरालाका प्रायः उपन्यासहरू नारीवादी चरित्रप्रधान रहेको पाइन्छ भन्ने कुरा बताएका छन् । आचार्यको प्रस्तुत समालोचनामा कोइरालाका सम्पूर्ण उपन्यासहरूको विभिन्न आधारमा विश्लेषण गरिएको भए तापनि लैङ्गिक सीमान्तीय कोणको चर्चा पाइँदैन । यस अध्ययनले कोइरालाका उपन्यासहरूको संरचना, पात्र, परिवेशजस्ता पक्षहरूको विश्लेषण गर्न सहयोग पुगेको छ ।

गोविन्दराज भट्टराई (२०७०) ले 'विश्वेश्वरप्रसाद कोइरालाका आख्यानमा उनको जीवन दर्शनको प्रतिबिम्ब' शीर्षकको लेखमा आख्यानभित्रको विचरणअन्तर्गत उनका छओटै उपन्यासहरूको विभिन्न खालका दर्शनको कोणबाट विश्लेषण गरेका छन् । भट्टराईको यस लेखमा पनि कोइरालाका उपन्यासहरूलाई सीमान्तीयताका कोणबाट हेरिएको छैन ।

कोइरालाका उपन्यासहरूलाई रचनासन्दर्भ तथा जीवनदर्शनसँग जोडेर अध्ययन गरिएकोले यसले उपन्यासको विश्लेषण र मूल्याङ्कनमा सहयोग पुगेको छ ।

दीपकप्रसाद ढकाल (२०७०) ले 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा समाख्यानात्मक व्यवस्था' शीर्षकको लेखमा समानाख्यानशास्त्रको सैद्धान्तिक पृष्ठभूमिको चर्चा गर्दै कोइरालाद्वारा लिखित *सुम्निमा* र *तीनघुम्ती* उपन्यासभित्र रहेको समाख्यान व्यवस्थाको चर्चा गरेका छन् । यसभित्र ढकालले कोइरालाका दुई उपन्यास *सुम्निमा* र *तीनघुम्ती*लाई समाख्यानात्मक संरचनाका कोणबाट हेर्दा सघन किसिमको समाख्यान व्यवस्था देखा पर्छ भन्ने कुरा बताएका छन् । ढकालको यस अध्ययनमा पनि लैङ्गिक सीमान्तीयताका कोणबाट कोइरालाका उपन्यासको विश्लेषण भएको छैन । कोइरालाद्वारा लिखित *सुम्निमा र तीनघुम्ती* उपन्यासमा रहेको समाख्यान व्यवस्थाको चर्चा भएकाले यस लेखले यी दुई उपन्यासको मूल्याङ्कन गर्न सहयोग पुगेको छ ।

भुवन ढुङ्गाना (२०७०) ले 'आजको सन्दर्भमा बिपीका केही नारी पात्रहरू' शीर्षकको लेखमा *नरेन्द्र दाइ* उपन्यासकी गौरी र सान्नानी तथा *तीनघुम्ती* उपन्यासकी इन्द्रमायाको चरित्रचित्रण गर्दै त्यस्ता पात्रहरू आज पनि यदाकदा रहिरहेकै छन् भन्ने तर्क प्रस्तुत गरेका छन् । ढुङ्गानाको यो लेख खास उपन्यासका खास चरित्रमा केन्द्रित भएकाले यहाँ पनि कोइरालाका उपन्यासको सीमान्तीयताका दृष्टिले अध्ययन भएको छैन । यस लेखले केही पात्रहरूको चरित्र बुझ्न र लैङ्गिक सीमान्तीयताको अवस्था पहिल्याउन सहयोग पुगेको छ ।

दुर्गाबहादुर घर्ती (२०७१) ले 'विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास' शीर्षकको लेखमा विनिर्माणवादको मान्यता प्रस्तुत गर्दै *सुम्निमा* उपन्यासको वस्तुसङ्गठनमा विनिर्माण तथा द्विचर विरोधको उपयोग भएको कुरा उल्लेख गरेका छन् । घर्तीको यस अध्ययनमा पनि सीमान्तीयताको कोणबाट उपन्यासको विश्लेषण हुन सकेको छैन । *सुम्निमा* उपन्यासलाई बहुलतावादी दृष्टिमा हेर्न सकिने धारणा व्यक्त गरिएकाले अध्ययनका अन्य पाटाहरूको सङ्केत गरिएको छ ।

रेणुका थापा (२०७१) ले *उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारीपात्रमा नीतिचेतना* शीर्षकको पुस्तकमा कोइरालाद्वारा लिखित छओटै उपन्यासका नारी पात्रहरूमा रहेको नीतिचेतनाबारे प्रस्ट पारिएको छ । प्रस्तुत समालोचनात्मक ग्रन्थमा थापाले सम्पूर्ण उपन्यासहरूमा वर्णित नारी पात्रहरूमा कुनै न कुनै रूपमा विभिन्न खालका नीतिचेतनाको प्रभाव रहेको देखाएकी छन् । थापाको उक्त अध्ययनमा कोइरालाका उपन्यासहरूमा चित्रण

गरिएका नारी पात्रहरूबाट अभिव्यक्त नीतिचेतनाको विस्तृत अध्ययन भएको पाइए तापनि लैङ्गिक सीमान्तीयताका कसीमा अध्ययन हुन सकेको देखिँदैन । यस अध्ययनमा कोइरालाका नारीपात्रमा नीतिचेतनाको व्यापक अध्ययन भएकाले यो पूर्वकार्य कृति विश्लेषणका लागि सहयोगी भएको छ ।

हरिप्रसाद शर्मा (२०७१) ले 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका सम्बन्धमा' शीर्षकको भूमिका खण्डमा कोइरालाको परिचय, उपन्यासयात्रा, प्रवृत्ति, योगदान साथै संक्षिप्तमा उपन्यासहरूको विश्लेषण समेत गरेका छन् । उक्त लेखमा शर्माले आधुनिक नेपाली उपन्यासको इतिहासमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाले पूर्वीय तथा पाश्चात्य साहित्यचिन्तनको अनुप्रेरणामा मानवनियति र अस्तित्वलाई जुन औपन्यासिक कला प्रदान गरेका छन् त्यसअन्तर्गतको वैचारिक नवीनता, शील्पगत पृथकता र कलागत सौन्दर्य उनका मूलभूत योगदान हुन् भन्ने मत उल्लेख गरेका छन् । शर्माको उल्लिखित लेखमा पनि कोइरालाका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताको अध्ययन हुन सकेको छैन । यस सामग्रीले कोइरालाको औपन्यासिकताका बारेमा थप विश्लेषण गर्न सहयोग पुगेको छ ।

अम्बिका अर्याल (२०७३ फागुन) ले 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारी-चेतना' नामक लेखमा नारीवादको पृष्ठभूमि, प्रवर्तन, मान्यता र प्रकारबारे चर्चा गर्दै कोइरालाका उपन्यासहरूको नारीवादी अध्ययन गरेकी छन् । प्रस्तुत लेखमा कोइरालाका उपन्यासहरूमा नारीले भोग्नुपरेका समस्या, पितृसत्ताविरुद्धको नारी सङ्घर्ष, समाजमा नारीलाई हेर्ने दृष्टिकोण तथा आफ्नो अस्मिताको खोजीमा नारीले चालेका अभियान आदिका बारेमा विश्लेषण गरिएको छ । त्यसैगरी कोइरालाका उपन्यासहरूमध्ये *तीनघुम्ती* उपन्यासमा अस्तित्ववादी प्रवृत्ति र अन्य पाँचओटा उपन्यासमा उदार नारीवादी प्रवृत्ति रहेको निष्कर्ष अर्यालले दिएकी छन् । अर्यालको उल्लिखित पूर्वकार्य कोइरालाका उपन्यासहरूको नारीवादी कोणबाट गरिएको अध्ययनमा मात्र केन्द्रित रहेको छ । यस पूर्वकार्यले कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयताको अवस्थाबारे अध्ययन गर्न सहयोग पुगेको छ ।

उर्मिला सापकोटा (२०७३) ले *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा उदारनारीवाद* शीर्षकको शोधप्रबन्धमा कोइरालाका उपन्यासमा नारी स्वतन्त्रता र समानताको चर्चा गर्दै नारी शोषण र उत्पीडनका विरुद्ध विद्रोह गरिएको तर्क गरेकी छन् । अध्ययनको निष्कर्ष प्रस्तुत गर्दै उनले कोइरालाका उपन्यासहरूमा पितृसत्तात्मक सामाजिक शासन व्यवस्थामा पुरुषको हैकम र नारीको विद्रोहात्मक चेतका बिचको सङ्घर्षको

परिणामलाई नारीकै जीवनको स्थितिका माध्यमबाट प्रस्तुत गरिएको छ भन्ने कुरा व्यक्त गरेकी छन् । सापकोटाको उल्लिखित अध्ययनमा पनि लैङ्गिक सीमान्तीयताको कोणबाट कोइरालाका उपन्यासको अध्ययन हुन सकेको छैन । यस अध्ययनमा कोइरालाका उपन्यासलाई नारीवादी कोणबाट देखाइएकाले लैङ्गिक सीमान्तीयताको अध्ययन गर्न सहयोग पुगेको छ ।

कुमारप्रसाद कोइराला (२०७३ फागुन) ले 'नवइतिहासवादका आलोकमा *नरेन्द्र दाइ* उपन्यास' शीर्षकको लेखमा *नरेन्द्र दाइ* उपन्यासको नवइतिहासवादी समालोचनाका आधारमा अध्ययन गरिएको छ । प्रस्तुत लेखमा कोइरालाले *नरेन्द्र दाइ* बीपीको अनुभूति वा चेतनाले मात्र नभएर तत्कालीन सामाजिक-सांस्कृतिक शक्तिको खेलले निर्मित कृति हो भन्ने निष्कर्ष दिएका छन् । कोइरालाको यस लेखमा *नरेन्द्र दाइ* उपन्यासको सामाजिक-सांस्कृतिक सन्दर्भको विशेष अध्ययन भएकोले यहाँ पनि सीमान्तीय अध्ययनको पाटो नरहेको प्रस्ट छ ।

कृष्ण गौतम (२०७३ फागुन) को 'बिपी र सबाल्टर्न/निम्सर डिस्कोर्स' शीर्षकको लेखमा कोइरालाका रचनाहरूमा सीमान्तकृत वर्गको खोजी गर्ने काम गरिएको छ । प्रस्तुत लेखमा  गौतमले समाजमा निमुखा दलितहरूको निम्ति जुन प्रयत्न आवश्यक छ त्यो हुन सकिरहेको छैन भन्ने सङ्केत हामी बीपीबाट पाउँछौ भन्दै *नरेन्द्र दाइ* उपन्यासमा गौरी, *तीनघुम्ती* मा इन्द्रमाया तथा *सुम्निमा* उपन्यासमा पुलोमा पितृसत्तामक समाजमा लैङ्गिक सीमान्तीयताको अवस्थामा रहेको कुरा व्यक्त गरेका छन् । गौतमको उल्लिखित लेखमा सीमान्तकृत पात्रहरूको संक्षिप्त चर्चा गरिए तापनि कोइरालाका उपन्यासको सीमान्तीयताका आधारमा विस्तृत अध्ययन हुन सकेको छैन । कोइरालाका रचनाहरूमा सीमान्त पात्रहरूको उपस्थिति छ भन्ने कुरा देखाइएकोले यस पूर्वकार्यले उनका उपन्यासहरूलाई लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन गर्न सहयोग पुगेको छ ।

कृष्णचन्द्रसिंह प्रधान (२०७३ फागुन) ले 'कोइरालाको औपन्यासिक मनोयोग' शीर्षकको लेखमा कोइरालाका प्रत्येक उपन्यास एक अर्कोबाट पृथक् छन् भन्दै सम्पूर्ण उपन्यासको संक्षिप्त चर्चा गरेका छन् । प्रधानले यस लेखमा कोइरालाले असमान वर्ग विशेषलाई प्रतिनिधित्व गराएर तिनीहरूको जीवन वृत्तान्तमा अभिलिखित भिन्नताअनुसार *तीनघुम्ती* मा शहर, *नरेन्द्र दाइ* मा गाउँ र *सुम्निमा* मा वन-जङ्गलको प्रयोग भएको कुरा उल्लेख गरेका छन् । प्रधानको यस लेखमा पनि लैङ्गिक सीमान्तीयताका कोणबाट कोइरालाका उपन्यासलाई चिनाउने कार्य भएको छैन । यस लेखले कोइरालाका उपन्यासहरूमा रहेको विविधताको अध्ययन गर्न सहयोग पुगेको छ ।

गीता त्रिपाठी (२०७३ फागुन) ले 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा यौनमनोविश्लेषण' शीर्षकको लेखमा कोइरालाका *तीनघुम्ती, नरेन्द्र दाइ, सुम्निमा* तथा *बाबु, आमा र छोरा* जस्ता चार उपन्यासमा रहेको यौनमनोविश्लेषणको विश्लेषण गरेकी छन् । त्रिपाठीले उक्त लेखमा यौन र अस्तित्वको, प्रेम र प्राप्तिको भोकमा भौँतारिएका चरित्रहरूको मनोदशा नै कोइरालाका उपन्यासको मुख्य मनोविश्लेष्य पक्ष रहेको निष्कर्ष दिएकी छन् । त्रिपाठीको उल्लिखित लेखमा पनि कोइरालाका उपन्यासलाई मनोविश्लेषणका कोणबाट अध्ययन गरिएकाले लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन नहुनु स्वभाविक छ । यो समीक्षात्मक लेखले कृतिविश्लेषणमा सहयोग पुगेको छ ।

चुरा बहादुर जी. सी. (२०७३) ले 'सुम्निमा उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध' शीर्षकको शोधप्रबन्धमा *सुम्निमा* उपन्यासभित्र रहेको प्रतिनिधित्व र पहिचानको अवस्थाको विश्लेषण गर्दै सूर्यदत्त, सोमदत्त तथा राजकुमारजस्ता पात्रहरूलाई प्रभुत्वशाली र बिजुवा, सुम्निमा जस्ता पात्रहरूलाई सीमान्तकृत वर्गका रूपमा चिनाएका छन् । यस अध्ययनमा जी.सी.ले *सुम्निमा* उपन्यासमा भिल्ल र किराँतहरू तथा महिला वर्गलाई अधिकारबिहीन र पहिचानबिहीन बनाइएको तर्क प्रस्तुत गरेका छन् । त्यसैगरी सीमान्तकृत वर्गले आफ्नो पहिचानका लागि प्रतिकार गरेको कुरासमेत उल्लेख गरेका छन् । जी.सी.को यस अध्ययनमा पनि कोइरालाका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन हुन सकेको छैन । *सुम्निमा* उपन्यासमा प्रभुत्वशाली र किनारीकृत वर्गका पात्रहरूको संयोजन गरिएको कुरा उल्लेख भएकाले यस अध्ययनले *सुम्निमा* उपन्यासलाई लैङ्गिक सीमान्तीयताका कसीमा अध्ययन गर्न सकिने आधार प्रस्तुत गरेको छ ।

उर्मिला शर्मा (२०७५) ले आख्यानकार *विश्वेश्वरप्रसाद कोइराला वात्स्यायन र फ्रायड* नामक समालोचनात्मक ग्रन्थमा कोइरालाको उपन्यास रचनाको चरण विभाजन र विषयगत वर्गीकरण गर्दै कोइरालाका उपन्यासका पात्रहरू अत्यन्त बौद्धिक, यथार्थवादी, सङ्घर्षशील र मानवीय विचारबाट प्रभावित देखिन्छन्, कोइराला विशेष गरी नारी चरित्रका पक्षपाती आख्यानकार हुन् भन्ने विचार व्यक्त गरेकी छन् । शर्माको यस अध्ययनले कोइरालाका उपन्यासहरूमा सङ्घर्षशील नारी पात्रहरूको प्रयोग भएको सङ्केत गरे पनि विस्तृत रूपमा उनका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका कसीमा अध्ययन हुन सकेको छैन । यस अध्ययनबाट कोइरालाका उपन्यासहरूको विश्लेषणका लागि आधार प्राप्त भएको छ ।

बद्रीप्रसाद ढकाल (२०७५) ले 'विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथक' शीर्षकको शोधप्रबन्धमा कोइरालाका उपन्यासहरूको मिथकीय दृष्टिबाट अध्ययन विश्लेषण गर्दै कोइरालाका उपन्यासहरूमा मिथकीय घटना र विषयवस्तुको प्रयोग पाइन्छ भन्ने निष्कर्ष प्रस्तुत गरेका छन् । ढकालको यस अध्ययनमा पनि लैङ्गिक सीमान्तीयताका कोणबाट कोइरालाका उपन्यासको अध्ययन हुन सकेको छैन । यस अध्ययनमा कोइरालाका उपन्यासहरूको विषयवस्तुको विस्तृत चर्चा गरिएकाले लैङ्गिक सीमान्तीयताको अध्ययनमा सामग्रीको विश्लेषण र मूल्याङ्कनका लागि सहयोग प्राप्त भएको छ ।

बद्रीप्रसाद ढकाल (२०७७) ले 'नरेन्द्र दाइ उपन्यासमा यौनमनोविज्ञान' शीर्षकको लेखमा उपन्यासले शारीरिक प्रेम, शरीरसुख, यौन सन्तुष्टि र कामवासनाद्वारा संचालित मानव मन र मस्तिष्कको परिचालन गरेको छ भन्दै *नरेन्द्र दाइ* उपन्यासलाई यौनमनोविज्ञानमा आधारित उपन्यासका रूपमा चिनाएका छन् । ढकालको यस लेखमा पनि लैङ्गिक सीमान्तीयताको कोणबाट कोइरालाका उपन्यासहरूको अध्ययन हुन सकेको छैन । यौनमनिवैज्ञानिक उपन्यासका रूपमा चिनाउने क्रममा *नरेन्द्र दाइ* उपन्यासको विस्तृत कथानक प्रस्तुत गरिएकोले यो लेख कृति विश्लेषणमा सहयोगी भएको छ ।

उपर्युक्त पूर्वकार्यहरूलाई हेर्दा कुनैमा उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाको सामान्य व्यक्तिगत विवरण मात्र प्रस्तुत गरिएको छ भने कुनै पूर्वकार्यमा कृतिविशेषको विभिन्न कोणबाट अध्ययन विश्लेषण गरिएको छ । केही अध्येताहरूले कोइरालाका उपन्यासहरूलाई विभिन्न कोणबाट विस्तृत अध्ययन प्रस्तुत गरेका छन् भने केही पूर्वकार्य निश्चित कृति र दृष्टिकोणमा केन्द्रित रहेका देखिन्छन् । भूपति ढकालले कोइरालाका उपन्यासमा रहेको विचार पक्षको चर्चा गरेका छन् भने धेरैजसो समीक्षकहरू नारीवादी र यौनमनोविश्लेषणको अध्ययनमा केन्द्रित भएको देखिन्छ । यी विभिन्न पूर्वकार्यहरूलाई हेर्दा कोइरालाका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन गरिएको पाइँदैन । कृष्ण गौतमले संक्षिप्तमा कोइरालाका उपन्यासहरूमा सीमान्तकृत वर्गका पात्रहरूको चित्रण गरिएको कुरा सङ्केत गरे तापनि अन्य अध्येता तथा समालोचकहरूले लैङ्गिक सीमान्तीयताका कोणबाट कोइरालाका उपन्यासहरूको अध्ययन गरेको पाइँदैन । समग्रमा प्रस्तुत अध्ययनसँग सम्बद्ध पूर्वकार्यअन्तर्गत कुनै पनि सामग्रीमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा रहेको लैङ्गिक सीमान्तीयताको समग्र अध्ययन, विश्लेषण र मूल्याङ्कन नगरिएको परिप्रेक्ष्यमा यस शोधकार्यमा कोइरालाका उपन्यासमा भेटिने लैङ्गिक सीमान्तीयाताबारे विस्तृत र सुव्यवस्थित रूपमा अध्ययन गरी उक्त अभाव पूर्ति गर्ने प्रयास

गरिएको छ । प्रस्तुत शोधकार्यले विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन हुनुपर्ने आवश्यकता परिपूर्ति भई सम्बद्ध प्राज्ञिक क्षेत्र लाभान्वित हुने देखिएकाले यो शीर्षकको शोधकार्य गरिएको हो ।

## १.५ शोधको औचित्य

विश्वेश्वरप्रसाद कोइरालाले नेपाली साहित्यमा विभिन्न विधाका उल्लेख्य कृतिहरूमार्फत महत्त्वपूर्ण योगदान दिएका छन् । कोइरालाद्वारा लिखित विभिन्न कृतिहरूको विभिन्न कोणबाट थुप्रै अध्ययन अनुसन्धान भए तापनि उनीद्वारा लिखित उपन्यासहरूको लैङ्गिक सीमान्तीयताको कोणबाट अध्ययन हुन सकेको छैन । साहित्यिक अध्ययनका फाँटमा पछिल्लो समय अत्यन्त रुचाइएको सिद्धान्त सीमान्तीयताका कोणबाट कोइरालाद्वारा लिखित उपन्यासहरूको विश्लेषण गरिएको हुनाले प्रस्तुत शोधकार्यको प्राज्ञिक अनुसन्धानात्मक औचित्य छ । सीमान्तीयतासम्बन्धी अवधारणाको उपयोग गरी कोइरालाका उपन्यासहरूको  समष्टिगत अध्ययन विश्लेषण गरिएको हुनाले यसका बारेमा जिज्ञासा राख्ने जो कोही व्यक्ति तथा संघसंस्था यसबाट लाभान्वित भएका छन् । यस शोधकार्यबाट नेपाली साहित्यमा भविष्यमा सीमान्तीयताका कोणबाट आख्यान विधाको  अध्ययन गर्नेका निम्ति सामग्री हुने र नेपाली साहित्यको अनुसन्धान परम्परालाई समेत योगदान मिलेको छ । त्यसैले प्रस्तुत शोधकार्य प्राज्ञिक, अध्ययन अध्यापन तथा साहित्यिक समालोचनाका क्षेत्रमा समेत औचित्यपूर्ण सिद्ध भएको छ ।

## १.६ अध्ययनको सीमाङ्कन

विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूको विभिन्न कोणबाट अध्ययन विश्लेषण गर्न सकिन्छ । यस अध्ययन कार्यमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको विश्लेषणका निम्ति आवश्यक सांस्कृतिक अध्ययनको सैद्धान्तिक मान्यताका आधारमा मात्र विश्लेषण गरिएको छ । सांस्कृतिक अध्ययन एक बहुविषयात्मक अध्ययन पद्धति हो । यसको क्षेत्र बृहत् भएको हुनाले यसका पनि सम्पूर्ण पक्षहरूको अध्ययन नगरी उपन्यासमा चित्रित लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व, नारी तथा पुरुष पात्रहरूको प्रतिनिधित्व तथा पितृसत्ताले महिलाका पहिचान र अस्तित्वमाथि पारेको प्रभावलाई मात्र मूल आधार बनाई अध्ययन विश्लेषण गरिएको छ । विश्वेश्वरप्रसाद कोइरालाका क्रमशः *तीनघुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) अनि

*बाबु आमा र छोरा* (२०४५) गरी छओटा उपन्यासहरू रहेका छन् । यी छ उपन्यासहरूमध्ये *तीन घुम्ती* उपन्यासमा मुख्य नारीपात्र इन्द्रमाया आफैँ सक्षम रहेर विभिन्न निर्णयहरू लिएको देखिएकाले यो उपन्यासलाई सीमान्तीयताका कोणबाट अध्ययन विश्लेषण गरिएको छैन । त्यसै गरी *हिटलर र यहुदी* उपन्यासमा आएकी नारी पात्र रेवा सबै कोणबाट सक्षम रहेकी छ । यसमा मूल रूपमा कुनै पनि सीमान्त पात्रको प्रतिनिधित्व देखिदैन । अतः यस शोधकार्यमा विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ, सुम्निमा, मोदिआइन* तथा *बाबु, आमा र छोरा* गरी चारओटा उपन्यासहरूको लैङ्गिक सीमान्तीयताका कोणबाट अध्ययन विश्लेषण गरिएको छ । यही नै यस शोधकार्यको सीमा हो ।

## १.७ शोधविधि र सैद्धान्तिक ढाँचा

प्रस्तुत *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको शोधकार्यका लागि प्रयोग गरिएका विधिलाई दुई शीर्षकअन्तर्गत विभाजन गरी प्रस्तुत गर्न सकिन्छ ।

### १.७.१ सामग्री सङ्कलन विधि

प्रस्तुत शोधकार्यका समस्यासँग सम्बन्धित सामग्रीहरूको सङ्कलनका लागि मूलतः पुस्तकालयीय अध्ययन कार्यको उपयोग गरिएको छ । स्रोतका दृष्टिले यस्ता सामग्रीहरू प्राथमिक र द्वितीयक गरी दुई किसिमका छन् । प्राथमिक स्रोतका सामग्रीका रूपमा विश्वेश्वरप्रसाद कोइरालाबाट रचना गरिएका *तीनघुम्ती* (२०२५), *नरेन्द्र दाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६), *हिटलर र यहुदी* (२०४०) अनि *बाबु आमा र छोरा* (२०४५) जस्ता छओटा उपन्यासकृतिहरू रहेका छन् । उपर्युक्त उपन्यासहरूको पठनबाट लैङ्गिक सीमान्तीयतासम्बन्धी मान्यताअनुरूप निगमनात्मक विधिद्वारा विश्लेषणका लागि आवश्यक तथ्यहरू सङ्कलन गरिएको छ । त्यसै गरी द्वितीयक स्रोतका सामग्रीका रूपमा सीमान्तीयताको सिद्धान्तसँग सम्बन्धित सामग्रीहरू, समालोचनात्मक ग्रन्थ, अनुसन्धानात्मक लेख, शोधप्रबन्ध, विभिन्न पत्रपत्रिकाका लेख तथा वेभसाइटमा उपलब्ध सामग्रीहरूसमेतको सङ्कलन गरिएको छ ।

### १.७.२ सैद्धान्तिक ढाँचा र सामग्री विश्लेषण विधि

प्रस्तुत शोधकार्य सम्पन्न गर्नका लागि समस्याकथनमा उठाइएका प्रश्नहरूको प्राज्ञिक समाधान गर्नका लागि उपन्यासहरूमा चित्रित सांस्कृतिक पक्षलाई मुख्य आधार

बनाइएको हुनाले उपन्यासको विश्लेषण गर्ने प्रमुख आधार सांस्कृतिक अध्ययनको सिद्धान्त नै रहेको छ । सङ्कलित सामग्रीहरूको विश्लेषण सांस्कृतिक अध्ययनको सिद्धान्तकै एउटा पक्ष लैङ्गिक सीमान्तीयताका आधारमा गरी सीमान्तहरूको प्रतिनिधित्व, पितृसत्ताले महिलाको पहिचानमा पारेको प्रभावजस्ता कुराहरूको खोजी गरी गरिएको छ । यसका लागि आवश्यक पर्ने सैद्धान्तिक पर्याधारका रूपमा सांस्कृतिक अध्ययनभित्र पर्ने सीमान्तीयतासम्बन्धी अवधारणालाई लिइएको छ । उत्तरवर्ती समालोचनामा देखिएका नवीन प्रवृत्तिहरूमध्ये सीमान्तीय अध्ययन एक महत्त्वपूर्ण अध्ययन हो । सीमान्तीयता शब्दको अङ्ग्रेजी रूपान्तरण 'सबाल्टर्न' हो । अङ्ग्रेजी 'सबाल्टर्न' शब्दले सामाजिक, आर्थिक, सांस्कृतिक, राजनीतिक भौगोलिक, लैङ्गिक, पेसाजस्ता हरेक हिसाबले किनारामा पारिएका वर्ग वा समूहलाई जनाउँछ (२०६८, पृ. १३) । सीमान्तीयता शब्दको अर्थ दबिएको, दबाइएको वा मूलधारबाट पाखा पारिएको भन्ने हुन्छ । समाजको मूलधारमा स्थापित नभएका मानिसहरूको समुदाय नै सबाल्टर्न हो । सीमान्तीयता पदावलीले निर्धा, निमुखा, दबिएका, हेपिएका र ओझेलमा परेकालाई बुझाउँछ । पारिभाषिक रूपमा सामाजिक, आर्थिक र राजनैतिक दृष्टिबाट तल्ला दर्जाको अधीनस्थ समूह, समुदाय वा व्यक्तिलाई अवरजन अर्थात् सबाल्टर्न भनिन्छ (शर्मा, २०७०, पृ. ३१५) । यसरी राज्यको मूलधारभन्दा बाहिर रहेका वर्ग, समूह, व्यक्तिका दिनचर्यालाई विषय बनाएर लेखिएका साहित्य सीमान्तीय हुन् र त्यस्ता साहित्यमा सीमान्तीयताको खोजी गर्ने कार्य सीमान्तीय अध्ययनमा गरिन्छ ।

भारतीय इतिहासलाई फरक दृष्टिकोणबाट व्याख्या गर्ने सन्दर्भमा सीमान्तीयता अध्ययनको विकास भएको हो । इतिहास निर्माणमा महत्त्वपूर्ण भूमिका भएका तर इतिहासमा बहिष्कृत सीमान्तकृतहरूलाई केन्द्रमा राखेर इतिहास लेखिनुपर्छ भन्ने नयाँ सोच र मान्यताका साथ सबाल्टर्न अध्ययन समूहको स्थापना भयो । मार्क्सवादी ग्राम्सीले इटालीको विशिष्ट अवस्थामा किसान सबाल्टर्नहरूलाई उत्पीडित वर्गका रूपमा प्रस्तुत गरेर उनीहरूको मुक्तिको अवधारणा अघि सारेका थिए (बराल, २०७७, पृ. २०७) । नेपाली साहित्यमा पनि यस विषयको खोजी आवश्यक देखिन्छ । रञ्जित गुहाले सीमान्तीयता मार्क्सले भनेझैँ आर्थिक पक्षसँग मात्र सम्बन्धित नभई जात, लिङ्ग र संस्कृतिका कारण आउँछ भन्ने भिन्न र परिवर्तित धारणा राखे । सीमान्तीयतालाई देश, काल, परिस्थिति र बहुलतावादी कोणबाट बुझ्नुपर्ने धारणा गुहाको छ । गायत्री चक्रवर्ती स्पिभाकले 'क्यान सबाल्टर्न स्पिक ?' भन्ने लेखका माध्यमबाट सीमान्तीयता अध्ययनमा साहित्यलाई प्रवेश गराउने काम गरिन् । स्पिभाकका अनुसार सीमान्तकृतहरू बोल्न सक्दैनन् ।

आवाजविहीनहरू नै वास्तवमा सीमान्तकृत हुन् । बोलिहाले पनि उनीहरूको आवाजलाई सुनिदैन र दबाउने काम गरिन्छ । स्पिभाकका दृष्टिमा नारीहरू नै वास्तविक सीमान्तकृत हुन् । पितृसत्तात्मक समाजमा सबै पक्षबाट उपेक्षित र पाखा पारिएका भनेको महिलाहरू नै हुन् । स्पिभाक सबाल्टर्नलाई लैङ्गिकताका आधारमा हेर्नुपर्ने मान्यता राख्छिन् । उनका विचारमा सीमान्तकृतहरू बोल्न सक्दैनन् जब बोल्न थाल्छन् उनीहरू सीमान्तकृतहरू रहँदैनन् ।

सीमान्तकृत कुनै राज्य, समाज, जाति, लिङ्ग, समूहलगायत विविध देश, काल र परिस्थितिमा भिन्न भिन्न रूपमा पाउन सकिन्छ । सीमान्तीय अध्ययनले भूगोल, धर्म, जाति, लिङ्ग, वर्ग आदिका आधारमा सीमान्तकृत समुदायको प्रतिनिधित्व कसरी भएको छ ? भन्ने आधारमा साहित्यिक कृतिको विश्लेषण गर्दछ । यस अर्थमा सबाल्टर्नले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेसा, क्षेत्र आदि हरेक हिसाबले दमित, शोषित, उत्पीडित वर्गलाई मात्र जनाउँदैन, अधीनस्थताका आधारमा आम समाज, जनता वा कुनै राष्ट्र समेत शक्तिशाली अर्को पक्षबाट सबाल्टर्नीय अवस्थामा बाँच्न बाध्य पारिएको अवस्थालाई पनि जनाउँछ (श्रेष्ठ, २०६८, पृ. १४) । यसरी हरेक दृष्टिबाट समाजको मूलधारबाट पाखा पारिएका वर्गको अध्ययनमा सीमान्तीय अध्ययन केन्द्रित रहँदै अगाडि बढेको पाइन्छ ।

प्रस्तुत *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको शोधकार्य पूरा गर्नका निम्ति साहित्य समीक्षाका क्षेत्रमा उत्तर औपनिवेशिक कालमा प्रचलित सीमान्तीयतासम्बन्धी उल्लिखित अवधारणालाई आधार बनाइएको छ । साहित्यिक कृतिमा सीमान्तकृत वर्गको सजीव चित्रण गरिएको हुन्छ भन्ने मान्यताका आधारमा कोइरालाका उपन्यासहरूमा चित्रित पात्रहरूका लैङ्गिक अवस्थाको विश्लेषण गरिएको छ । यसक्रममा आवश्यकताअनुसार वर्णनात्मक, व्याख्यात्मक तथा विश्लेषणात्मक विधिको उपयोग गरिएको छ । त्यसैगरी विश्लेष्य सामग्रीको अर्थापनका लागि कृतिविश्लेषणका पद्धतिको अवलम्बन गरिएको छ । प्रस्तुत शोधमा सामग्री विश्लेषणको सैद्धान्तिक ढाँचा शोध समस्याअनुसार यसप्रकार रहेको छ :

१. शोधप्रश्न (क) मा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा सीमान्त समुदायको लैङ्गिक प्रतिनिधित्वको अवस्था केकस्तो रहेको छ भन्ने प्रश्नसँग सम्बन्धित सामग्री विश्लेषण गर्ने क्रममा नमुना छनोटद्वारा चयन गरिएका कोइरालाका चारओटा उपन्यासमा निहित पात्रहरूको प्रतिनिधित्वको सीमान्तीय सिद्धान्तका आधारमा विश्लेषण गर्न निम्नलिखत बुँदाहरूलाई आधार बनाइएको छ :

(अ) पुरुष पात्रको प्रतिनिधित्व

(आ) नारी पात्रको प्रतिनिधित्व

(ङ) लैङ्गिक सीमान्तकृतहरूको प्रतिनिधित्व

२. शोधप्रश्न (ख) मा उल्लिखित विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पितृसत्ताले महिलाको पहिचानमा केकस्तो प्रभाव पारेको छ भन्ने प्रश्नसँग सम्बन्धित सामग्री विश्लेषण गर्ने क्रममा नमुना छनोटद्वारा चयन गरिएका कोइरालाका चारओटा उपन्यासमा निहित लैङ्गिक पहिचानको विश्लेषण गर्न सीमान्तीय सिद्धान्तका केन्द्रीयतामा निम्नलिखित बुँदाहरूलाई आधार बनाइएको छः

(अ) पुरुष पात्रको लैङ्गिक पहिचान

(आ) नारी पात्रको लैङ्गिक पहिचान

## १.८ शोधप्रबन्धको रूपरेखा

प्रस्तुत शोधकार्यलाई सुसङ्ठित र व्यवस्थित रूपमा प्रस्तुत गर्नका लागि शोधप्रतिवेदनको मूल भागलाई ४ ओटा परिच्छेदमा विभाजन गरिएको छ र ती परिच्छेदहरूलाई आवश्यकताअनुसार विभिन्न शीर्षक तथा उपशीर्षकहरूमा बाँडिएको छ । प्रस्तुत शोधलाई निम्नलिखित परिच्छेदहरूमा सङ्गठित गरिएको छ :

| | | |
|---|---|---|
| पहिलो परिच्छेद | : | शोधपरिचय |
| दोस्रो परिच्छेद | : | विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व |
| तेस्रो परिच्छेद | : | विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पितृसत्ताले महिलाको पहिचानमा पारेको प्रभाव |
| चौथो परिच्छेद | : | सारांश तथा निष्कर्ष |
| | | सन्दर्भसामग्री सूची |

# दोस्रो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व

## २.३ विषयपरिचय

प्रस्तुत परिच्छेद विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक प्रतिनिधित्वको अध्ययनसँग सम्बन्धित छ । कोइरालाका उपन्यासमा चित्रित लैङ्गिक प्रतिनिधित्वको अवस्था निरुपण गर्नु प्रस्तुत परिच्छेदको मुख्य विषय हो । यस विषयको अध्ययनका क्रममा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा केकस्ता नारी पात्रहरूको प्रतिनिधित्व छ, केकस्ता पुरुष पात्रहरूको प्रतिनिधित्व छ तथा लैङ्गिक रूपमा केकस्ता सीमान्तकृत पात्रहरूको प्रतिनिधित्व गराइएको छ भन्ने कुराको विश्लेषण गरिएको छ । त्यसैगरी सम्बद्ध उपन्यासहरूमा लैङ्गिक दृष्टिले सीमान्तकृतहरूको प्रतिनिधित्वको अवस्था केकस्तो रहेको छ भन्ने कुराको अध्ययन यस परिच्छेदमा प्रस्तुत गरिएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा नेपाली समाजमा पितृसत्ताले किनारीकृत पारिएका नारी पात्रहरूको उपस्थित गराइएको छ । यस उपन्यासको प्रमुख पुरुष पात्र नरेन्द्र पितृसत्तात्मक समाजको प्रतिनिधि हो । त्यसैगरी गौरी, मुनरियाजस्ता पितृसत्ताले दमित बनाएका नारी पात्रहरू रहेका छन् । पुरुष प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व प्रमुख पुरुष पात्र नरेन्द्र दाइले गरेको छ । त्यस्तै *सुम्निमा* उपन्यासमा सोमदत्त, सूर्यदत्त, बिजुवा, भिल्ला आदिले पितृसत्ताको प्रतिनिधित्व गरेका छन् भने पुलोमा र सुम्निमाले नारी पात्रको प्रतिनिधित्व गरेका छन् । *मोदिआइन* उपन्यासमा पाण्डवहरू, कौरव, सेना, मोदि आदि पितृसत्तात्मक समाजका प्रतिनिधि हुन् भने मोदिआइन, मछुवारिन, नारी र द्रौपदीजस्ता नारी पात्रहरू दमित बनेका छन् । त्यस्तै *बाबु, आमा र छोरा* उपन्यासमा बाबु पात्र र छोरा शिवप्रसाद पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने पात्र हुन् भने जेठी श्रीमती र उमाले दमित नारी पात्रको प्रतिनिधित्व गरेका छन् । प्रस्तुत सन्दर्भमा यिनै उपन्यासहरूको लैङ्गिक प्रतिनिधित्वका कोणबाट अध्ययन विश्लेषण गरिएको छ ।

## २.२ सीमान्तकृतहरूको प्रतिनिधित्वको सैद्धान्तिक अवधारणा

सांस्कृतिक अध्ययनअन्तर्गत सीमान्तीयता अध्ययनका क्रममा प्रतिनिधित्वको खोजी तथा विश्लेषण गर्नु एक महत्त्वपूर्ण कार्य हो । सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने एउटा नवीन सैद्धान्तिक अवधारणा सीमान्तीयता अङ्ग्रेजी 'सबाल्टर्न' शब्दको नेपाली रूप हो । इटालेली भाषामा यसलाई 'सबाल्टर्नो' भनिन्छ । पश्चिमी चिन्तनमा यसको प्रयोग सोह्रौँ शताब्दीतिरबाटै भए पनि यसको विशिष्ट प्रयोग इटालियन चिन्तक अन्तोनियो ग्राम्चीले गरेका हुन् । हाल इतिहासलगायत साहित्यिक तथा सांस्कृतिक अध्ययनसँग सम्बन्धित सबाल्टर्न पदावली इटालेली भाषाको र ग्राम्चीको जेलजीवनको कृति *प्रिजन नोटबुक* (सन् १९७३) मा प्रयोग गरेका छन् । उनको मृत्युपश्चात् प्रकाशित यो पुस्तक सबाल्टर्न अध्ययनका लागि सबैभन्दा महत्त्वपूर्ण कृतिका रूपमा रहेको छ । जेलमा छँदा ग्राम्चीले जेलको कठोर सेन्सरसिपबाट जोगिन साङ्केतिक पदावलीको प्रयोग गर्दै निम्न, उत्पीडित र निमुखावर्गको चर्चाको सन्दर्भमा सबाल्टर्न पदावलीको प्रयोग गरेका हुन् (बराल, २०७३, पृ. १७२) । सीमान्तीय अध्ययन वर्गीय, जातीय, लैङ्गिक आदि रूपमा पिछडिएका वर्ग तथा समुदायको अध्ययन हो । यसभित्र प्रभुत्वशाली सत्ता समुदायका अधीनस्थ वर्ग सामाजिक सहभागिता र प्राप्तिका प्रक्रियामा उत्पीडन र किनारीकृत अवस्थामा रहेको हुन्छ ।

यसरी सीमान्त वर्ग तथा समुदाय सामाजिक रूपमा केकसरी यस्तो उत्पीडन र किनारामा पारिएको हुन्छ र त्यसको प्रक्रिया के हो ? त्यसका विरुद्धमा त्यस्तो वर्ग तथा समुदायले शक्ति सङ्घर्षको केकस्तो प्रक्रिया आत्मसात् गरी प्रतिरोधको अवस्थामा उत्रिएको हुन्छ भन्ने कुराको अध्ययन नै सीमान्तीय अध्ययन हो । यसअन्तर्गत वर्गीय अध्ययनका सन्दर्भमा अन्तोनियो ग्राम्चीले भनेका छन् :

> वर्ग एउटा समाज मात्र होइन तर बौद्धिक र दमितहरूको ठूलो समूहका बिचको सामाजिक मुद्दा हो, जहाँ दमित वर्ग प्रभुत्वशालीहरूको अधीनस्थ जीवन बाँचिरहेको हुन्छ र यसका लागि बौद्धिकहरूले उनीहरूको उत्थान तथा सामाजिक न्याय र समान सहभागिताका लागि प्रतिनिधित्व गरिदिएका हुन्छन् । (पृ. १७)

ग्राम्चीको उक्त सन्दर्भलाई हेर्दा वर्ग प्रभुत्वशालीहरूको अधीनस्थ र उत्पीडित समुदाय हो । त्यसै गरी वर्ग सामाजिक प्रतिनिधित्व र पहिचानविहीन समुदाय पनि हो । यस सन्दर्भमा सामाजिक सहभागिता र न्यायका विषयमा उनीहरू आफैँ बोल्न र प्रतिरोध गर्न

सक्दैनन् । यसका लागि जैविक बुद्धिजीवी वर्गले उनीहरूको आवाजको प्रतिनिधित्व गरिदिनु पर्दछ । यसका साथै प्रभुत्वशाली वर्गका अधीनस्थ सीमान्त समुदाय आफूमाथिको उत्पीडन र अन्यायलाई स्वीकार गर्न बाध्य हुन्छ र त्यसरी स्वीकार गर्न उनीहरूलाई बाध्यसमेत पारिएको हुन्छ । यस्तो बाध्यात्मक अवस्थालाई पछि उनीहरू स्वाभाविकजस्तै ठानी त्यसलाई सहजै स्वीकार गर्ने अवस्थामा समेत पुगेका हुन्छन् । यसलाई त्यस समाजका बौद्धिकहरूले भने बुझेका हुन्छन् र उनीहरूले त्यस किसिमको सामाजिक अन्याय र उत्पीडनको अवस्थालाई परिवर्तन गर्ने दृष्टिले उत्पीडित वर्गलाई चेतनशील बनाउने काम गर्दछन् । यसरी जैविक बुद्धिजीवीहरूको प्रतिनिधित्वका माध्यमबाट खास उत्पीडित वर्गमा एक किसिमको चेतना जागृत हुन्छ र प्रभुत्वशाली वर्गले गरेको अन्यायप्रति प्रतिरोधका माध्यमबाट सामाजिक न्याय स्थापनाका लागि शक्तिसङ्घर्ष गर्दछन् भन्ने कुरा प्रस्ट हुन्छ ।

रञ्जित गुहा र गायत्री चक्रवर्ती स्पिभाकको सक्रियता र सम्पादनमा सन् १९८७ मा *सेलेक्टेड सबाल्टर्न स्टडिजको* प्रकाशन गरियो जसको सम्पादकीय टिप्पणी स्पिभाकले लेखेकी छिन् भने प्रस्तावना एडवर्ड सइदले लेखेका हुन् । सबाल्टर्नका सम्बन्धमा गायत्री चक्रवर्ती स्पिभाकको चिन्तन र योगदान उल्लेखनीय मानिन्छ । सबाल्र्टन आफैँ बोल्न नसक्ने र विशेषतः सबाल्टर्नलाई आर्थिक पक्षसित भन्दा पनि लैङ्गिकतासँग जोड्दै सबाल्टर्न भनेकै खासमा महिलाहरू हुन् (चक्रवर्ती, सन् २०१०, पृ. ७७) भन्ने मान्यता उनको छ । त्यसै क्रममा उनले कसरी कानुन र विधिले महिलालाई सीमान्तीय बनाएको छ भन्ने कुरा देखाएकी छन् । उनका दृष्टिमा भारतको हिन्दु कानुनले बनाएको आख्यानको स्वरूप र कोडीकरणकै कारण भारतीय शिक्षा प्रणाली लगायतका पक्षहरू महिलाविरोधी रही उनीहरूलाई सीमान्तीय बनाएको कुरा उल्लेख गरेकी छन् (चक्रवर्ती, सन् २०१०, पृ. ७७) । उनका दृष्टिमा ग्राम्चीको मान्यतालाई भारतीय सन्दर्भमा हेर्दा यो औपनिवेशिक देखिन्छ र यसले महिलालाई मात्र नभएर आदिवासी समूहलाई पनि दमनको सिकार बनाएको छ ( चक्रवर्ती, सन् २०१०, पृ. ८३) । यसरी स्पिभाकले भारतीय सन्दर्भमा आधारित हुँदै सीमान्तीय वर्गको विश्लेषण मात्र गरेकी छैनन् तिनीहरू आवाजविहीन अवस्थामा समेत रहेका छन् भन्ने मान्यता प्रस्तुत गरेकी छन् ।

सीमान्तीयताको अध्ययन दक्षिण एसियाको इतिहासमा गैह्र-विशिष्ट वर्गको भूमिकाको खोजी गर्ने दक्षिण-एसियाली इतिहासकारहरूको समूहको माध्यमबाट यो उत्तरऔपनिवेशिक अध्ययनमा प्रवेश गरेको हो । समाजको माथिल्लो वर्ग वा विशिष्ट वर्गको

सट्टा समाजको तल्लो तह वा जगमा रहेका जनसमुदायलाई केन्द्रित गरेर इतिहासको अवलोकन गर्नु यसको आधारभूत दृष्टि हो (चापागाइँ, २०७३, पृ. ६१) । अष्ट्रेलियामा बसोबास गर्दै आएका भारतीय मूलका इतिहासकार रञ्जित गुहाको नेतृत्वमा सीमान्तीयता अध्ययन समूहको स्थापना भएको हो ।

'सीमान्त' शब्दले सत्ताको प्रभुत्वभन्दा बाहिर, प्रभुत्वमुनि थिचिएको, सर्वहारा र हरेक हिसाबले तल्लो दर्जाका वर्ग वा समुदायलाई जनाउँछ । ग्राम्चीका परिभाषामा सीमान्त समुदाय भनेको गैह्रशासकीय, अहैकमवादी समुदाय हो जो सधैँ अधीनस्थ र पराधीन हुन्छ र सत्ताले उनीहरूलाई आफ्नो हितमा प्रयोग पनि गर्छ भनिएको छ । यस अर्थमा सीमान्तले जातजाति, वर्ग, धर्म, संस्कृति, लिङ्ग, पेशा, क्षेत्र, भूगोल आदि हरेक दृष्टिले शोषित, दमित, उत्पीडित वर्गलाई मात्र जनाउँदैन, अधीनस्थताका आधारमा जनता, आमसमाज, र अन्तर्राष्ट्रिय सन्दर्भमा सिङ्गो देश पनि सीमान्त बन्न सक्छ (श्रेष्ठ, २०६८, पृ. १४) । यसरी जतिसुकै योगदान भए पनि सीमान्तको आफ्नो इतिहास हुँदैन । सम्भ्रान्त वर्गले सीमान्तको इतिहास निर्माण गर्न पनि दिँदैनन् । त्यसैले इतिहासविहीन सीमान्तहरूको उत्थानको लागि सीमान्तीय अध्ययनको थालनी गरेको दावी सीमान्तवादीहरूको रहेको छ ।

साहित्य र इतिहासमा घनिष्ट सम्बन्ध हुने हुँदा सीमान्तीयताको प्रयोग साहित्यको सन्दर्भमा पनि उत्तिकै प्रभावकारी हुन्छ । साहित्यमा सीमान्तीय प्रयोग बढी उपयोगी हुने हुँदा कृतिको सीमान्तीय अध्ययन बढी उपयोगी देखिन्छ (शर्मा, २०७०, पृ. ३१९) । साहित्यमा सीमान्तीय प्रयोग पात्र वा सहभागीका रूपमा गरिन्छ । कुनै कुनै कृतिमा सीमान्तीय पात्र प्रमुख भएर आउँछन् भने अधिकांश कृतिमा गौण भएर पनि आउने गर्छ । कृतिमा पात्रको उपस्थिति, दर्जा, चारित्रिक अभिलक्षण, कार्यव्यापार, चेतनाको प्रतिनिधित्व, सामर्थ्य वा सम्भाव्यता, भाषा आदिको प्रक्रियाबाट सीमान्तीय अध्ययन गरिन्छ । साहित्यले समाजका हरेक क्षेत्रसँग सम्बन्ध राख्ने हुँदा साहित्यकारहरूलाई मनहरूबिच उर्लिने भावना र मनोविज्ञानलाई समेत समेटेर सामाजिक चेतनाको विकास गर्ने सेतुसँग जोडेर हेर्नु महत्त्वपूर्ण हुन्छ (श्रेष्ठ, २०६८, पृ. ४२) । प्रतीकात्मक रूपमा भए पनि साहित्यले शासकलाई खबरदारी गरिरहेकै हुन्छ । दलित साहित्य, प्रगतिवादी साहित्य, जनसाहित्य, लोकसाहित्य, हास्यव्यङ्ग्य, गाइजात्रा, तीज, कार्टुन, नाटक आदि कलात्मक क्रियाकलापहरूबाट सीमान्त पात्रहरू बढी स्वतन्त्र भएर बोल्न सक्छन् जसले गर्दा सीमान्तीय अध्ययनलाई बढी प्रभावकारी बनाउन सकिन्छ ।

समाजमा रहेका व्यक्ति, समुदाय, वर्ग, राष्ट्र आदिले कुनै पनि कार्यमा उपस्थिति वा सहभागिता जनाउनुलाई सामान्य अर्थमा प्रतिनिधित्व भनिन्छ । सांस्कृतिक अध्ययनका सन्दर्भमा प्रतिनिधित्व एक प्रकारको सङ्केतपरक अभ्यासहरूको प्रतिनिधित्व र त्यसको बोध हो यसले अर्थको प्रस्तुतीकरण कसरी भएको छ भन्ने कुरा व्यक्त गर्दछ (भट्टराई, २०७०, पृ. ३३६) । साहित्यमा प्रतिनिधित्वको खोजी, पाठ, सामाजिक प्रक्रिया, सङ्कथन, विचारधारा आदिका आधारमा गरिन्छ । सांस्कृतिक अध्ययनअन्तर्गत पर्ने सीमान्तीय अध्ययनको एक महत्त्वपूर्ण अवधारणा प्रतिनिधित्व हो । साहित्यमा कुनै वर्ग, जाति, लिङ्ग तथा राष्ट्रियताको उपस्थिति कसरी भएको छ भन्ने कुराको खोजी प्रतिनिधित्वले गर्दछ । प्रतिनिधित्वसम्बन्धी चर्चा गर्ने क्रममा गायत्री चक्रवर्ती स्पिभाकले के सीमान्त पनि बोल्न सक्छन् र ? भन्ने प्रश्न उठाएकी छन् । उनले सीमान्तहरू आफैँ बोल्न सक्दैनन् यदि बोले पनि उनीहरूको स्वर ज्यादै मसिनो हुने हुँदा नसुनिएर आफै दबिन्छ या सत्ताको प्रभुत्वका माध्यमबाट नसुनोस् भनेर दबाइन्छ । बौद्धिक वर्गले तिनका लागि बोलिदिनु पर्ने हुँदा आफ्नो प्रतिनिधित्व आफैँ नभई बौद्धिक वर्गले गरिदिनुपर्छ भन्ने मान्यता उनको छ (शर्मा, २०७०, पृ. ३१८) । उनको यस मान्यताबाट यो बुझ्न सकिन्छ कि नेपाली समाजमा हुने विभिन्न परिवर्तनका नाममा भएका राजनीतिक क्रान्तिहरू, ट्रेड युनियन सङ्घ तथा विभिन्न लेखक सङ्घ आदि सबै सीमान्त समुदायका नाममा बौद्धिक वर्गले गर्ने राजनीति हुन् ।

पहिचानको अवधारणाले सांस्कृतिक अध्ययनको क्षेत्रमा केन्द्रीय प्रवर्गको भूमिका निर्वाह गर्दै आएको हुन्छ । सीमान्तीय अध्ययनमा वर्गीय, जातीय र लैङ्गिक आदि विषयको अध्ययन गरिन्छ । सामाजिक रूपमा पिछडिएका वर्ग तथा समुदाय नै मूलतः सीमान्त वर्ग हुन् र यी वर्ग तथा समुदायको सामाजिक सहभागिता र त्यस सन्दर्भमा उनीहरूको प्रतिनिधित्व र पहिचानको अवस्था कस्तो छ ? त्यसका लागि उनीहरूले आत्मसात् गरेको सङ्घर्षको प्रक्रिया के हो ? भन्ने विविध विषयको अध्ययन यसअन्तर्गत गरिन्छ । यसरी सीमान्तीयका सन्दर्भमा जातीय र लैङ्गिक आधार जस्तै वर्ग पनि प्रमुख आधार वा पक्ष हो र यो खासगरी आर्थिक हैसियतमा आधारित हुन्छ र यो पहिचानसँग पनि जोडिएको हुन्छ । कुनै वर्ग, जात, जाति, लिङ्ग, राष्ट्र आदिको पहिचान निर्धारणमा उसले गर्ने कामको पनि महत्त्वपूर्ण भूमिका निर्वाह गरेको हुन्छ (चैतन्य, २०७०, पृ. १५५) । चैतन्यको यस सन्दर्भलाई हेर्दा सीमान्तीय अध्ययनका विभिन्न पक्षमध्ये  पहिचान पनि एक हो र यो मूलतः आर्थिक हैसियतमा आधारित हुन्छ ।

समाजमा वर्गीय अवस्थाको निर्धारण कसरी हुन्छ ? यससम्बन्धी सीमान्तीकरणको प्रक्रिया के हो र त्यसबाट मुक्तिका लागि गरिने सङ्घर्षको प्रतिरोधी प्रक्रिया के हो भन्ने यिनै विषयको खोजी यसमा गरिन्छ । समाजमा सम्भ्रान्त वर्ग र त्यसका अधीनस्थ निम्न आर्थिक हैसियत भएका वर्ग तथा समुदायको सामाजिक प्रतिनिधित्व र पहिचानको सन्दर्भ यसको मूल विषय हो । यसरी यिनै मूल विषयहरू साहित्यमा केकसरी अभिव्यक्त भएका छन् र तिनले केकसरी सामाजिक रूपमा वर्ग र तिनको अवस्थालाई प्रतिनिधित्व गरेका छन् भन्ने कुराको अध्ययन यसमा गरिन्छ । त्यसैले प्रस्तुत अध्ययनका सन्दर्भमा पनि यिनै मूल विषयमा केन्द्रित भएर वर्गीय विश्लेषणको दृष्टिकोण निर्माण गरी विषयवस्तुको व्याख्या गरिएको छ ।

सीमान्तीय अध्ययनका सन्दर्भमा सीमान्तीय पात्रहरूले सबै क्षेत्रमा आफ्नो प्रतिनिधित्व जनाउन सकेका हुँदैनन् र उनीहरू त्यस अवस्था र पहुँचमा पनि हुँदैनन् । तर पनि उनीहरूकै उपस्थिति र सहभागितामा समाजको श्रम, भाषा र कला तथा सामाजिक, सांस्कृतिक, धार्मिक आदि क्षेत्र अगाडि बढेको हुन्छ । त्यसैगरी साहित्यमा पनि कुनै न कुनै रूपमा उनीहरूको प्रतिनिधित्व कायम भएको हुन्छ । उनीहरूको यही प्रतिनिधित्वका आधारमा कृतिभित्र अभिव्यक्त लैङ्गिक भूमिकाको खोजी प्रस्तुत अध्ययनमा गरिएको छ । सीमान्तीय अध्ययनको अर्को महत्त्वपूर्ण पक्ष पहिचान पनि हो । सीमान्त समुदायले समाजमा आफ्नो प्रतिनिधित्वका माध्यमबाट कुनै न कुनै रूपमा पहिचान कायम गरेका हुन्छन् । कृतिमा सीमान्त पात्रहरू कतै बलियो रूपमा त कतै कमजोर रूपमा उपस्थित भएका हुन्छन् । सीमान्तीयताको पहिचानले सामाजिक, सांस्कृतिक, आर्थिक, राजनीतिक, भौगोलिक, लैङ्गिक, पेशा आदि हरेक हिसाबले तल पारिएका वर्ग तथा समूहलाई जनाएको हुन्छ ।

वर्ग भनेको प्रभुत्वशली समुदाका अधीनस्थ र उनीहरूबाटै आर्थिक आधारमा निर्माण गरिएको अहैकमवादी समुदाय हो । ग्राम्चीका अनुसार सीमान्तीयता भन्नाले गैह्रशासकीय, अहैकमवादी समुदाय वा वर्गलाई जनाउँछ जो सधैँ पराधीन र अधीनस्थ हुन्छन् र शासकले आफ्नो इच्छाअनुसार प्रयोग गर्छन् (श्रेष्ठ, २०६८, पृ. १६) । यसरी समयक्रमसँगै सीमान्तहरूमा शासकहरूप्रति प्रतिरोधी चेतनाको विकास हुँदै गएको हो । यिनै वर्ग, जाति, लिङ्ग, छुवाछुत, जनजाति आदिसँग सम्बद्ध विषयले मूलधारमा स्थान पाएपछि सीमान्त समुदायको पक्षमा अध्ययन, बहस र चर्चाको थालनी भएको हो । कृतिभित्र प्रतिनिधित्व

गराइएका लैङ्गिक सीमान्त पात्रहरूलाई कुन रूपमा पहिचान गरिएको छ भन्ने कुराको खोजी यस अध्ययनमा गरिएको छ ।

## २.३ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *नरेन्द्र दाइ* उपन्यासको विश्लेषण

*नरेन्द्र दाइ* उपन्यास (२०२७) विश्वेश्वरप्रसाद कोइरालाको दोस्रो औपन्यासिक कृति हो । यस उपन्यासमा सामाजिक विषयवस्तुलाई प्रस्तुत गरिएको छ । यस कृतिमा उपन्यासकारले नरेन्द्र दाइले विवाहित पत्नी गौरीलाई बेवास्ता गरी घरकी नोकर्नी मुनरियासँग अमर्यादित प्रेम गरेको र उसैसँग विवाहसमेत गरेको प्रसङ्गलाई चित्रण गरिएको छ ।  यस उपन्यासमा नेपाली समाजको यथार्थता झल्केको छ । नेपाली समाजमा प्रचलित परम्परादेखि चलिआएको समग्र नेपाली रहनसहन, चालचलन, रीतिस्थिति, मानमर्यादा आदि *नरेन्द्र दाइ* उपन्यासमा चित्रित संस्कृति हो । समाजमा पितृसत्ताले जमाएको एकलौटी स्थान साथै नेपाली संस्कृतिका कारण दमित बनेका इच्छा आकाङ्क्षाको खुलासा यस उपन्यासमा भएको पाइन्छ ।

पुरुष प्रभुत्वशाली तथा रूढीवादी सामाजिक संरचनाका कारण  *नरेन्द्र दाइ* उपन्यासमा नारी पात्रहरू सीमान्तकृत बनेको पाइन्छ । यस उपन्यासमा नेपाली समाजमा पितृसत्ताले पछि पारेका नारीहरूको वास्तविकता दर्साइएको छ । त्यसैगरी सामाजिक आक्षेपबाट जोगिन अर्थात् विद्यमान् सांस्कृतिक मान्यतालाई आत्मसात् गर्नुपर्दा गौरी र मुनरियाको समग्र जीवन निरर्थक बन्न पुगेको तथ्य यहाँ स्पष्ट देख्न सकिन्छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाको प्रतिनिधित्व प्रमुख पुरुष पात्र नरेन्द्र दाइले गरेका छन् । साथै पितृसत्तात्मक मान्यताबाट प्रभावित भएका नारी पात्रहरू फगुनी, सान्नानी, कप्तान्नी आमा आदि पनि पितृसत्तात्मक  सामाजिक संरचनाले सीमान्तकृत बनेका पात्रको रूपमा देखिन्छन् ।

*नरेन्द्र दाइ* उपन्यासमा गाउँले जीवन र समाजको यथार्थ तस्बिर उतारिएको छ । पूर्वी नेपालको तराई क्षेत्रमा एउटा सम्पन्न एवम् संयुक्त परिवार विधवा कप्तान्नी आमाका नरेन्द्र भन्ने छोरा र महारानी र सान्नानी नामका दुई छोरी छन् । नरेन्द्र कलकत्ता र वनारसतिर पढेर आएको आधुनिक विचारको जमीनदार शैलीको युवक हो । यस उपन्यासमा कोइरालालाले आफ्नो लेखनको उद्देश्य पूरा गर्न महिला र पुरुष पात्रहरूको उपस्थिति सशक्त रूपमा गराएका छन् । पितृसत्तामक सामाजिक संरचनामा पुरुष वर्गलाई बौद्धिक, पढेलेखेका,

घरबाहिरको काम गर्ने, परिवारमा उच्च स्तरको अस्तित्व जमाएका र महिला वर्गलाई अबौद्धिक, पढ्न लेख्न नजानेका, घरधन्दामै जीवन व्यतित गर्ने, परिवारमा सबैभन्दा सानो वा परिवारकी सेवकका रूपमा रुढीवादी समाजले हेर्ने गरेको तथ्य उपन्यासकारले यस उपन्यासमा चित्रण गरेका छन् । प्रस्तुत सन्दर्भमा यहाँ *नरेन्द्र दाइ* उपन्यासको लैङ्गिक कोणबाट अध्ययन गर्दा सर्वप्रथम पुरुष र नारी  दुबै पात्रको प्रतिनिधित्वको खोजी गरिएको छ ।

### २.३.१ *नरेन्द्र दाइ* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व

*नरेन्द्र दाइ* उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक विचारधारालाई प्रतिनिधित्व गर्ने पुरुष पात्रहरू नरेन्द्र, बाबुसाहेब र पिताजी हुन् । उनीहरूकै माध्यमबाट नेपाली समाजमा पुरुषको स्थान कुन र कस्तो छ भन्ने कुराको प्रतिनिधित्व गराइएको छ । समाजमा पुरुषको सधैँ सम्मान गरिन्छ । पुरुषलाई घरभित्रका कामकाजमा खट्नुपर्दैन । घरायसी कामकाजमा उनीहरूको प्राय संलग्नता रहँदैन भन्ने कुरा तलको नरेन्द्रको दैनिकीबाट प्रस्ट हुन्छ : “उनी हामीलाई गुलेली, मटेङ्ग्रा र धनुषवाण बनाइदिन्थे र आफू पनि चङ्गालट्टाई लिएर कात्तिक-मङ्सिरताका बाँधतिर जान्थे र हामीलाई भन्थे- “ल हिँड, मैले चङ्गा उडाएको हेर । लखनउमा पो यसको शौक र कदर छ मानिसमा ” (पृ. १५) ।

प्रस्तुत उपन्यासमा आएका पुरुष पात्रहरू घरबाहिरको काममा व्यस्त हुने, सिकार खेल्न जाने तथा महिलाहरूले घरभित्रको सम्पूर्ण काम गर्नुपर्ने नेपाली पुरुषवादी संस्कृतिलाई देखाइएको छ भन्ने कुरा तलको उदाहरणबाट बुझ्न सकिन्छ :

> बजै नबोलेर भान्साभित्र पसिन् । बाहिरबाट उनले खड्कुलोमा चामल खन्याएको सुनियो । फेरि गाग्री घोप्ट्याएको आवाज आयो ।
>
> उता आङ्ना  अगाडिको ठूलो आँपको रुखमुनि बसेर बाबुसाहेब र नरेन्द्रले धेरैबेरसम्म कुरा गरिरहे । (पृ. २३)

माथिको उदाहरणमा भान्साको काममा पुरुषहरूको कुनै संलग्नता नरहेको भन्ने कुरा स्पष्ट हुन्छ । महिलाहरू घरभित्रको काममा व्यस्त भइरहँदा पुरुषहरू बाहिर बसेर गफ चुटिरहने पितृसत्तात्मक संस्कृति उपन्यासमा देख्न सकिन्छ ।  पुरुषहरूले जे जे गरे पनि उनीहरूको दोष नहुने, आवश्यक पर्‍यो र श्रीमतीसँग मन मिलेन भने जतिओटी पनि

श्रीमती ल्याउन उनीहरू स्वतन्त्र रहेका हुन्छन् भन्ने कुरा नारी पात्रबाटै उपन्यासमा व्यक्त भएको तलको उदाहरणबाट उपन्यासमा पुरुषवादी वर्चस्वको प्रतिनिधित्व देख्न सकिन्छ ।

> जन्टुनानी किन मान्थिन् 'मलाई नरेन्द्र दाइको दोष छ जस्तो पटक्कै लाग्दैन । लोग्नेमानिस जातैले हक्की हुन्छन् । उनले जातैले पाएको अधिकार हो आफ्नी स्वास्नीमा - हिही - खोज्ने । त्यसमा त्यो कुरा पाएन भने ऊ अर्कीलाई ल्याउँछ र झन् अर्की ।"
>
> फेरि समर्थनका लागि उनले महारानीलाई भनिन् "होइन त, महारानी दिदी ?" (पृ. २५) ।

प्रस्तुत उदाहरणमा समाज पितृसत्तात्मक संरचनामा संरचित भएकाले पुरुषको नै भलो गरिन्छ किनकि ऊ आफूले जस्तोसुकै गल्ती गरे तापनि नारीकै समर्थनमा निर्दोष कहलाइन्छ भन्ने कुरा देखाइएको छ साथै प्रस्तुत उपन्यासमा पुरुषलाई निडर, शक्तिशाली, क्षमाशील बनाइएको समाजमा महिलालाई रुन्चे, डरपोक, शक्तिहीन, गल्तीबिना नै सजायको भागीदार बन्ने कमजोर पात्रका रूपमा चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा पुरुषले आफ्नी श्रीमती मन परेन भने अर्को विवाह गर्ने र महिलाहरू चाहिँ श्रीमान्को लागि जस्तोसुकै त्याग गर्न पनि तयार हुने अवस्थालाई देखाइएको छ ।  नेपाली समाजमा बहुपत्नी प्रथा रहेको प्रसङ्ग पनि उपन्यासमा यसरी रोचक ढङ्गले आएको छ ।

काकाको डाँको त्यसै ठूलो, वहाँले भन्नुभयो-"लोग्नेलाई स्वास्नी मन परेन भने अर्को ल्याए भैहाल्यो नि, केको तलाक र पारपाचुके चाहियो ! स्वास्नीमानिस मनग्गे छँदैछन्, हामीकहाँ बहुपत्नीको चलन छँदैछ नि !" (पृ. २६)

नेपाली समाजमा पुरुषको महिलाप्रतिको सोचाइ सामन्तवादी नै रहेको हुन्छ भन्ने तथ्य माथिको उदाहरणबाट बुझ्न सकिन्छ । महिलालाई पुरुषले आफ्नो प्रभुत्वको सिकार बनाइरहेका हुन्छन् ।  समाजको इज्जत बचाउन र घर चलाउन पुरुषको नै मुख्य भूमिका हुन्छ भनेर मान्ने नेपाली पुरुषवादी संस्कृतिको चर्चा उपन्यासमा भएको छ । महिला चाहिँ अर्काको घर गरेर खाने जात हो भन्ने कुरा महिला स्वयंले स्वीकार गर्ने पुरुष प्रभुत्वशाली संस्कृति तलको उदाहरबाट बुझ्न सकिन्छ ।

कप्तान्नी आमा हाँसेर भन्नुहुन्थ्यो- “भो तैँले पालिस् । छोराले त केही गरेन, अब तैँले भयो अब, गाईले दाइँ गरेर पनि ।”

कप्तान्नी आमा फेरि उदास भएर भन्नुहुन्थ्यो- “सान्नानी, तेरो स्वभावले गर्दा मलाई चिन्ता लाग्छ । बिहा भएपछि घर कसरी गर्ने होस्, दुलहालाई कसरी रिझाउने होस् ?” (पृ. ४२)

महिलाले पुरुषको घरमा गएर काम गर्नुपर्ने तथा पुरुष सधैँ महिलालाई आफ्नो कामदारको रूपमा हेरेर व्यवहार गर्ने तथ्य माथिको उदाहरणबाट प्रस्ट हुन्छ । त्यस्तै आमाबुबालाई छोराले नै पाल्नुपर्ने र पुर्ख्यौली सम्पत्तिको हक पनि पुरुषमा निहित हुने सामाजिक यथार्थता उपन्यासमा चित्रण भएको छ । खासगरी ग्राम्चीले भनेझैँ सीमान्तकृत वर्ग वा समुदायहरू समुदायको प्रभुत्वले गर्दा कमजोर बन्न पुग्छन् । यस उपन्यासमा नरेन्द्रजस्ता पुरुष पात्रको प्रभुत्वले गर्दा गौरीजस्ता नारीपात्रहरू बाध्यात्मक अवस्थामा पुगी कमजोर बनेका छन् । यसरी प्रस्तुत उपन्यासमा नरेन्द्र, पिताजी, बाबुसाहेब, सानोबाबुजस्ता पात्र बाहेक ठेलावाला, मुनरियाको बाबु, आदि पुरुष पात्रहरू पनि नेपथ्यमै बसेर पुरुष पात्रकै प्रतिनिधित्व गरेका छन् ।

## २.३.२ *नरेन्द्र दाइ* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व

*नरेन्द्र दाइ* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व गौरी, मुनरिया, कप्तान्नी आमा, सान्नानी, फगुनी, काकीहरू आदिले गरेका छन् । त्यसमा पनि कथाकी मुख्य पात्र गौरीलाई केन्द्र बनाएर हेर्दा किशोरी युवतीको उपस्थिति छ । शैक्षिक दृष्टिले महिला पात्रहरू मूलधारभन्दा बाहिर र अवसरबाट वञ्चित रहेको देखिन्छ । नेपाली समुदायका महिलाहरू शिक्षाको अवसरबाट निकै टाढा रहेको कुरा उपन्यासमा चित्रित मुनरियाबाट स्पष्ट हुन सकिन्छ । उपन्यासमा चित्रित सम्पूर्ण नारी पात्रहरू शक्तिको केन्द्रबाट धेरै पर छन् । उत्तर संरचनावादी फुकोले शक्तिको मूल स्रोत ज्ञान हो भनेका थिए । वास्तवमा यी नारी पात्रहरू कतिमा ज्ञान हुँदाहुँदै पनि  सीमान्तकृत बनेकै छन् । फलस्वरूप उनीहरू आफ्ना इच्छा आकाङ्क्षाहरूलाई तिलाञ्जली दिँदै धर्म, संस्कार, संस्कृति, रीतिस्थिति, समाजको बनावटी खोक्रो आडम्बरबाट चेपिएकै छन् । यसरी यहाँ सीमान्तकृत समुदायका नारी पात्रको शक्ति, हिंसा, विवशताको परिस्थितिलाई उपन्यासका केन्द्रमा प्रस्तुत गरेर कोइरालाले शक्तिहीन र आवाजविहीनहरूलाई कलाका माध्यमबाट शक्ति र आवाज दिने कार्य गरेका छन् ।

उपन्यासमा आएका नारी पात्रहरू समाजले स्थापित गरेको पुरुषवादी संरचनाभित्र सीमान्तकृत बनेको देखिन्छ । ज्ञानका अभावमा धर्म, संस्कृतिका नाममा नेपाली नारीहरू कसरी सीमान्तकृत बनेका छन् भन्ने कुराको पनि सजीव चित्रण गरिएको छ । नारीहरू केवल घरभित्रको काममा लाग्नुपर्ने, घाँस दाउरा गर्नुपर्ने, अरूको घरमा दासीको रूपमा जीवन निर्वाह गर्नुपर्ने जस्ता पुरुषप्रधान समाजका विशेषताहरू उपन्यासमा छर्लङ्ग देखिन्छन् । नारी पात्रहरू घरधन्दामै व्यस्त हुने हुँदा बाह्य परिवेशमा जान लाज मान्ने वास्तविकता उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> त्यहाँ घाँस काट्न आएका केटीहरूले अचम्म मानेर भने- "हेर हेर गे, कति टाढा माथि आकाशमा पुग्यो गेंद ।"
>
> फगुनीले भनी, बिस्तारै- "बाबु पनि आउनुभएको छ । वहाँले हानेको ।"
>
> घाँस काट्न आएका केटीहरू लाज मानेर फिल्डतिर पिठ्यूँ फर्काएर टुक्रुक्क बस्दै खुर्पीले घाँस काट्न थाले छिछिटो । (पृ. १२)

उपन्यासमा नारीहरू घरभित्रको काममा व्यस्त हुने र त्यसमा पुरुषहरूको संलग्नता नहुने सन्दर्भ प्रस्तुत भएको उदाहरणबाट प्रस्ट हुन्छ । नेपाली समाजमा पुरुषहरू घरबाहिरको काममा जाने, घुमफिर गर्ने तर नारीहरू घरभित्रको काममा मात्र सीमित हुने वास्तविकता यहाँ प्रस्तुत भएको भेटिन्छ । पितृसत्तात्मक समाजमा नारीहरू पुरुषहरूसँग लाज मान्छन् , उनीहरू पुरुषका अगाडि आफूलाई कमजोर ठान्छन् भन्ने तथ्य माथिको उदाहरणमा भेटिन्छ । नारीहरूले भान्साको काममा लाग्नुपर्ने र त्यसमा पुरुषहरूको संलग्नता नहुने तथ्य उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> त्यसैले त बृन्दाकट्टी र फुलकाहीका बाबुसाहेब पनि उनलाई आफ्नो समकक्षी मानेर चाडबाडमा निम्ता पठाउँथे । आमा र गौरी भाउजू एउटा गुन्द्रीमा बसेर बेलुका पाक्ने तरकारीहरू काटिरहनुभएको थियो भान्साघरकै ओसारामा । आमाको यस्तो दैनिक गृहकार्यमा गौरी भाउजू मात्र एकनाससँग वहाँलाई सगाउँथिन् । महारानी त माइत आएकी छोरी नै भइन् । जुन्टुनानी बैठकमा पुरुषहरूको सङ्गतिमा हाहाहिही गर्नमा व्यस्त रहन्थिन् । काकीहरू धेरैजसो आफ्नै कोठाको कामले फुर्सत नपाउने र फुर्सत पाए नै भने पनि कप्तान्नी आमासँग बसेर धागो कात्न थाल्ने, बार्दलीको

एउटा कुनामा जहाँ कप्तान्नी आमा दिनभरि महाभारत या रामायण या अरू कुनै पुराण पढ्नुहुन्थ्यो । (पृ. १५-१६)

माथिको उदाहरणमा कप्तान्नी आमाले धार्मिक ग्रन्थ पढ्ने गरेको प्रसङ्गले केही महिलाहरू साक्षर भए तापनि उनीहरू घरभित्रै सीमित रहने अवस्था देखिन्छ । नेपाली समाजका गरिब परिवारका महिलाहरू जीवन निर्वाहका लागि अरूको घरमा सुसारेको काम गर्न बाध्य हुन्छन् भन्ने साक्ष्य उपन्यासमा यसरी प्रस्तुत भएको छ :

मुनरिया, जसको कारणले त्यसदिनको इनारको घटना घट्यो, ऊ एउटा धानुककी छोरी थिई । ऊ हामीकहाँ सानोतिनो काम गर्थी- कुचो लाउनु, कोठा लिप्नु, दाउरा बटुलेर ल्याउनु र बीचबीचमा बारीमा गएर बिरुवालाई गोडगाड गरिदिनु, तरकारी टिपेर ल्याउनु इत्यादि । आजको आँखाले हेर्दा उसलाई राम्री नै भन्नुपर्छ । त्यसबेला भने मलाई राम्री लाग्दिनथी । (पृ. ५१)

हाम्रो पुरुषवादी समाजमा महिलाहरू सक्षम भएर पनि पुरुषभन्दा आफू तल पर्न चाहन्छन् । उनीहरू पुरुषको सेविकाको रूपमा आफूलाई ठान्न विवश छन् । पुरुषको सुख र खुसीको खातिर नारीहरू आफू दुःखमा रहेर प्रार्थना गर्छन् । गौरीले नरेन्द्रबाट प्रेम नपाउँदा पनि उसप्रतिको गौरीको अभिव्यक्तिबाट महिलाहरूको त्याग प्रस्तुत भएको छ । गौरी नेपाली समाजकी रुढीवादी परम्परा, धर्म, संस्कारले ग्रस्त भएकी नारी पात्र हो । उनको व्यवहारले नितान्त व्यक्तिगत नभई नेपाली नारीहरूको प्रतिनिधित्व गरेको छ । बालापनदेखि युवावस्थासम्म एउटा पुरुषलाई साहसी, कठोर, बौद्धिक तथा उच्च तहमा राख्ने उपन्यासमा चित्रित समाजले एउटी नारीमाथि उसको जीवनकालसम्म सदैव एउटै सहानुभूतिकी पात्र बनाउने गर्दछ । नारीलाई रुन्चे, डरपोक, कोमल र पतिब्रताका रूपमा समाजले हेरेको हुन्छ भन्ने कुरालाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

प्राणाधार ! मेरो के दोष छ र यसरी म प्रेम पाउने अधिकारबाट त वञ्चित भएँ-भएँ, सेवा गर्ने अधिकार पनि मबाट खोसियो ? मेरो प्रार्थना पनि यति मात्र त हो नि, कि हजुरले टेकेको ठाउँमा म आफ्नो मस्तक राख्न पाऊँ र हजुरको श्रीचरणको सेवा गर्न पाऊँ । पत्नीले भिखारिणी भएर याचना गर्छ, प्रेमका लागि होइन । हे भगवान, एकछिन मेरो आँसु थाम, सेवा गर्न पाऊँ भनेर । तर आज यो याचना दिनातीत र अप्रासङ्गिक भैसक्यो । (पृ.७७)

नेपाली समाजमा एउटी नारी सानैबाट माया, करुणा र सहानुभूतिकी पात्र बन्न पुगेकी हुन्छे । प्रस्तुत उपन्यासमा पनि यस उपन्यासकी नायिका गौरीको बाल्यकालदेखिको व्यवहारको चित्रण गरिएको छ । प्रस्तुत उदाहरणमा गौरी उपन्यासकी एक नारी पात्र हो । उसप्रति समाजले माया, करुणा र सहानुभूति देखाएको छ । नरेन्द्रलाई उपद्रो, बाठो र चलाख पात्रका रूपमा चित्रण गरिएको उक्त उपन्यासमा गौरी, मुनरिया जस्ता पात्रलाई एक कमजोर पात्रको प्रतिनिधित्व गर्ने पात्रका रूपमा चित्रण गरिएको छ । गायत्री चक्रवर्ती स्पीभाकले सीमान्तकृत वर्गहरू आफ्ना कुराहरू आफैँ राख्न सक्दैनन् भनेकी थिइन् । त्यस्तै यस उपन्यासमा पनि सीमान्तकृत वर्गको प्रतिनिधित्व गर्ने गौरीले आफ्ना कुराहरू खुलेर प्रस्फुटन गर्न सकेकी छैन । पितृसत्ताले एउटी नारीलाई पितृसत्तात्मक संस्कारहरू सिकाउँछ । छोरीको विवाह गरेर पराइघर पठाउँछ भने छोरालाई पढ्न शिक्षालय पठाउँछ भन्ने कुरालाई तलको उदाहरणमा स्पष्ट पारिएको छ : "बालककालको समय बडो छिटै बित्छ । हेर्दाहेर्दै मेरो व्रतबन्ध भयो । सान्नानी बिहे भएर ससुराली गइन् । म पनि एकदिन गाउँलाई छाडेर बनारस पढ्न आएँ " (पृ. ८४) ।

*नरेन्द्र दाइ* उपन्यासमा आएकी सीमान्तकृत पात्र मुनरिया नेपाली समाजको सीमान्त नारीको प्रतिनिधित्व गर्ने पात्र हो । आफैँ दासीको भूमिकामा काम गरेको घरको पुरुष नरेन्द्र भोगविलासका लागि उसलाई भगाएको छ । पछि नरेन्द्रले छोडेपछि बेसहारा बनेकी मुनरिया जीवन धान्नका लागि रसिक मण्डलीको रमिताको विषय बनेकी छ । नारीहरू शरीर बेचेर बाँच्ने जात हो भन्ने पुरुष हैकमवादी संस्कृति र पुरुषहरूको भोगविलासी प्रवृत्ति उपन्यासमा चित्रण भएको छ । पितृसत्तात्मक सामाजिक संरचनाले ग्रस्त समाजका आम नारीहरूको प्रतिनिधित्व गर्ने नारी पात्र मुनरिया हो । ऊ पनि पितृसत्तात्मक प्रभुत्त्वशाली समाजले उत्पीडित नारी पात्र हो । पुरुषहरूले नारीलाई मनोरञ्जनको साधन मानी प्रभुत्त्वशाली समाजले लुटिरहेको तितो यथार्थ यसरी प्रस्तुत भएको छ :

> भित्र बैठकमा रसिक मण्डलीको खलबल चालु नै थियो । कसैले उच्च स्वरमा भनेको मैले सुनेँ "हाम्री द्रौपदी खोइ ?"
>
> एकै स्वरले सबै हाहा... गरेर हाँसे । बैठकमा रसरङ्गको ठूलो ज्वार आयो । कसैले ढोकातिर मुख फर्काएर बोलायो-"मुनरिया !"

मुनरियाले सचेत भएर फेरि धोतीको फुर्कोले मुख पुछी, अनि मलाई भनी- "नजानू न अहिले ! त्यो मेरो कोठामा एकछिन बस, है ! तिनीहरूको रमिताको कुरो बनिदिएर म आइहाल्छु ।" (पृ. ८९)

पितृसत्तामक समाजले नारीको उपभोग गरेर मोजमस्ती गरिरहेको र नारीहरू पुरुषको उपभोगको वस्तु बनेको तथ्य माथिको उदाहरणमा भेटिन्छ ।

यसरी *नरेन्द्र दाइ* उपन्यासमा गौरी र मुनरिया प्रत्यक्ष रूपमा देखिन्छन् भने जुन्टुनानी, सान्नानी, कप्तान्नी आमा, काकीहरू, घँसिनीहरू आदि महिलाहरू अप्रत्यक्ष रूपमा उपन्यासलाई सजीव बनाउन नारी पात्रको प्रतिनिधित्व गर्दै उपन्यासमा उपस्थित भएका छन् ।

## २.३.३ *नरेन्द्र दाइ* उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व

*नरेन्द्र दाइ* उपन्यास नारीकेन्द्री उपन्यास हो । नारीको प्रतिनिधित्व उपन्यासमा मुख्य रूपमा गराइएको छ । प्रतिनिधित्वमा देखिने सीमान्तता लिङ्गका आधारमा देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचना, नेपाली धर्म, सस्कृति, संस्कार तथा लोकलाजको खोक्रो सामाजिक संरचनाका कारण प्रस्तुत उपन्यासकी केन्द्रीय पात्र गौरी सीमान्तकृत बन्न पुगेकी छ । यस उपन्यासमा सीमान्तकृतकै प्रतिनिधित्व गराइएको छ र सीमान्तकृत महिलाका जीवन स्थितिलाई उद्घाटित गर्ने काम पनि गरिएको छ । यस उपन्यासमा गौरी तथा मुनरियाले जीवनमा भोग्नुपरेका विविध कारुणिक परिस्थितिबाट उनीहरूको सीमान्तता तथा शक्तिहीनतालाई प्रस्फुटित गरिएको छ । उपन्यासमा चित्रित पात्रहरू आआफ्नै ठाउँमा सीमान्तकृत छन् । नेपाली समाजको विद्यमान परिस्थितिका कारण उनीहरूले बाध्यात्मक जीवन गुजारिरहेका छन् र उनीहरू केही गर्न नसक्ने शक्तिहीन अवस्थामा पुगेका छन् तर पनि यस अध्ययनमा लैङ्गिक प्रतिनिधित्वका दृष्टिले सीमान्तकृतहरूको मात्र अध्ययन गरिने भएकाले तिनको विश्लेषण गरिएको छ ।

लैङ्गिक प्रतिनिधित्वका दृष्टिले यस उपन्यासमा सबैभन्दा बढी सीमान्तकृत पात्र गौरी हो । गौरी लैङ्गिक दृष्टिकोणबाट मात्र नभई सामाजिक संरचनाका कारण पनि सीमान्तकृत बनेकी छ । त्यति मात्र नभएर नेपाली समाजमा अनादिकालदेखि चलिआएको संस्कार, संस्कृति, परम्परा आदिले पनि उसलाई सीमान्तकृत तुल्याएको छ । यसरी दोहोरो

तेहेरो चापमा परी सीमान्तकृत बन्न पुगेकी उपन्यासकी केन्द्रीय नारी पात्र गौरी हो । लैङ्गिकताकै आधारमा अर्थात् गौरी एउटी नारी भएकै कारण जीवनकालमा बारम्बार सीमान्तकृत बन्न पुगेकी छ । समाजमा छोरा र छोरीका बिचको भेदभाव छरपष्ट देख्न सकिन्छ । छोरा भएका कारण छोरालाई स्वतन्त्र, साहसी, बौद्धिक, मालिक बनाइदिने समाजले छोरीलाई छोरी भएकै कारण उसलाई घरभित्रै सीमित राख्ने र कमजोर तथा दासी बनाएको हुन्छ । यस उपन्यासमा नेपाली समाजको यथास्थितिको चित्रण गरिएको छ । नेपालको वर्तमान परिप्रेक्ष्यमा त छोरा र छोरी बीचको हेराइको दुरी घट्न सकेको छैन भने तत्कालीन समयमा यस्तो स्थिति देखिनु स्वाभाविक नै मान्न सकिन्छ ।

पितृसत्तात्मक विचारधाराका अवचेतनले पुरुषलाई सानैदेखि साहसी, बौद्धिक, मालिक र शक्तिशाली देख्ने समाजमा नारीलाई कमजोर र घरभित्रको काममा मात्र सीमित राखी सहानुभूतिका पात्रका रूपमा देख्ने गर्दछ । प्रस्तुत उपन्यासमा विवाह भइसकेको नरेन्द्रले पुरुष भएकै कारण घरभित्रको कुनै काम गर्नु नपर्ने र महिलाहरू घरभित्रको कामबाट फुर्सद नपाउने वास्तविकता यसरी प्रस्तुत भएको छ :

> त्यसैले त बृन्दाकट्टी र फुलकाहीका बाबुसाहेब पनि उनलाई आफ्नो समकक्षी मानेर चाडबाडमा निम्ता पठाउँथे । आमा र गौरी भाउजू एउटा गुन्द्रीमा बसेर बेलुका पाक्ने तरकारीहरू काटिरहनुभएको थियो भान्साघरकै ओसारामा । आमाको यस्तो दैनिक गृहकार्यमा गौरी भाउजू मात्र एकनाससँग वहाँलाई सगाउँथिन् । महारानी त माइत आएकी छोरी नै भइन् । जुन्टुनानी बैठकमा पुरुषहरूको सङ्गतिमा हाहाहिही गर्नमा व्यस्त रहन्थिन् । काकीहरू धेरैजसो आफ्नै कोठाको कामले फुर्सत नपाउने र फुर्सत पाए नै भने पनि कप्तान्नी आमासँग बसेर धागो कात्न थाल्ने, बार्दलीको एउटा कुनामा जहाँ कप्तान्नी आमा दिनभरि महाभारत या रामायण या अरू कुनै पुराण पढ्नुहुन्थ्यो । (पृ. १५)

माथिको उदाहरणमा नेपाली पितृसत्तात्मक समाजमा नारीको अवस्थाको बोध हुन्छ । सधैँभरि घरभित्रैको काममा सीमित हुनुपर्ने नेपाली महिलाको परम्परागत भूमिका यहाँ प्रस्ट देख्न सकिन्छ । उपन्यासकी अर्की सीमान्तकृत नारी पात्र मुनरिया हो । ऊ आफू गरिब भएकै कारण नरेन्द्रको घरमा सुसारेको काम गर्न विवस छ । गरिब र तल्लो जातका छोरीचेलीले अर्काको घरमा काम गरेर जीवन निर्वाह गर्नुपर्ने यथार्थता मुनरियाको

भूमिकाबाट प्रस्ट हुन्छ । ऊ छोरी भएकैले अर्काको घरमा काम गर्न बाध्य छे । मुनरियाको ठाउँमा छोरा मान्छे भएको भए गरिब नै भए पनि अर्काको घरमा सुसारेको रूपमा काम गर्ने थिएन । यो हाम्रो समाजको पुरुषवादी सामाजिक संरचनाले निम्त्याएको भूमिका हो । मुनरियाको सीमान्तीय भूमिका उपन्यासमा यसरी चित्रण भएको छ :

> मुनरिया, जसको कारणले त्यसदिनको इनारको घटना घट्यो, ऊ एउटा धानुककी छोरी थिई । ऊ हामीकहाँ सानोतिनो काम गर्थी- कुचो लाउनु, कोठा लिप्नु, दाउरा बटुलेर ल्याउनु र बीचबीचमा बारीमा गएर बिरूवालाई गोडगाड गरिदिनु, तरकारी टिपेर ल्याउनु इत्यादि । आजको आँखाले हेर्दा उसलाई राम्री नै भन्नुपर्छ । त्यसबेला भने मलाई राम्री लाग्दिनथी । (पृ. ५६)

प्रस्तुत उपन्यासको मुख्य उद्देश्य सीमान्तकृत पात्रको चित्रण गर्नु नभए तापनि उपन्यासमा आएका महिला पात्रहरू सामाजिक संरचना, परम्परा, संस्कृति र लैङ्गिकताका कोणबाट हेर्दा सीमान्तकृत बनेका देखिन्छन् । पितृसत्तात्मक समाजले निर्धारण गरेको परम्परागत भूमिकाले गर्दा पुरुषहरू वर्चस्वशाली शक्तिमा छन् । नरेन्द्र छोरा भएकै कारण भारतमा गएर अध्ययन गर्ने अवसर पाएको छ । गौरी महिला भएकै कारण सानै उमेरमा विवाह गरेर अर्काको घरमा पुगेकी छ । त्यसैगरी मुनरिया महिला भएकै कारण उसले नरेन्द्रसँग विवाह गर्दा नरेन्द्र दोषी नभइ मुनरियालाई नै समाजले दोषी देखेको छ । गौरीलाई नरेन्द्रले अपहेलना गरेर पनि गौरी सामाजिक संरचनाका कारण उसैकी दासी बन्न तयार छ । नरेन्द्रले मुनरियालाई विवाह गरेर घर छोड्दा पनि गौरी नरेन्द्रलाई पतिदेवता मानेर पर्खिरहन्छे । यो नेपाली संस्कृतिले निम्त्याएको पुरुष प्रभुत्वको उपज हो । नरेन्द्र बिरामी भएर घर फर्किदा गौरीले आफ्नै पति मानेर शरण दिएकी छ । महिलाहरूलाई हाम्रो सामाजिक संरचनाले अन्जानमै सीमान्त बनाइरहेको छ । जुन कुरा महिलाहरू स्वयम् आफूलाई कमजोर ठानेर स्वीकार्छन् । यस कुराको प्रमाण उपन्यासको तलको सन्दर्भबाट पुष्टि हुन्छ : “गौरीले भनिन् - “उनी सदाका लागि मलाई प्रेम दिएर गए - हो, सानोबाबु, मरेनन् । ममा आएर बसे सधैंसधैंका लागि । मलाई सदाका लागि सौभाग्यवती बनाए । त्यसैले त हो नि, अरूले कति भन्दा पनि मैले चुरा फोरिनँ, सिउँदोको सिन्दूर पुछिनँ” (पृ. १३६) ।

उपन्यासमा महिलाले एक पटक विवाह गरेपछि लोग्ने जस्तो भए तापनि जीवनभर उसैकी दासी भएर रहनुपर्छ भन्ने कुरा महिला आफैँ स्वीकार गर्छन् । लोग्नेको मृत्युपछि श्रीमतीले सिन्दुर पुछ्नुपर्ने, चुरा फुटाउनु पर्ने तथा सेतो कपडा लगाउनु पर्ने जस्ता परम्परा पुरुष प्रभुत्वशाली समाजको प्रतिफल हो । लोग्नेले श्रीमतीको मृत्यु भए दोस्रो विवाह गर्ने तर महिलाले शृङ्गार गर्दा बौलाहा मान्ने यो सामाजको वास्तविक चित्र उपन्यासमा प्रस्तुत छ । नरेन्द्रको मृत्युपछि गौरीले चुरा, सिन्दुर नहटाउँदा समाजले उसलाई बौलाही भनेको छ । उपन्यासमा शक्तिशाली पुरुष वर्गको प्रभुत्वमा महिलाहरू जानअनजान सीमान्तकृत बनेका छन् । हाम्रो परम्परागत पुरुषवादी सामाजिक व्यवस्थाले महिलालाई दोस्रो वर्गमा राखेको छ । समाजमा महिलाको भन्दा पुरुषको प्रभुत्व बढी छ । यसरी *नरेन्द्र दाइ* उपन्यासमा पुरुष प्रभुत्वले गर्दा महिला पात्रहरू सीमान्तकृत बनेका छन् ।

## २.४ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *सुम्निमा* उपन्यासको विश्लेषण

*सुम्निमा* (२०२७) विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित मिथकका रूपमा पौराणिक उपकथालाई जोडेर नेपालको सामाजिक सांस्कृतिक घटनाको चित्रण गरिएको उपन्यास हो । यसमा दुई भिन्न संस्कृति आर्य सभ्यता र किराँत सभ्यतालाई मूल कथ्य बनाई ती दुई सभ्यताको सम्मिश्रण गरी समन्वयवादी दृष्टिकोण प्रस्तुत गरिएको छ । यसभित्र नेपालका फरक फरक दुई जातिभित्रका संस्कृतिलाई समेटिएको छ । आर्य संस्कृति र किराँत संस्कृतिका अनेकौँ विशेषताहरू चित्रण गरिएको छ । नेपालको पूर्वी क्षेत्रको परिवेश र फरक संस्कृतिका मान्छेहरूका रीतिरिवाज, चालचलन तथा दैनिकीको सेरोफेरोमा उपन्यास केन्द्रित छ । उपन्यासमा सूर्यदत्त, सोमदत्त, सुम्निमा, पुलोमा, बिजुवा, भिल्ल युवक आदि पात्रहरूको उपस्थिति रहेको छ । मिथकीय विषयवस्तुमा संरचित यस उपन्यासभित्र आएका फरक दुई संस्कृतिहरू नेपाली समाजका वास्तविक पात्र र परिवेशसँग जोडिएर प्रस्तुत भएका छन् ।

यो उपन्यास आजभन्दा करिब पचास वर्षअगाडि प्रकाशित भएको हो । आज पनि यो उत्तिकै समसामयिक र जीवन्त छ । उपन्यासमा मानिस मानिसलाई फरक बनाउने धर्म हुन सक्दैन । मानिस भएर देवता हुन खोज्नु हुँदैन भनेर पात्रले वकालत गरेको छ । व्यक्तिका इच्छाहरूलाई सामाजिक बन्धनले कुण्ठित बनाएको छ । जसको परिणामस्वरूप समाज नै तहसनहस बन्न पुग्दछ । सूर्यदत्त एकातिर आफ्ना पुत्र सोमदत्तलाई ऋषिमुनिजस्तै बनेको देख्न चाहन्छन् । ग्राहस्थ्य जीवन त्याग गर्न सकोस् भन्ने कामना गर्छन् । अर्कातिर

पितृ ऋण र वंशजको निरन्ताका लागि दवाब दिन्छन् । आज पनि मानिस जातीय भेदभावमा र धर्मका नाममा हिंसाहरू भड्काइ रहेका छन् । सुम्निमा उपन्यासमा फरक फरक धर्मका धर्मशास्त्रीय मान्यता प्रस्तुत गरिएको छ । उपन्यासमा उल्लेख गरिएका दुबै जातीय संस्कृतिमा पुरुष र महिलाको भूमिका स्पष्ट रूपमा देख्न सकिन्छ । यहाँ महिलालाई आर्य संस्कृतिले बढी सीमान्तकृत बनाएको सन्दर्भ बुझ्न सकिने प्रशस्त आधारहरू भेटिन्छन् । यसै सन्दर्भमा सुम्निमा उपन्यासको लैङ्गिक सीमान्तीयताका कोणबाट समेत अध्ययन गर्न सकिने देखिएकाले यहाँ यससम्बन्धी अध्ययन प्रस्तुत गरिएको छ ।

## २.४.१ *सुम्निमा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व

पितृसत्तात्मक समाजमा पितृसत्तात्मक विचारधारालाई प्रतिनिधित्व गर्ने पुरुष पात्रमा सूर्यदत्त, सोमदत्त, बिजुवा, भिल्ल, राजकुमार, क्षेत्रियहरू आदि देखिन्छन् । उनीहरूको माध्यमबाट समाजमा पुरुषको स्थान कुन र कस्तो छ भन्ने कुराको प्रतिनिधित्व गराइएको छ । सोमदत्त यस उपन्यासको प्रमुख पुरुष पात्र हो । पितृसत्तात्मक विचाराधाराले गर्दा उसले पुरुष हठलाई स्वीकार गरेको छ । आर्य संस्कृतिको कठिन मार्गमा उसले आफ्ना प्राकृतिक विशेषताहरूलाई तिलाञ्जली दिएको छ । जीवनभर कष्टकर जीवन बाँचेर ऊ पुरुष भएकोमा गर्व गर्ने पात्र हो । आफ्नो परम्परागत संस्कृतिको अनुसरण गर्ने क्रममा ऊ बुबा सूर्यदत्तबाट दीक्षित छ । पाप धर्मका सम्बन्धमा अत्यन्त जानकार ऊ आफूलाई उच्च वर्गीय व्यक्तिका रूपमा देखाउन चाहन्छ ।

सोमदत्तमा जातीय रूपमा आफू ठुलो हुँ भन्ने अहम् देखिन्छ । सुम्निमालाई संस्कृतिविहीन ठान्ने सोमदत्तमा जातीय तथा पितृसत्तात्मक विचारको बहुलता देखिन्छ । जुन प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> सोमदत्तले उत्तर दियो, "पुत्र पिताबाट जीवनदान ग्रहण गर्छ, तसर्थ त्यो उदात्त दानमय सम्बन्धको विस्मृतिको पाप हामीबाट कदापि हुन सक्दैन । यो कृतज्ञता ज्ञापन हो, बालिके ।"
>
> सुम्निमा अझ बढी उत्सुक भई । उसले भनी, "ल झन् तिम्रै भनाइले पनि त आमाले जन्माएको हुँदा आमाको मान गर्नुपर्थ्यो, हैन र ? त्यसैले हामी किराती पैले आमालाई चिन्छौं, र उनले देखाएको मानिस हाम्रो बा हुन्छ ।"

> सोमदत्तले भन्यो, हामीहरू आर्यका सन्तति हौं, सुसंस्कृत छौं । तिमीहरू सस्कृतिविहीन बर्बर जातिका किरात हौ । त्यस कारण हाम्रा विचार तिम्रा पृथक् छन् । माता क्षेत्र हो, अबोध बाले । क्षेत्रपति त पिता हो । तिमीलाई यसको ज्ञान छैन । (पृ. ६)

माथिको उदाहरणमा सोमदत्त आफू ब्राह्मण भएकै कारण सभ्य र सुसंस्कृत छु भन्ने घमण्ड गर्ने पात्र हो । ऊ पितृसत्तात्मक विचारधारालाई बोकेर हिँडेको छ । महिलालाई उसले खासै महत्त्व दिएको छैन । माताबाट परिचित हुने प्रणालीलाई पाशविक मान्ने सोमदत्तमा धर्मको प्रभावका कारण पुरुषवादी विचारको प्रचुरता देखिन्छ । त्यसैगरी उपन्यासका अर्का पुरुष पात्र सूर्यदत्त पनि कट्टर धार्मिकताका पक्षधर भएकाले आफ्नो संस्कृतिलाई मात्र महान् मान्ने प्रवृत्ति देखिन्छ । उनी आफ्नो छोरा सोमदत्तलाई आर्य परम्पराअनुसारको पुरुषवादी शिक्षा दिन उद्दत छन् । सूर्यदत्त परम्परागत आर्य संस्कृतिको पितृसत्तात्मक सोचाइका छन् । आफ्नो छोरा सोमदत्तलाई कठोर संस्कार सिकाउने विचारले थिचिएका छन् । सूर्यदत्तमा पुरुषवादी संस्कारको प्रभाव उपन्यासमा यसरी देख्न सकिन्छ :

> गार्हस्थ्य जीवनलाई छाडेर उनीहरू आफ्नो एउटा पुत्रका साथ अरण्यवासका लागि यहाँ पुगेका थिए । उनीहरूले यो पनि सोचेका थिए कि वानप्रस्थमा प्रवेश गरेर कालयापन गर्दा आफ्नो पुत्रलाई पनि ब्राह्मणोचित सद्धर्म र उच्च जीवनको शिक्षा दिन सुलभ हुन्छ । गाउँमा उसलाई छाडेर आउँदा उसको शिक्षाको राम्रो व्यवस्था हुन सक्दैन भन्ने उनीहरूले देखेका थिए । पुत्रलाई किशोर अवस्थामा, कठोर अनुशासित जीवनमा राखेर शिक्षा दियो भने ऊ आदिकालका ऋृषिहरूको समकक्षी हुन सक्छ भन्ने उनीहरूलाई पूर्ण विश्वास थियो । उनीहरूलाई आफ्नो पुत्रबाट ठूलो आशा थियो । पुत्र पनि मेधावी थियो । सानै उमेरमा उसमा ठूल्ठूला लक्षण प्रकट भएका थिए। उसको स्मरणशक्ति अद्भुत थियो-एकपटक सुनेको श्लोक उसलाई कण्ठस्थ हुन्थ्यो । उसको कुशाग्रबुद्धिको ठूला-ठूला पण्डितहरूले पनि जनपदमा प्रशंसा गरेका थिए । त्यसकारण उनले पुत्रलाई अरण्यमा आफैंसँग राख्ने विचार गरेका थिए । उसको नाम थियो- सोमदत्त । (पृ. ३)

माथिको उदाहरणमा सूर्यदत्तमा रहेको जातीय अहमता देखिन्छ । उनी आफ्नो छोरा सोमदत्तलाई वनबास लगेर ब्राह्मण जातिको संस्कार सिकाउन चाहन्छन् । कठोर

जीवनयापनबाट जीवनमा सर्वोच्चता प्राप्त गर्न सकिन्छ भन्ने धार्मिक र परम्परागत सोचले उनमा आफ्नो सर्वोच्च जातीय अहम् देखिन्छ । त्यसै गरी यस उपन्यासमा उपस्थित अर्को पुरुष पात्र राजकुमार हुन् । उनी क्षत्रिय कुलका पुरुष हुन् । राजाको आदेश सुनाउँदै हिँड्ने पात्रका रूपमा उनलाई उपन्यासमा देखाइएको छ । राजाको आदेशलाई अत्यन्त उत्साहका साथ कार्यान्वयन गराउन उनी तत्पर देखिन्छन् । सैन्य तथा अङ्गरक्षकलाई साथमा लिएर हिँड्ने उनी पितृसत्तात्मक विचारलाई बोक्ने पात्र हुन् । पुरुष भएकै कारण उनले आफूलाई शक्तिशाली ठानेको देखिन्छ । किराँत तथा भिल्ल जातिहरूलाई तल्लो जातका रूपमा हेर्ने राजकुमार ब्राह्मण जातिलाई भने सम्मान गर्ने पात्र हुन् । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने क्रममा राजकुमारको चरित्र उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> ब्राह्मणले वरिपरिका अनार्यबाट हुने गोवध तथा हिंसाको चर्चा गर्दा राजकुमारले अत्यन्त शौर्ययुक्त वाणीमा आफ्नो सेनालाई सम्बोधन गर्दै भने, "नजिकका गाउँ-गाउँमा गएर किरात र भिल्ल जातिका प्रमुख व्यक्तिहरूलाई राजाज्ञा सुनाउँदै यहाँ बोलाएर ल्याओ ।"
>
> यति भनी ब्राह्मणदम्पतीलाई विनम्र सम्बोधन गर्दै भने, "ब्राह्मणदेव । क्षत्रियको धर्म हो ब्राह्मणको सेवा गर्नु, त्यसको प्रतिपालन अवश्य हुनेछ ।" (पृ. ९)

माथिको उदाहरणमा राजकुमारले पुरुष प्रभुत्व प्रस्तुत गरेको देखिन्छ । ऊ पुरुष भएकै कारण बस्तीमा गएर आम नागरिकहरूलाई आदेशको भाषामा निर्देशन दिएको छ । यदि उसको ठाउँमा महिला भएको भए भूमिका फरक हुन्थ्यो भन्ने आँकलन गर्न सकिन्छ । राजकुमार दृढताका साथ आफ्नो प्रभुत्व प्रस्तुत गर्ने पात्र हुन् । उनको पुरुष हठका कारण सहजै राजाज्ञा सुनाउँदै हिँड्नु पितृसत्तात्मक सामाजिक संरचनाको उपज हो । यसको साक्ष्य उपन्यासमा यसप्रकार देखिन्छ :

> राजकुमारले कुनै बाधा स्वीकार गरेनन् । उनले घोषणा गरे कि राजाज्ञा अटल छ । दृढताको भावनाले उनको क्षत्रिय मुहार दीप्त थियो । बरु सूर्यदत्तले किराती-भिल्लहरूलाई सम्झाउँदै भने, "ल भयो, तिमीहरूलाई त्यो ठाउँ पूजानिमित्त चाहिएको छ भने भयो, तिमीहरूकै रहोस् त्यो स्थान । तर त्यहाँ सुँगुरको हिंसा

नगर्नू । त्यो ठाउँ आजदेखि वराहक्षेत्र कहलाइनेछ, र हाम्रा पुराणमा वर्णित वराह अवतारको द्योतक त्यो स्थल हुनेछ ।" (पृ. ११)

राजाले आदेश दिएपछि त्यो अकाट्य हुने प्रसङ्गले पनि हाम्रो समाजमा राजालाई पुरुष भएकै कारणले महत्त्व दिएको बुझ्न सकिन्छ । उपन्यासमा सहायक पात्रका रूपमा थुप्रै पुरुष पात्रहरू उपस्थित भएका छन् । उपन्यासकी प्रमुख नारी पात्र सुम्निमाको बुबा यस उपन्यासमा पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने पात्र हुन् । उनी किराँत जातीय संस्कारले युक्त छन् । गाउँका अगुवा तथा बिजुवाका रूपमा उनको भूमिका रहेको छ । किराँत जातिका जुनसुकै समस्या पनि उनै बिजुवाको मुख्य भूमिकामा समाधान हुने गर्छन् । बिजुवाको भूमिका उपन्यासमा यसरी प्रस्तुत भएको छ :

भिल्लले भन्यो- "सुँगुरपाठा चढाउन पनि त रोकियो नि त्यो थानमा ?"

बिजुवा,- "त्यसले के भयो र ? म विजुवा हुँ, अर्को त्यस्तै थलो तोकिदिन सक्छु ।"

तैपनि भिल्लले मानेन । उसले भन्यो, "तपाईका बातुङ भाइहरूलाई बोलाउनुस् ।"

रातभरि बिजुवाको घरमा किरातीहरूको सभा भयो । उनीहरूले एउटा गाई काटेर भोज खाए, र खूब जाँड पिएर लट्ठ भए । सुम्निमा र उसकी आमा अतिथिहरूको सेवामा व्यस्त थिए । बिहानीपख सभामा उपस्थित सबैले बिजुवाको समर्थन गर्दै भने,-"बिजुवाबाले भनेको कुरा ठीक हो । हामी सबै उनैले भनेको मान्छौं ।" (पृ. १३)

माथिको उदाहरणमा बिजुवा किराँत समाजको अगुवाका रूपमा देखिन्छन् । उनले किराँतहरूका हरेक समस्या समाधानमा केन्द्रीय भूमिका निर्वाह गर्ने गरेको देखिन्छ । उनी पुरुष भएकै कारणले तत्कालीन समाजमा बिजुवाका रूपमा उनको प्रभुत्व कायम हुन पुगेको प्रस्ट बुझ्न सकिन्छ । तत्कालीन पुरुष प्रभुत्वशाली सामन्ती युगमा सामाजिक कार्यमा महिलाको भूमिका गौण रहन्थ्यो । जताततै पुरुषहरूकै बोलबाला रहन्थ्यो भन्ने कुरा बिजुवाको भूमिकाबाट प्रस्ट हुन्छ ।

यसरी यस उपन्यासमा सोमदत्त पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने पात्र हो । त्यसैगरी सूर्यदत्त, राजकुमार, बिजुवा तथा भिल्ल आदि पात्रहरू पनि पुरुष प्रभुत्वकै प्रतिनिधित्व गर्ने उपन्यासका गौण पात्रहरू हुन् ।

## २.४.२ *सुम्निमा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व

*सुम्निमा* उपन्यासमा सुम्निमा, पुलोमा, सुम्निमाकी छोरी, सुम्निमाकी आमा, सोमदत्तकी आमा आदि पात्रहरू नारी पात्रको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । यस उपन्यासमा उपन्यासकी प्रमुख नारी पात्र सुम्निमा हो । शैक्षिक दृष्टिकोणले यो सिङ्गो समुदाय नै मूलधारबाट वञ्चित छ । यस परिप्रेक्ष्यमा उपन्यासका सुम्निमा, पुलोमा आदि पात्रहरू शक्तिकेन्द्रबाट टाढा छन् । लैङ्गिक कोणबाट हेर्दा उपन्यासका नारी पात्रहरू सीमान्तकृत देखिन्छन् । यसरी यहाँ सीमान्तकृत समुदायका महिलाको शक्तिहीनता र विवशताको कारुणिक परिस्थितिलाई उपन्यासका केन्द्रमा प्रस्तुत गरेर कोइरालाले शक्तिहीन र आवाजविहीनहरूलाई कलाका माध्यमबाट शक्ति र आवाज दिने कार्य गरेका छन् ।

प्रस्तुत उपन्यासमा मुख्य रूपमा सुम्निमा, सुम्निमाकी छोरी र पुलोमा लैङ्गिक दृष्टिले सीमान्तकृत बन्न पुगेका नारी प्रतिनिधिमूलक पात्रहरू हुन् । यसमा पनि सुम्निमा, सुम्निमाकी आमा तथा उसकी छोरी वर्गीय हिसाबले पनि सीमान्तकृत बनेका छन् । उपन्यासकी प्रमुख पात्र सुम्निमा सामाजिक संरचनाकै कारण सीमान्तकृत बन्न पुगेकी छ । विचारधाराको अवचेतनले पुरुषलाई साहसी, शक्तिशाली, वीर, बलियो, नारीलाई कमजोर, डरपोक, रुन्चे तथा सहानुभूतिको पात्रका रूपमा लिने गर्दछ । यसकारण पुरुषको इच्छा, चाहनाविपरीत यदि नारीले व्यवहार गरी भने ऊ आफैँ पछुतो मान्छे र आफूलाई पुरुषको अगाडि सधैँ कमजोर ठान्छे भन्ने तथ्यलाई तलको उदाहरणबाट बुझ्न सकिन्छ :

> यस्तै चिन्ता र विकलताका साथ पुलोमा पनि नुहाउन कोशीतटमा पुगी । मनमा व्यग्रता भए पनि उसको शरीरमा असाधारण स्फूर्ति र अज्ञात प्रसन्नता थियो । सूर्यतर्फ मुख फर्काएर ध्यानमग्न भई अचल बसेको सोमदत्तलाई देखेर पुलोमाका हलुकासँग चलिरहेका गोडा लज्जाले अचानक भारी भए । ऊ धरतीमै गाडिएजस्ती भई । उसका गोडा अगाडि बढ्न सकेनन् । पुलोमालाई लाग्यो, सोमदत्तको अनुहारमा आज असाधारण दीप्ति छ; सूर्यको प्रकाश परेर त झन् उनको मुहुडा ऐश्वर्यमय भएको छ । त्यस्ता तापसी ब्राह्मणकी पत्नीको कुलटा आचरणलाई

सम्झेर पुलोमाले आफूलाई धिक्कारी,- 'हे भगवान् । किन मलाई यो पापमा बेर्यौ ? म किन आफ्नो तपस्वी पतिजस्तै हुन सकिनँ ?' (पृ. ६६)

माथिको उदाहरणमा पुलोमा सोमदत्तका अगाडि लजाएकी तथा रातमा भएका गतिविधिप्रति पछुतो मानेकी छ । उसलाई आफ्नो श्रीमान् सोमदत्तजस्तो तपस्वी बन्न नसकेकोप्रति आफूलाई धिक्कारेकी छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुलोमाजस्ता नारी पात्रहरू आफ्नो श्रीमान्लाई ईश्वरकै रूपमा स्थान दिन्छन् र आफू अनजानमै किनारीकृत बनेका हुन्छन् भन्ने साक्ष्य माथिको उदाहरणबाट प्रस्ट हुन्छ । नेपाली पुरुष प्रभुत्ववादी समाजमा नारीहरू सधैँ सङ्कोचका साथ बाँचेका हुन्छन् । उनीहरू पुरुषलाई सम्मान गर्दा गर्दै आफ्नो सामाजिक स्थान बिर्सन पुग्छन् । उपन्यासमा आफ्नो अस्तित्व आफैँले स्थापना गर्न नसक्ने नारी पात्रहरूको प्रतिनिधित्व यहाँ पुलोमाले गरेको देखिन्छ । उपन्यासकी प्रमुख नारी पात्र सुम्निमा हो । उपन्यासमा ऊ किराँत परिवारकी छोरी हुँदै आमाको भूमिकामा समेत देखिएकी छ । आफू अनार्य जातिमा जन्मिएकी उसले सोमदत्तको जीवनशैलीलाई परिवर्तन गराउन खोजेकी छ । सोमदत्तको मृत्युपछि आफ्नी छोरीको प्रेम सोमदत्तको छोरोसँग बसेको थाहा पाउँदा अप्ठेरो मानेकी छ । सुम्निमा लैङ्गिक तथा वर्गीय दृष्टिकोणले समेत सीमान्तकृत बनेकी पात्र हो । सुम्निमाको विचार उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> कहिलेकाहीं सुम्निमालाई पनि चिन्ता हुन्थ्यो । उसकी छोरी र सोमदत्तको छोरो अब केटाकेटी थिएनन् । केही दिनमा अब पूर्ण युवावस्थामा पुग्छन् उनीहरू । अब उनीहरूको के हुने हो भन्ने दुश्चिन्ता हुन्थ्यो सुम्निमालाई । उनीहरू दुवै आपसमा माया गर्छन् भन्ने सुम्निमालाई थाहा थियो, र त्यस कारण उसले आफ्नो मनमा यी दुवैलाई पतिपत्नीको रूपमा देख्न थालिसकेकी थी । तर कहिलेकाहीँ उसलाई दुश्चिन्ता हुन्थ्यो,-बाहुनको छोरो र किराती केटीको सम्बन्धको परिणाम कस्तो पो हुने हो कुन्नि । उनीहरू अर्कै खालका मानिस हुन्, हामी अर्कै खालका । सोमदत्तको छोरो किराँती समाजमा हुर्केकै भए पनि के भो र, उसको रगत त आर्य ब्राह्मणको नै छ !' (पृ. ९३)

माथिको उदाहरणमा सुम्निमाले सोमदत्तको छोरासँग आफ्नी छोरीको सम्बन्धलाई लिएर चिन्ता गरेकी छ । परम्परागत पुरुषवादी प्रभुत्वले स्थान लिएको समाजमा

सुम्निमाजस्ता नारी पात्रहरू सीमान्त बनेको देखिन्छ । वर्गीय हिसाबले सीमान्तकृत सुम्निमा लैङ्गिक दृष्टिले पनि सीमान्तकृत पात्र हो । यसरी यस उपन्यासमा पुलोमा, सुम्निमा, सुम्निमाकी छोरी आदि नारी पात्रहरूको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् ।

### २.४.३ ***सुम्निमा* उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व**

*सुम्निमा* उपन्यास लैङ्गिक रूपले सीमान्तहरूको प्रतिनिधित्व गराइएको उपन्यास हो । पितृसत्तात्मक सामाजिक संरचनालाई स्पष्ट रूपमा देख्न सकिने *सुम्निमा* उपन्यास लैङ्गिक सीमान्तीयताका दृष्टिले अध्ययनीय रहेको छ । तुलनात्मक रूपमा सीमान्तकृतहरूको न्यून प्रतिनिधित्व गराइए तापनि निकै मार्मिक रूपले गराइएको छ । उपन्यासमा चित्रित सीमान्तताको स्थिति वर्गीय रूपमा, जातीय रूपमा साथै धार्मिक रूपमा देखिए तापनि  लैङ्गिक रूपमा पनि रहेको पाइन्छ । यो उपन्यास सीमान्तकृतमैत्री उपन्यास हो । यसमा सीमान्तकृतहरूकै प्रतिनिधित्व गराइएको छ र सीमान्तकृत नारीको जीवन स्थितिलाई उद्घाटित गर्ने काम गरिएको छ । यस उपन्यासमा विशेषगरी सुम्निमा, पुलोमा, सुम्निमाकी आमा तथा छोरी साथै सोमदत्तकी माताले जीवनमा भोग्नुपरेका विविध परिस्थितिबाट उनीहरूको सीमान्तता र शक्तिहीनतालाई प्रस्फुटन गरिएको छ । उपन्यासमा चित्रित सम्पूर्ण पात्रहरू आआफ्नै ठाउँमा विशेषगरी वर्गीय कारणले सीमान्तकृत नै छन् । नेपाली समाजको विद्यमान परिस्थितिका कारण उनीहरूले बाध्यात्मक जीवन गुजारिरहेका छन् र उनीहरू केही गर्न नसक्ने शक्तिहीन अवस्थामा पुगेका छन् । यति हुँदाहुँदै पनि यस अध्ययनमा लैङ्गिक प्रतिनिधित्वका दृष्टिले सीमान्तकृतहरूको मात्र अध्ययन गरिने भएकाले तिनीहरूको विश्लेषण प्रस्तुत गरिएको छ ।

लैङ्गिक प्रतिनिधित्वका दृष्टिले यस  उपन्यासमा सबैभन्दा बढी सीमान्तकृत पात्रहरू सुम्निमा र पुलोमा नै रहेका छन् । त्यसैगरी सुम्निमाकी आमा र छोरी तथा सोमदत्तकी आमा पनि पुरुष प्रभुत्वले गर्दा सीमान्तकृत बनेका नारी पात्रहरू हुन् । नेपाली पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषले नारीमाथि आफ्नो प्रभुत्व जमाएका हुन्छन् भन्ने तथ्य उपन्यासमा देख्न सकिन्छ । पितृसत्तात्मक सामन्ती संस्कृतिले आफ्नो प्रभुत्वलाई बचाइ राख्न नेपाली नारीलाई विभिन्न किसिमका बन्धनहरूमा पारिरहेको तथ्य पनि उपन्यासमा देखिन्छ । उपन्यासकी प्रमुख पात्र सुम्निमा वर्गीय तथा लैङ्गिक दृष्टिबाट सीमान्तकृत पात्र हो । ऊ किराँत समुदायमा जन्मिएर पुरुष प्रभुत्वशाली समाजमा हुर्किएकी नारी पात्र हो ।

सुम्निमाले आफ्नो दुलाहाबाट सीमान्तकृत बन्न बाध्य भएको प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> एकछिन दुवैले केही बोलेनन् । चुप्प लागेर हिंडिरहे । सुम्निमाले भनी, “मेरो दुल्हा भन्छ, ‘सुम्निमा । मैले तिमीलाई पाइनँ ।’ त्यस्तो छ मेरो दुल्हा । रातभरि, म ऊसँग टाँस्सिएर सुतेकी हुन्छु तैपनि उसले मलाई पाएन रे । हाम्री छोरी पनि भई, तैपनि म उसलाई भेट्टिइनँ रे । ऊ भन्छ, ‘अब म काशी जान्छु, त्यहाँ बाहुन जस्तो गोत्र लिन्छु र म पनि ठूलो सपनालाई अँगाल्छु ।’ त्यस्तो पनि कसैले गर्ने हो, भन त सोमदत्त ? एक त किरातीले बाहुनको गोत्र लिने रे !” (पृ. ५६)

माथिको उदाहरणमा सुम्निमा आफ्नो पतिको प्रभुत्वबाट सीमान्त बनेको देखिन्छ । नारीले पुरुषसँग टाँसिएर सुत्दासमेत पुरुषले सन्तुष्ट नभएर अवहेलना गर्ने गरेको तथ्य यसबाट पुष्टि हुन्छ । सुम्निमाको लोग्ने कासी गएर जोगी बन्ने लक्ष्य राख्छ जबकि सुम्निमा नारी भएकै कारण आफ्नी छोरी हुर्काउनुपर्ने जिम्मेवारीबाट जेलिएकी छ । पुरुष प्रभुत्वशाली समाजमा महिलाहरू सधैं कमजोर र घरभित्रै सीमित हुन्छन् भन्ने यथार्थ सुम्निमाको स्थितिबाट बुझ्न सकिन्छ । उपन्यासमा सुम्निमा नारी भएकै कारण घरकै कामधन्दा र मेलापातमा व्यस्त हुन बाध्य भएकी छ । गाईवस्तु चराउनु तथा गोठाला गोठाल्नीहरूको सङ्गतमा जीवन व्यतीत गर्नु जस्ता कार्य सुम्निमाका दैनिक कार्य हुन् । यस उपन्यासकी अर्की सीमान्तकृत नारी पात्र पुलोमा हो । आर्य जातिकी बुहारीका रूपमा देखिएकी पुलोमा सोमदत्तकी श्रीमती हो । ऊ आफ्नो लोग्नेलाई असाध्यै श्रद्धा गर्छे । आफ्नो लोग्ने र परिवारका लागि शुद्ध भोजन तयार पार्नु तथा घरायसी काममा व्यस्त हुनु उनको दैनिकी हो । पुरुष प्रभुत्वशाली समाजमा पुरुषकै खुसीका लागि महिलाले भूमिका खेल्नुपर्छ जुन भूमिका उपन्यासमा सोमदत्तका लागि पुलोमाले निर्वाह गरेकी छ । पुलोमाको दैनिकी उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> पुलोमा उठ्थी, आफ्नो कुशासन बेरेर त्यही कोठाको भित्तामा अडाई राख्दथी । पतिका लागि एउटा लामो कुशासन फुकाएर भूईंमा ओछ्याइदिन्थी र त्यसका उपर एउटा पातलो कम्बल बिछ्याएर त्यस रातका लागि बिदा लिँदै पतिदेवको चरणमा मस्तक राख्दथी । पति गद्गद हुँदै आशीर्वाद दिन्थ्यो, “भाग्यवती भए, कल्याणी !” (पृ. ३६)

माथिको उदाहरणमा पितृसत्तात्मक समाजमा महिलाको स्थान र भूमिका देख्न सकिन्छ । पुरुषका हरेक कामहरूमा सहयोग गर्नु र जीवनभर पुरुषकै खुसीका लागि लागिरहनु नारीको कर्तव्य हो । पुरुष प्रभुत्वशाली समाजमा महिलाहरू सधैँ सीमान्तकृत बनेका हुन्छन् । महिलाहरू आफैँ पुरुषभन्दा आफूलाई कमजोर ठान्छन् । कतिपय अवस्थामा आफ्नै कारण आफू कमजोर बनेको कुरासमेत महिलाहरू बुझ्न सकिरहेका हुँदैनन् । उपन्यासमा सोमदत्तले पुलोमाबाट सन्तान प्राप्तिको आशा राखेको छ । सन्तान उत्पादनको साधनका रूपमा महिलालाई लिने पुरुष प्रभुत्वशाली मानसिकता उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> पुलोमाको भरखरैको उत्साह हठात् लोप भयो । उसलाई लाग्यो, लज्जा अस्वाभाविक र असामयिक रहेछ । लज्जा त प्रेमीका प्रति प्रदर्शित गर्ने तत्त्व पो हो त !
>
> उसले युद्धघोषणा गरेजस्तो चुनौतीको स्वरमा भनी, “म गर्भवती भएँ ।”
>
> सोमदत्तले उस्तै नीरस स्वरमा उत्तर दियो, “बेस भयो । अब तिमी पुत्रको कामना गर, जसले हाम्रो कुललाई तार्नेछ ।”
>
> पुलोमाले भनी,- “के त्यत्ति नै हो तिमीले भन्ने आज ?”
>
> सोमदत्तले पनि दृढ भएर भन्यो, “अरू के भन्ने त ? जुन काम साधारण नारी सहजै गर्न सक्छन् त्यसलाई यतिका दिनसम्म पनि गर्न नसकेर यदि आज तिमी सफल नै भयौ भने पनि कुन ठूलो कुरो भयो र ।” (पृ. ८२)

माथिको उदाहरणमा पुरुषहरू महिलालाई सन्तान उत्पादनको साधन मात्र ठान्छन् भन्ने देखिन्छ । महिलाले सन्तान जन्माएर हुर्काएर पुरुषहरूको वंश विस्तार गरिदिनु पर्छ । पुलोमाले आफू गर्भवती भएको खबर सुनाउँदा सोमदत्तले छोराको लागि प्रार्थना गर्न भनेको छ । पुरुषहरू सन्तानका रूपमा छोरा नै प्राप्त होस् भन्ने चाहन्छन् भन्ने साक्ष्य यहाँबाट बुझ्न सकिन्छ । महिलाले सन्तान उत्पादन गर्नु सामान्य कर्म हो भन्ने सोमदत्त ठान्दछ । ऊ पुलोमालाई तिमी गर्भवती हुनु महिला भएकाले सामान्य कुरा हो भन्दै महिलाको दुःखलाई बेवास्ता गरेको छ ।

यसरी यस उपन्यासमा लैङ्गिक रूपमा विषेशगरी सीमान्तकृत पात्रहरूमा सुम्निमा र पुलोमा नै हुन् । उनीहरू पुरुष प्रभुत्वको अगाडि सीमान्त बन्न पुगेका छन् । सुम्निमाले जीवनभर गोठालो गर्दै सन्तान जन्माउने र हुर्काउने काममा आफूलाई सुम्पिएकी छ । त्यस्तै पुलोमा सोमदत्तको खुसीका लागि सधैँ घरायसी काममा व्यस्त बनेकी छ । सोमदत्तको वंशविस्तारका लागि छोरा पाइदिन ऊ बाध्य बनाइएकी छ । अन्त्यमा सङ्घर्ष गर्दागर्दै मृत्युवरण गर्न पुगेकी पुलोमा यस उपन्यासकी लैङ्गिक दृष्टिले सीमान्तकृत पात्र हो । त्यसैले मुख्यगरी सुम्निमा र पुलोमा दुबै लैङ्गिक रूपले सीमान्तकृत नारी पात्रहरू हुन् ।

## २.५ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *मोदिआइन* उपन्यासको विश्लेषण

*मोदिआइन* (२०३६) विश्वेश्वरप्रसाद कोइरालाद्वारा रचित मिथकमा आधारित औपन्यासिक कृति हो । प्रस्तुत उपन्यासमा महाभारतको कुरूक्षेत्रको युद्धका प्रसङ्ग वा मिथकीय घटनालाई कथ्यको आधारका रूपमा लिइएको छ । मिथकीय पुनसिर्जनको रूपमा रहेको *मोदिआइन* उपन्यासमा महाभारतकालीन सभ्यता र संस्कृतिको पुनर्व्याख्या गर्दै भिन्न वैचारिक दृष्टिकोण प्रस्तुत गरिएको छ । हिन्दुहरूको आस्थाको केन्द्र र समस्त दर्शनको सार मानिने गीतादर्शनप्रति तार्किक असहमति जनाउँदै धर्मका नाममा हुने गरेका युद्धका मानव विनाशकारी पक्षमाथि प्रस्तुत उपन्यासमार्फत् प्रश्न उठाइएको छ । प्रस्तुत उपन्यास लघु उपन्यासका रूपमा देखिए तापनि अत्यन्त सशक्त रहेको छ ।  विश्वका समस्त धर्महरूको सार मानवजातिको कल्याण भएकोतर्फ सङ्केत गर्दै गीतादर्शनलाई समयसन्दर्भानुरूप पुनर्व्याख्या गर्दै *मोदिआइन* उपन्यासमा मानवतावादी विचारदर्शनको प्रतिपादन र व्याख्या गरिएको छ । यस उपन्यासमा संहारकारी युद्धको विरोध गरिएको छ । महाभारतकालीन विषयवस्तुलाई आजको सन्दर्भसँग जोड्दै युद्धविरोधी विचार प्रस्तुत गरिएको छ ।

महाभारतकालीन युद्धमा धेरै नरसंहार भएको र त्यसमा महिला, बालबालिकाहरू क्षतविक्षत भएको प्रसङ्ग उपन्यासमा प्रस्तुत भएको छ । मोदिआइन, मोदि, मछुवारिन, नारी, द्रौपदी, मिसिरजी, मपात्र, महाभारतका विभिन्न पात्रहरू  जस्ता पात्रहरू उपन्यासमा चित्रण गरिएका छन् । नेपाललगायत भारतको दरभङ्गा तथा महाभारतकालीन परिवेशलाई उपन्यासले अँगालेको छ । मोदिआइनले मपात्रलाई सुनाएको हडाहा पोखरीको कथाका सन्दर्भमा महाभारतकालीन युद्धको परिवेश उपन्यासमा चित्रण भएको छ । जसमा धेरै

पात्रहरू सीमान्तकृत बन्न पुगेका छन् । युद्धकालीन परिवेशको चित्रण गर्ने क्रममा मिथकीय विषयवस्तुलाई चित्रण गरिएको छ । पाण्डव र कौरव पक्षको तर्फबाट युद्ध लडेका असङ्ख्य लडाकुहरू, उनीहरूका श्रीमतीहरू, बालबच्चाहरू आदि उपन्यासमा सीमान्तकृत पात्रका रूपमा देखिन्छन् । प्रस्तुत अध्ययनमा *मोदिआइन* उपन्यासमा चित्रण भएका पात्रहरूको अध्ययन विश्लेषण गरिएको छ ।

## २.५.१ *मोदिआइन* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व

*मोदिआइन* उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक विचारधाराको प्रतिनिधित्व गर्ने प्रत्यक्ष पुरुष पात्रहरू मिसिरजी र मोदि हुन् । मिथकीय सन्दर्भमा जोडिएर आएका पाण्डवहरू, कौरवहरू, सेनाहरू, कृष्ण आदि पनि पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । पुरुष प्रभुत्वशाली समाजमा महिलाको तुलनामा पुरुषहरू शक्तिशाली हुन्छन् भन्ने तथ्य उपन्यासमा विभिन्न प्रसङ्गमा देख्न सकिन्छ । विभिन्न पुरुष पात्रहरूका माध्यमबाट समाजमा पुरुषको स्थान कस्तो छ भन्ने देखाइएको छ । समाजमा पुरुषको सदा सम्मान गरिन्छ । पुरुषहरूले घरभित्रको काममा खट्नु पर्दैन । पुरुषहरू बहादुर र निडर हुन्छन् भन्ने कुरा उपन्यासमा देखाइएको छ । उपन्यासको प्रारम्भमा नै पुरुष घरभन्दा बाहिरको काममा सक्रिय हुने प्रसङ्ग यसरी आएको छ : “म भन्दै थिएँ, धेरै पहिलेको कुरा हो यो । हाम्रो गुमास्ता र घरको परम हितैषी मिसिरजीले उनको आफ्नो काममा दरभङ्गा जाने तयारी गरेको देखेर मैले पनि जिद्दी गरें-मिसिरजी, म पनि जान्छु” (पृ. ३) ।

उपन्यासका पुरुष पात्र मिसिरजी आफ्नो कामका लागि नेपालभन्दा बाहिर भारतको दरभङ्गा जान लागेको प्रसङ्ग माथिको उदाहरणबाट प्रस्ट हुन्छ । यसबाट पुरुषहरू घरबाहिरको काममा सक्रिय हुने देखिन्छ । दरभङ्गा जाने क्रममा रेलयात्रापछि कुल्लीहरूको चित्रणसमेत उपन्यासमा भएको छ । जसमा कुल्लीहरू पुरुष भएकै कारण अर्काको भारी बोक्ने काममा सरिक भएको देख्न सकिन्छ । कुल्लीहरू पुरुष भए तापनि वर्गीय रूपमा भने सीमान्तकृत बन्न पुगेका छन् । जसको उदाहरण यसप्रकार छ :

> सानो कुल्लीले मनेर आएर भन्यो- “म त्यो पोको पुऱ्याइदिन्छु बाहिर, आधा पैसामा।”

> भीख मागेको जस्तो गरेर त्यसले भनेको थियो । त्यसको शरीरमा एउटा कौपिन मात्र थियो । मैले मिसिरजीतिर हेरें । उनले ठूलो डाकोमा कुल्लीलाई हकारे- "भाग् ! " (पृ. ८)

माथिको उदाहरणमा रेलयात्रीको सामान बोकिदिन आएका कुल्लीहरूको कारुणिक दृश्य देख्न सकिन्छ । उनीहरू पुरुष भएरै कुल्लीको भूमिकामा देखिएका छन् भने वर्गीय रूपमा सीमान्त पात्रहरू हुन् । उपन्यासमा चित्रण गरिएका अर्का पुरुष पात्र मोदि हुन् । मोदिआइनका पति मोदि बिरामी भएर बसेका छन् । उनको हेरचाह मोदिआइनले गरिरहेकी छिन् । मोदिआइनले मपात्रलाई पोखरीमा नुहाउन नजानु भनेर सुझाव दिइरहँदा उनी मोदिआइनप्रति क्रुद्ध भएको देखिन्छ । हाम्रो समाजले महिलालाई जान्ने भएको देख्न चाहँदैन भन्ने कुरा तलको साक्ष्यमा देखिन्छ : "खोकिरहने मोदीले कुनाबाट नाकेबोलीमा भन्यो- "मोदिआइन, यो तेरो कस्तो बानी, जसलाई पनि अर्तीउपदेश मात्र दिइरहन्छेस् " (पृ. १७) ।

पुरुष प्रभुत्वशाली समाजमा महिलाहरू कमजोर ठहरिन्छन् । उनीहरूले महत्त्वपूर्ण कुरा गर्न मिल्दैन । पुरुष हठले महिलालाई जान्ने भएको देख्न सक्दैन भन्ने कुरा माथिको उदाहरणका आधारमा बुझ्न सकिन्छ । उपन्यासमा चित्रण गरिएका अन्य पुरुष पात्रहरूमा पाण्डव र कौरव तथा उनीहरूका सेनाहरू हुन् । उपन्यासकी नारी पात्र नारीको श्रीमान् तथा देवर पनि पुरुष पात्रका रूपमा सक्रिय भूमिकामा देखिएका छन् । नारीका पति तथा देवर कौरव पक्षका सैनिक थिए । उनीहरू युद्धको तयारी गरिरहन्थे । पुरुष भएकै कारण उनीहरू युद्धका लागि समर्थ रहेको देखिन्छ । पुरुषहरू शक्तिशाली र युद्ध गर्न साहसी हुन्छन् भने महिलाहरू कमजोर, काँतर र डरपोक हुन्छन् भन्ने कुरा उपन्यासमा यसरी चित्रण भएको छ :

> भोलिपल्ट गाउँमा कुनै पनि पुरूष रहेनन् । मेरा बा र भाइ पनि उता पाण्डव सेनामा भर्ती भएका छन् भन्ने खबर पाएँ । दुलाहा र देवर कौरव सेनामा, बा र भाइ पाण्डव सेनामा । कसले कसलाई वध गर्ने, यो स्वजातीय हत्याकाण्डले कसको जय कसको पराजय हुने हो, हे परमात्मा ! (पृ. ५७)

माथिको उदाहरणमा पुरुष प्रभुत्वशाली समाजमा पुरुषहरू युद्ध गर्नका लागि बहादुर हुन्छन् भने महिलाहरू डरपोक र कमजोर हुन्छन् भन्ने देखाइएको छ । नारीका बुबा, भाइ, दुलाहा, देवर आदिजस्ता पुरुष पात्रहरू सैनिक बनेर पाण्डवका तर्फबाट युद्ध लड्न तयार

भएका छन् । उनीहरूमा पुरुष हठ सहजै देख्न सकिन्छ । यहाँ कुनै पनि महिलालाई युद्धमा पठाइएको छैन । पुरुष प्रभुत्वले महिलालाई घरभित्र मात्र सीमित राखेको देख्न सकिन्छ । पुरुषहरूको अभावमा महिलाहरू बेसहारा बन्ने र उनीहरूको बाँच्ने आधारसमेत नहुने कुरा उपन्यासमा गरिएको छ । पुरुषको मृत्युसँगै महिलाको पनि मृत्यु भएको मानिने कुरा उपन्यासमा नारी मात्रकै माध्यमबाट प्रस्तुत भएको छ । पुरुष प्रभुत्वका कारण महिलाहरू पुरुषमा निर्भर रहन्छन् र उनीहरू सीमान्तकृत बन्न पुग्छन् । महाभारतकालीन युद्धमा धेरै पुरुषहरूको मृत्यु भएको देखाइएको छ । कृष्णको उक्साहटमा पाण्डव तथा कौरव पक्षधर असङ्ख्य सेनाहरू मारिए । जो सबै पुरुषहरू थिए । उनीहरू बहादुर भएकै कारण मारिएका थिए भन्ने बुझ्न सकिन्छ । पितृसत्तात्मक समाजमा पुरुषको महत्त्व नारीकै तर्फबाट यसरी प्रस्तुत भएको छ :

> मेरो एउटा मृत्यु त कुरूक्षेत्रमा भयो । जुन दिन मेरा पति मरे होलान्, अर्को मृत्युका लागि धेरै दिन पर्खिनु परेन । मलाई थाहा छैन कुन दिन म मरें । कुन दिन मेरो मानवदेह विसर्जित भयो । मसरह लाखौंलाख नारीहरूको प्रेतात्मा आफ्नो अनन्तको वैधव्यको व्यथा बोकेर चौधै भुवनमा भौंतारिएर हिँडिरहेका छन्, आफ्ना प्यारालाई खोज्दै । (पृ. ७१)

माथिको उदाहरणमा महिलाहरू आफ्नो पतिको मृत्युसँगै मर्ने र उनीहरू सधैँ पतिको खोजीमा रहने कुरा गरिएको छ । पुरुष प्रभुत्वकै कारण महिलालाई भन्दा यहाँ पुरुषलाई बढी प्रथमिकता दिइएको हो । युद्धमा पतिको मृत्यु भएपछि महिलाहरू विधवा बनेर उनै पतिको सम्झनामा रहन्छन् भन्ने कुरासमेत उपन्यासमा देखाइएको छ । ग्राम्सीले भनेझैँ सीमान्तकृत वर्ग वा समुदायहरू प्रभुत्वशाली वर्गको प्रभुत्वले गर्दा कमजोर बन्न पुग्छन् । यस उपन्यासका नारी पात्रहरू पितृसत्तात्मक समाजमा पुरुषहरूको भूमिकाका कारण कमजोर बन्न पुगेका छन् । प्रस्तुत उपन्यासमा मिसिरजी, मपात्र, मोदि, पाण्डव, कौरव, विभिन्न क्षेत्रिय सेनाहरू, कुल्लीहरू आदि प्रत्यक्ष र अप्रत्यक्ष रूपमा पुरुष पात्रको प्रतिनिधित्व गर्दै उपस्थित भएका छन् ।

### २.५.२ *मोदिआइन* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व

*मोदिआइन* उपन्यासमा नारी पात्रहरूको प्रतिनिधित्व मोदिआइन, मछुवारिन, नारी, द्रौपदी आदि पात्रहरूले गरेका छन् । त्यसमा पनि कथामा वर्णित पात्र नारीलाई मुख्य रूपमा

उपन्यासमा चित्रण गरिएको छ । शैक्षिक दृष्टिले यो सिङ्गो समुदाय मूलधारभन्दा टाढा देखिन्छ । यी पात्रहरू शक्तिकेन्द्रभन्दा पर छन् । फुकोका आनुसार शक्तिको मुख्य स्रोत ज्ञान हो । त्यही ज्ञानका अभावमा समाजमा महिलाहरू सीमान्तकृत बन्न पुग्छन् । कतिपय नारी पात्रहरू आफूमा ज्ञान भएर पनि आफ्ना चाहनाहरूलाई बिर्सिएर सामाजिक संरचना, धर्म, संस्कार, संस्कृति, रीतिरिवाज तथा बनावटी आडम्बरका कारण समाजमा पछि पारिएका छन् । प्रस्तुत उपन्यासमा महिलाको सामाजिक हैसियत र बाध्यात्मक अवस्थालाई चित्रण गर्दै कोइरालाले कलाका माध्यमबाट उनीहरूमा आवाज भर्ने काम गरेका छन् ।

प्रस्तुत उपन्यासमा सामाजिक संरचनाका कारण महिलाहरू सीमान्तकृत बन्न पुगेका छन् भन्ने कुराको जीवन्त चित्रण गरिएको छ । उपन्यासकी महिला पात्र मोदिआइन सानोतिनो व्यापार गरेर जीवन निर्वाह गर्ने पात्र हो । उनी आफ्नो रोगी पतिलाई दिनरात सेवा गर्छे । उनको ठाउँमा यदि पत्नी बिरामी भएको भए पुरुषले त्यति हेरचाह गर्ने कुरा विश्वास गर्न सकिदैन । उपन्यासमा मोदिआइनको भूमिका यसरी प्रस्तुत भएको छ :

> मिसिरजीलाई खाना ख्वाइवरी ऊ भित्र आफ्नो कोठामा गई । मोदी पनि खोक्तैखोक्तै उसको पछि लागेर भित्र पस्यो । मलाई लाग्यो, उनीहरू पनि दिउँसोको भोजन गर्न थाले । मुखमा गाँस राखेको स्वरले मोदिआइनले भित्रबाट भनी - "त्यहाँ कौवा-चिल आउला, हेरिदिनुहोला । म एकछिनमा आउँछु ।" (पृ. १८)

मोदिआइन आफ्ना सन्तान नभएकी महिला हो । उसमा आफ्नो पतिप्रतिको र मपात्रप्रतिको स्नेह प्रस्ट देख्न सकिन्छ । ऊ हरेक दिन व्यापार गर्ने, ग्राहकको सेवा गर्ने र दैनिक घरायसी काममा व्यस्त हुने महिला पात्र हो । आफ्नो रोगी पतिलाई खाना ख्वाउनु र उनको हेरचाह गर्नु उसको दैनिकी रहेको छ । यस उपन्यासमा हडाहा पोखरीको छेउमा बसेर माछा बेच्ने नारी पात्र मछुवारिन पनि एक महिला सीमान्तकृत पात्र हो । ऊ महाभारतकालीन युद्धमा आफ्ना पतिको मृत्युपछि छट्पटाएर बाँचेकी पात्रको रूपमा देखिएकी छ । उनी यस उपन्यासकी स्वैरकाल्पनिक पात्रका रूपमा देखिएकी छ । माछा व्यापारीका रूपमा चित्रण गरिएकी मछुवारिन सीमान्तकृत पात्र हो भन्ने तथ्य तलको उदाहरणका आधारमा बुझ्न सकिन्छ :

> एकदिन ऊ सधैंको जस्तो माछा लिएर तलाउको किनारामा आफ्नो कुनामा आएर बसी । त्यसदिन एउटा ठूलो रोहु माछा थियो उसको डालामा । त्यसै बखतमा

दरभङ्गा राजाको एउटा नामी तान्त्रिक तलाउमा न्वहाएर दुर्गा कवच पाठ गर्दै आइरहेको थियो । उसले रातो धोती, रातो भोटो र रातो काने टोपी लगाएको थियो । मछुवारिनको डालोको त्यो राम्रो रोहुलाई देखेर त्यसलाई किन्यो । मछुवारिन त्यत्रो ठूलो माछा एउटा ग्राहकले किनेकोले खुसी भई र हाँसेर पण्डितलाई भनी “पण्डितज्यू, तपाईंको घरभरिलाई यसले मनग्गे पुग्ला ।” (पृ. २३-२४)

माथिको उदाहरणमा मछुवारिन एउटी माछा व्यापार गरेर जीविकोपार्जन गर्ने सीमान्तकृत महिला पात्रका रूपमा देखिएकी छ । उपन्यासमा चित्रण गरिएकी अर्की महिला पात्र नारी हो । ऊ महाभारतकालीन युद्धमा आफ्ना पतिलाई गुमाएर बेसहारा बन्न पुगेका असङ्ख्य महिलाहरूको प्रतिनिधित्व गर्ने पात्र हो । पाण्डव र कौरवको युद्धमा सिपाहीका रूपमा रणमैदानमा उत्रेका पुरुष योद्धाहरूको देहावसानले कयौँ महिलाहरू विधवा बनेर छट्पटीमा बाँच्न विवश बनेको तथ्य नारीको माध्यमबाट प्रस्तुत गरिएको छ ।  उपन्यासमा ‘नारी’ भनेर सम्बोधन गरिएकी नारी पाण्डवपक्षीय एक क्षत्रिय परिवारकी छोरी र कौरवपक्षीय वीर सिपाहीकी नवविवाहिता पत्नी हो । बाल्यकालमै पाण्डवहरूको वनवाससँगै नारीको परिवारले शरणार्थी भएर कौरव राज्यमा पुगेर उपेक्षित हुँदा उसमा मानसिक हिंसाको एक किसिमको मनोवैज्ञानिक त्रास देखिन्छ । त्यस्तै युवती भएपछि शत्रु सेनाले केही गर्लान् कि भनी लुकीछिपी हिँड्नुपर्दा उनी सीमान्तकृत बन्न पुगेको देखिन्छ । उपन्यासमा नारी पात्रको सीमान्त अवस्था यसरी प्रस्तुत भएको छ :

समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काँप्न थाल्यौँ । मनमनैमा आफ्ना पति, भाइ, दाजु वा काकाहरूलाई सम्झेर ईश्वरसँग पुकारा गर्न थाल्यौँ ,हे ईश्वर, सबैको रच्छे गर । म भरखर यौवनको प्रथम प्रहरमा उभिएकी नारी बाण लागेकी हरिणीजस्तै छट्पटाउँदै भन्थेँ- मेरो ललाटको सिंदूर, परमात्मा कहिले पनि नपुछ । (पृ. ५३)

नारीले आफ्ना अन्य प्रियजन बाबु, काका, दाजुभाइ अनि आफ्नो पतिलाई पनि कुरुक्षेत्रको युद्धमा बिदाई गर्नु परेको छ । आँखामा दाम्पत्य जीवनको सुनौला सपनाहरू सजाएर भर्खर गृहस्थी जीवनमा प्रवेश गरेकी युवती नारीमा पाण्डव र कौरव पक्षबीचको युद्धले पीडा थपेको छ । हरेक क्षण युद्ध नहोस् र शान्तिले बाँच्न पाइयोस् भनी कामना गर्ने नारी अन्य सहेलीहरूसँग तड्पिदै बसेकी छ । युद्धमा आफ्नो पतिलाई गुमाउनुपर्दा बेसहारा

बन्न पुगेकी ऊ प्रियतम्को खोजीमा जुगौंदेखि भौंतारिएकी सीमान्तकृत पात्र हो । उनीलगायत अन्य महिलाहरूको दुरावस्था उपन्यासमा यसरी चित्रण भएको छ :

> हामीले आफू नारी भएको स्थितिलाई सम्झेर आपसमा मुखामुख गऱ्यौं । आपसमा भन्नेसुन्ने कुरो त केही थिएन । हृदयको एकान्तको त्रासमय उद्विग्नता हाम्रो शून्य आँखाबाट च्याइरहेको थियो । गुफाको अन्धकारमा लुक्न गएको कुनै भयत्रस्त असहाय पशुको दीन अनुहारमा टल्केको आँखा जस्ता । (पृ. ६१)

माथिको उदाहरणमा महाभारतको युद्धमा महिला पात्रहरूको छट्पटीलाई देखाइएको छ । नारीलगायत अन्य महिलाहरू आफ्ना पतिको सुरक्षाका लागि प्रार्थना गरिरहेका छन् । उनीहरू आफ्ना पुरुषको अभावमा एक्लो र बेसहारा अनुभव गरिरहेका छन् । युद्धमा निडरताका साथ होमिएका पुरुषहरूको लागि अत्यन्तै डर र कमजोर महसुसका साथ प्रार्थना गर्नु महिलाको बाध्यता बनेको छ । पुरुषको साथमा हुँदा पनि आफूलाई पुरुषभन्दा कमजोर ठान्ने महिलाहरू पुरुषको मृत्युपछि झन् बेसहारा र सीमान्तकृत बन्न पुग्छन् भन्ने तथ्य नारी पात्रमार्फत् प्रस्तुत भएको छ । प्रस्तुत उपन्यासकी अर्की महिला पात्र द्रौपदी हो । ऊ पाण्डवहरूकी पत्नी हो । जुवाको खेलमा बाजीमा राखिएकी उनी नेपथ्य पात्र भए तापनि पाण्डव र कौरवका बिचमा सीमान्त बन्न पुगेकी छ । सबैथोक हारेपछि आफ्नै श्रीमतीलाई समेत जुवामा थाप्ने पुरुष हठलाई यहाँ देख्न सकिन्छ । दुर्योधनले द्रौपदीमाथि गरेको बेइज्जती कै कारण कुरुक्षेत्रमा युद्ध हुन गएको देखिन्छ । आफ्नो बेइज्जतीलाई सहन नसकी पतिहरूलाई युद्धमा उकास्ने चरित्र उनमा देखिन्छ । यद्यपि द्रौपदी पनि यस उपन्यासकी महिला सीमान्तकृत पात्र हो ।

यसरी मोदिआइन उपन्यासमा मोदिआइन, मछुवारिन, नारी, द्रौपदी, तथा अन्य महिला पात्रहरू प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा नारी पात्रको प्रतिनिधित्व गर्दै उपस्थित भएका छन् । जसले समाजमा महिलाको स्थान र भूमिकालाई प्रतिनिधित्व गरेका छन् ।

### २.५.३ *मोदिआइन* उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व

*मोदिआइन* उपन्यास मिथकीय उपन्यास हो । यस उपन्यासमा महाभारतकालीन युद्धको विषयलाई मुख्य रूपमा उठान गरिएको छ । यहाँ प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पुरुष र महिला पात्रहरूको प्रतिनिधित्व गराइएको छ । प्रतिनिधित्वमा देखिने सीमान्तता लिङ्गका

आधारमा देखिन्छ । पितृसत्तात्मक सामाजिक संरचना, धर्म, संस्कृति, संस्कार, युद्ध साथै सामाजिक संरचनाका कारण प्रस्तुत उपन्यासकी केन्द्रीय पात्र नारी सीमान्तकृत बन्न पुगेकी छ । यसरी यो उपन्यास सीमान्तकृतमैत्री उपन्यास हो । यसमा सीमान्तकृतकै प्रतिनिधित्व गराइएको छ र सीमान्तकृत महिलाका जीवन स्थितिलाई उद्घाटित गर्ने काम पनि गरिएको छ । यस उपन्यासमा मोदिआइन, नारी, मछुवारिन तथा द्रौपदीले जीवनमा भोग्नुपरेका विविध कारुणिक परिस्थितिबाट उनीहरूको सीमान्तता तथा शक्तिहीनतालाई प्रस्फुटित गरिएको छ । उपन्यासमा चित्रित पात्रहरू सबै आआफ्नै ठाउँमा सीमान्तकृत छन् । पितृसत्तात्मक समाजको विद्यमान परिस्थितिका कारण उनीहरूले बाध्यात्मक जीवन गुजारिरहेका छन् र उनीहरू केही गर्न नसक्ने शक्तिहीन अवस्थामा पुगेका छन् । प्रस्तुत सन्दर्भमा यस अध्ययनमा लैङ्गिक प्रतिनिधित्वका दृष्टिले सीमान्तकृतहरूको मात्र अध्ययन गरिने भएकाले तिनको विश्लेषण गरिएको छ ।

लैङ्गिक प्रतिनिधित्वका दृष्टिले यस उपन्यासमा सबैभन्दा बढी सीमान्तकृत पात्र नारी हो । नारी लैङ्गिक दृष्टिकोणबाट मात्र नभई वर्गीय दृष्टिले पनि सीमान्तकृत पात्र हो । त्यति मात्र नभएर समाजमा अनादिकालदेखि चलिआएको संस्कार, संस्कृति, परम्पराआदिले पनि उसलाई सीमान्तकृत तुल्याएको छ । यसरी विभिन्न कोणबाट चापमा परी सीमान्तकृत बन्न पुगेकी उपन्यासकी महिला पात्र नारी हो । लैङ्गिकताकै आधारमा अर्थात् नारी एउटी महिला भएकै कारण बाल्यकालदेखि युवावस्थासम्म बारम्बार सीमान्तकृत बन्न पुगेकी छ । समाजमा छोरा र छोरीका बीचको भेदभाव छरपष्ट देख्न सकिन्छ । छोरा भएका कारण छोराबाई स्वतन्त्र, साहसी, बौद्धिक, मालिक बनाइदिने समाजले छोरीलाई कमजोर, डरपोक र परनिर्भर बनाएको छ । क्षत्रिय परिवारमा जन्मिएकी नारी आफ्ना सबै पुरुष आफन्तहरू युद्धमा मारिन पुग्दा अत्यन्त विक्षिप्त र पीडित बनेकी छ । युद्धमय परिवेशमा नारी आफ्ना पति युद्धमा सामेल भएको बेला अत्यन्त विक्षिप्त बनेको प्रसङ्ग उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> म विक्षिप्तजस्तो भएर गाउँको उत्तरपट्टिको एउटा ठूलो ढिस्कोका उपर चढें, जहाँबाट बिहानको सफा प्रकाशमा कुरुक्षेत्र टलपल गरेको देखिन्थ्यो । मजस्तै अरू पनि धेरै ग्रामीण नारीहरू, कोई आफ्ना सन्तानलाई छातीमा टाँसेर, आफ्नो शरीरको भार थाम्न नसकेर घुँडा टेकेर त्यहाँ बसिरहेका थिए । सबैको शून्य दृष्टिले

कुरूक्षेत्रमा तरङ्गित भइरहेको मानवसमुद्रमा आफ्नाआफ्ना प्यारालाई खोजिरहेका थिए । (पृ. ५८-५९)

माथिको उदाहरणमा उपन्यासकी महिला पात्र नारीलगायत अन्य महिलाहरूको कारुणिक अवस्था चित्रण भएको छ । आफ्ना पतिहरू युद्धमा होमिएपछि महिलाहरू बालबच्चासहित बेसहारा बनेको देखिन्छ । आफ्ना पतिको अभावमा महिलाहरू कमजोर र सहाराबिहीन हुन्छन् भन्ने कुरा यहाँ देखाइएको छ । हाम्रो सामाजिक संरचनाले पुरुषलाई निडर र सहासी तथा महिलालाई डरपोक र कमजोर बनाएको तथ्य माथिको उदाहरणका आधारमा बुरुन सकिन्छ । यस उपन्यासमा लैङ्गिक रूपले सीमान्तकृत बनाइएकी अर्की महिला पात्र मोदिआइन हो । उसलाई आफ्नो घरव्यवहार चलाउनका लागि सानोतिनो व्यापार गर्नु परेको छ । आफ्नो रोगी पतिको स्याहार गर्नु परेको छ । ऊ हरक्षण घरभित्रकै काममा व्यस्त हुन्छे । मिठाई बनाउने, बेच्ने, खाना बनाउने, पाहुनाको सत्कार गर्ने तथा घरायसी कामधन्दामै सीमित हुने उनको दिनचर्या उपन्यासमा उल्लेख गरिएको छ । ऊ लैङ्गिक रूपमा सीमान्त बन्न पुगेकी पात्र हो । त्यसैगरी अर्की लैङ्गिक सीमान्त पात्र मछुवारिन हो । पोखरीको छेउमा ढाकीमा माछा ल्याएर बेच्ने उसको दैनिकी हो । मछुवारिनको सन्दर्भ उपन्यासमा यसप्रकार उल्लेख भएको छ :

> त्यस बखत यो तलाउ एउटा सानो वापी थियो झारैझारले घेरिएको, बसेर एउटी मछुवारिन माछा बेच्थी । मछुवारिन अल्गी थी, हिस्सी परेकी र मोटी र जस्तो कि चलन छ, उसको शरीरभरि चाँदीका गहनाहरू रहन्थे । उसको घर कहाँ थियो, ऊ कहाँ माछा मार्थी, यी सब कुरा कसैलाई थाहा थिएन, तर उसका माछा असल हुन्थे, त्यसो हुनाले ऊ आफ्नो ठाउँमा बस्दानबस्दै उसका माछाको बिक्री भैसक्थ्यो ।" (पृ. २३)

माथिको उदाहरणमा मछुवारिन महिला पात्रको माछा बेच्ने दिनचर्याको उल्लेख भएको छ । यहाँ उनलाई माछा बेच्ने महिलाका रूपमा चित्रण गरिनु पनि सामाजिक संरचनाको प्रभाव हो । ऊ महिला भएकै कारण माछा बेच्ने काम गर्छे । ऊ पनि महाभारतकालीन युद्धमा मारिएका आफ्ना पतिको सम्झनामा छट्पटिएकी महिला हो । त्यसैगरी प्रस्तुत उपन्यासमा लैङ्गिक सीमान्त पात्रका रूपमा द्रौपदीलाई पनि मान्न सकिन्छ । पाण्डवहरूकी पत्नी द्रौपदी जुवाको खेलमा बाजीका रूपमा थापिन पुगेकी महिला हो ।

उनी दुर्योधनले सभामै बेइज्जत गरेपछि आफ्ना पतिहरूलाई युद्धका लागि उकास्ने पात्र हो । महिलाहरूलाई पुरुषहरूले बाजीमा समेत थाप्ने पुरुष प्रभुत्वको प्रतिनिधित्व उनको भूमिकाबाट चित्रण भएको छ ।

यसरी यस उपन्यासमा लैङ्गिक रूपमा विशेषगरी सीमान्तकृत पात्रहरूमा मोदिआइन, नारी, मछुवारिन र द्रौपदी देखिन्छन् । उनीहरूमाथि प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा पुरुष प्रभुत्वको प्रभाव देखिन्छ । आफ्ना पतिलाई उच्चाशनमा राख्नु, पतिकै लागि जीवन समर्पण गर्नु, पतिको मृत्युमा छट्पटिएर जीवन व्यतीत गर्नुजस्ता कार्यहरू लैङ्गिक सीमान्तताका उदाहरण हुन् । महाभारतकालीन समयमा समेत महिलाहरू पीडित र लैङ्गिक विभेदको सिकार भएका थिए भन्ने कुरा उपन्यासबाट बुझ्न सकिन्छ । विवाह गरेर पुरुषको घर जानुपर्ने, पतिको मृत्युपछि विधवा जीवन बिताउनुपर्ने, पुरुषबिना बेसहारा बन्नुपर्ने तथा कमजोर र डरपोकका रूपमा महिलालाई देखाइएको छ । त्यसैले मुख्य गरी यस उपन्यासमा नारी, मछुवारिन, मोदिआइन र द्रौपदी लैङ्गिक रूपमा सीमान्तकृत महिला पात्रहरू हुन् ।

## २.६ लैङ्गिक प्रतिनिधित्वका दृष्टिमा *बाबु, आमा र छोरा* उपन्यासको विश्लेषण

*बाबु, आमा र छोरा* (२०४५) विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा पुरुषले दोस्रो विवाह गरेको प्रसङ्ग उल्लेख गरिएको छ । नेपाल तथा भारतको परिवेश समेटिएको यस उपन्यासमा प्रत्यक्ष रूपमा बाबु, जेठी श्रीमती, कान्छी श्रीमती उमा र छोरा शिवप्रसाद गरी चारजना पात्रहरू रहेका छन् । काठमाडौँका बासिन्दा बाबुपात्र सम्पन्न परिवारका पुरुष हुन् । उनले अनपढ तर घरधन्दामा सिपालु महिलासँग विवाह गरेका छन् । जेठी श्रीमतीबाट एउटा छोरो जन्मिएपछि जन्मिएका अन्य सन्तानहरू नबाँचेपछि बाबु पात्रले जेठी श्रीमतीकै आग्रहमा जेठीको मृत्युपछि दोस्रो विवाह गरेको घटना उपन्यासमा चित्रण गरिएको छ । आफूभन्दा २५ वर्ष कान्छी श्रीमती उमासँग दोस्रो विवाह गरेको र छोरासँगको पुनर्मिलनले उपन्यासमा रोचकता थपेको देखिन्छ ।

यस उपन्यासमा नारी पात्रलाई पुरुषको तुलनामा कमजोर देखाइएको छ । कोइरालाद्वारा लिखित प्रस्तुत उपन्यासमा नेपाली परम्परागत पितृसत्तात्मक समाजमा महिलाको सीमान्त अवस्थालाई चित्रण गरिएको छ । पितृसत्तात्मक पुरुष प्रभुत्वशाली

सामाजिक संरचनाको प्रतिनिधित्व गर्ने पात्रका रूपमा बाबु पात्र र छोरा शिवप्रसाद रहेका छन् । त्यसैगरी सो पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामाजिक संरचनाद्वारा उत्पीडित बन्न पुगेका पात्रका रूपमा जेठी श्रीमती र कान्छी श्रीमती उमा रहेका छन् । यस उपन्यासमा कोइरालाले आफ्नो उद्देश्य पूरा गर्नका लागि पुरुष र महिला दुबै पात्रहरूको समानान्तर प्रतिनिधित्व गराएका छन् । प्रस्तुत सन्दर्भमा उपन्यासको लैङ्गिक दृष्टिबाट अध्ययन विश्लेषण गरी नारी र पुरुष दुबैको प्रतिनिधित्वको खोजी गरिएको छ ।

### २.६.१ *बाबु, आमा र छोरा* उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व

*बाबु, आमा र छोरा* उपन्यासमा पितृसत्तात्मक समाजमा पितृसत्तात्मक विचारधारालाई प्रतिनिधित्व गर्ने प्रमुख पात्र बाबु हो । उसले पुरुष प्रभुत्वशाली सामन्ती संस्कृतिको प्रतिनिधित्व गरेको छ । उसैको माध्यमबाट समाजमा पुरुषको स्थान कुन र कस्तो छ भन्ने कुराको प्रतिनिधित्व गराइएको छ । बाबु यस उपन्यासको प्रमुख पुरुष पात्र हो । पितृसत्तात्मक विचारधाराको अवचेतनले उसले पुरुष हठलाई आफ्नो व्यवहार र सोचाइको आधार बनाएको छ । फलस्वरूप जिन्दगीभर पश्चाताप र आत्मग्लानीको जीवन जिउन बाध्य भएको छ । लैङ्गिक रूपमा बाबु पितृसत्तात्मक पुरुष प्रभुत्वशाली पात्र भए पनि वर्गीय हिसाबले समेत उच्चवर्गीय पात्र हो । काठमाडौंको सम्पन्न परिवारको बाबु पात्र नेपाली पुरुष प्रभुत्वशाली संस्कृतिको प्रतिनिधित्व गर्ने पात्र हो ।

प्रस्तुत उपन्यासमा बाबु पात्रका माध्यमबाट संस्मरणात्मक रूपमा घटना वर्णन गरिएको छ । उसले परम्परागत संस्कारअनुसार एउटी अनपढ केटीसँग विवाह गरेको छ । उसले जेठी श्रीमतीबाट एउटा छोरा जन्मिसकेपछि पनि पुनः अन्य सन्तानको प्रयास गरेको छ । जेठीबाट जन्मिएका अन्य सन्तानहरू बाँच्न नसकेको कारण जेठी श्रीमती पीडित भएर मृत्युवरण गरेको देखिन्छ । उसले महिलालाई सन्तान उत्पादनको आधारका रूपमा लिएको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरू पुरुषका अगाडि सधैं निरीह हुन्छन् भन्ने कुरा बाबु र जेठी श्रीमतीको सम्बन्धबाट प्रस्ट हुन्छ । बाबु पात्रले जेठी श्रीमतीको मृत्युपछि कान्छी श्रीमती उमासँग दोस्रो विवाह गरेको छ । पुरुष प्रभुत्वशाली समाजले धन सम्पत्तिको आडमा आफूभन्दा उमेरले धेरै कान्छी केटीसँग विवाह गर्न पाउने व्यवस्था गरेको कुरा उपन्यासबाट स्पष्ट हुन्छ । उमाले बाबु पात्रसँग समाजको दबाब र प्रभावमा आएर

विवाह गर्न बाध्य भएकी छ । बाबु पात्रको अगाडि चाहना नहुँदा नहुँदै पनि उमाले देखावटी खुसी देखाएको उदाहरण यसप्रकार छ :

> ऊ जुरुक्क उठेर बिछ्यौनामा बसी, र बडो विह्वल स्वरमा भनी - त्यसो नभनिबक्सियोस् प्रथम रातमै आफ्नी पत्नीलाई । उसले त्यति त भनी तर टोलाएर । त्यसो त पछि-पछि जब हाम्रो सम्बन्ध सहज हुँदै गयो, पतिपत्नीको साधारण दैनिक जीवन र गृहस्थीका सानातिना कामकाज सम्पादनमा एक-अर्काका प्रति स्वाभाविक हुँदै गयो, ऊ मलाई भन्थी केही हाँसेर यस्तै प्रसङ्गमा स्त्रीपुरुषको उमेरको पनि तुलना हुन्छ र कहीं ? हामी स्वास्नीमानिसको जीउ एउटा सन्तान नपाउन्जेलको हो, त्यसपछि त यति छिट्टै हाम्रो उमेर घट्छ कि लाग्छ, एक वर्षको अवधिमा हामी पाँच वर्षजति छिप्पिन्छौं । तर मलाई लागिरह्यो - २५ वर्षको फरकलाई कुनै तर्कले पनि मेट्न सक्दैन । (पृ. १)

माथिको उदाहरणमा बाबु पात्रले विवाह गरेकी कान्छी श्रीमतीसँगको सम्बन्धको चर्चा भएको छ । आफूभन्दा २५ वर्ष कान्छी केटीसँगको विवाहले समाजमा पुरुषको प्रभुत्वको जानकारी दिन्छ । नारी र पुरुषको उमेरको तुलना नहुने कुरा उपन्यासमा नारी पात्रकै तर्फबाट बोल्न लगाइएको छ । हाम्रो समाजले महिलालाई केवल सन्तान उत्पादनको साधन मान्ने कुरासमेत माथिको उदाहरणबाट बुझ्न सकिन्छ । पुरुष प्रभुत्वका कारण महिलाहरू समाजमा पुरुषका अगाडि कमजोर र निरीह बन्न पुग्छन् । सामाजिक संरचनाले नै महिलालाई पुरुषका अगाडि दास बनाएको छ । पुरुषलाई बहुविवाह गर्न समाजले रोक्दैन । बाबु पात्रले महिलाका प्रति राखेको दृष्टिकोण उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> स्त्रीको स्वभावमा जस्तोसुकै भिन्नता देखिए तापनि, मलाई दुई नारीको सहवासको अनुभव छ, उनीहरूको अन्तस्थल एउटै तत्त्वको हुन्छ । उनीहरूलाई प्रकृतिले नै आत्मसमर्पणका लागि रचेको हो, त्यसैले आफूलाई उत्सर्ग गर्नु उनीहरूको स्वाभाविक वृत्ति हुन्छ । जेठी र कान्छीमा त्यस्तो स्वभावको भिन्नता भएर पनि दुवैले मलाई दिएको प्रेममा आत्मसमर्पण थियो । जेठी भन्थी तिम्रो सुख मेरो पनि सुख हो नि । कान्छी पनि भन्थी- मेरो आफ्नो निजी सुखको अस्तित्व छैन हजुरको सुखभन्दा बाहिर । (पृ. १७)

माथिको उदाहरणमा पुरुषले महिलालाई कमजोर ठान्छ । महिलाले पुरुषका अगाडि सधैँ आत्मसमर्पण गर्नुपर्छ भन्ने कुरा बाबु पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । महिलाहरू पुरुषको सुखमा आफ्नो सुख खोज्छन् । पुरुष प्रभुत्वशाली समाजमा पुरुषहरूले महिलालाई कमजोर दृष्टिकोणले हेर्ने कुरा माथिको उदाहरणबाट बुझ्न सकिन्छ । प्रस्तुत उपन्यासमा पुरुष पात्रको प्रतिनिधित्व गर्ने अर्को पात्र छोरा अर्थात् शिवप्रसाद हो । सम्पन्न परिवारमा जन्मिएको शिवप्रसाद अध्ययनका लागि वनारस गएको छ । वनारसमा अध्ययनरत रहँदा उसको एउटा नेपाली केटी उमासँग भेट हुन्छ । त्यस क्रममा शिवप्रसादले नै उमासँग प्रेमप्रस्ताव राखेको छ । पुरुष प्रभुत्वशाली समाजमा हरेक कुराको सुरुवात पुरुषबाट हुने गर्छ । पुरुष कठोर, बहादुर र निडर हुन्छन् भने महिलाहरू कमजोर, लजालु र दयालु हुन्छन् भन्ने कुरा शिवप्रसाद र उमाको सम्बन्धबाट देखाइएको छ । यहाँ शिवप्रसादले पुरुष भएकै कारण पहिला प्रेम प्रस्ताव राखेको देखिन्छ । वनारसमै गन्धर्व विवाह गरेको र शिवप्रसादले उमालाई गर्भवतीसमेत बनाएको छ । शिवप्रसाद र उमाको सम्बन्धका बारेमा उमाको पूर्वस्मृतिद्वारा उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> तर कुनै दिन मलाई देखेर त्यसै ऊ भन्थ्यो- उमा ! तिमी आज कति राम्री छौ । म भन्थें- झुट्टा । के छ र आज !
>
> ऊ भन्थ्यो- तिम्रो कस्तो रुचिपूर्ण पहिरन छ, मुख पनि सिंगारिछौ । मलाई बढी राम्री लागिरहिछौ ।
>
> म भन्थें- छिः के भनिरहेछौ । साधारण पहिरनलाई पनि राम्रो भन्ने हो ? फेरि लोग्नेमानिसले पनि कसले के लायो, कस्तो श्रृङ्गार गर्यो भन्ने र खोजिनिती गर्ने हो ? छि !
>
> मन मेरो मयूरजस्तो नाच्थ्यो ।
>
> ऊसँग सिनेमा जाँदा त्यसै रमाउँथें । तर कहिले अर्की केटीलाई बोलाएको छ भने त्यसै खिन्न हुन्थें । ऊ भन्थ्यो- उमा, आज तिमी किन केही बोल्दिनौ ?
>
> म भन्थें- तस्वीर राम्रो छैन, हेर्न मन लागिरहेको छैन मलाई ।
>
> ऊ भन्थ्यो- नामी तस्वीर हो योः ग्रेटा गार्गीको, हेरन एक्टिङ ।

उसलाई नसोधेको भए पनि अर्की केटी भन्थी- मलाई त खूब रमाइलो लागिरहेछ ।

म चूप लागेर गुत्थ भएर बस्थें । (पृ . २८)

माथिको उदाहरणमा छोरा पात्र शिवप्रसाद र उमाको सम्बन्धको चर्चा भएको छ । शिवप्रसाद उमालाई राम्री भनेर फुर्क्याउँछ । चलचित्र देखाउन लान्छ । ऊ उमासँगै अन्य केटीहरूलाई पनि साथमा लान्छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषलाई सबै छुट छ । महिलालाई भने धेरै कुरामा बन्देज गरिएको हुन्छ । पुरुष प्रभुत्वले महिलालाई मनोरञ्जनको साधन बनाउँछ । शिवप्रसादले उमालगायत अन्य नारीहरूलाई मनोरञ्जनको माध्यम बनाएको देखिन्छ ।

यसरी यस उपन्यासमा बाबु पात्र र छोरा शिवप्रसाद पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने पुरुष पात्रहरू हुन् ।

### २.६.२ *बाबु, आमा र छोरा* उपन्यासमा नारी पात्रको प्रतिनिधित्व

प्रस्तुत उपन्यासमा जेठी श्रीमती र कान्छी श्रीमती उमा नारी पात्रको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । शैक्षिक दृष्टिले जेठी श्रीमती मुलधारबाट बञ्चित छ । उमा पनि पढाइका लागि वनारस पुगेकी भए तापनि सामाजिक प्रभावका कारण बिचमै आफूभन्दा धेरै जेठो पुरुषसँग विवाह गर्न बाध्य भएकी छ । विभिन्न अवसरहरूबाट यो सिङ्गो समुदाय नै वञ्चित देखिन्छ । यस परिप्रेक्ष्यमा उक्त समुदायका जेठी श्रीमती र उमाजस्ता नारी पात्रहरू अवसरबाट टाढा छन् भन्ने कुरा उपन्यासमा चित्रित सम्पूर्ण नारी पात्रहरूबाट जानकारी पाइन्छ । उपन्यासमा चित्रित सम्पूर्ण नारी पात्रहरू शक्तिका केन्द्रबाट धेरै पर छन् । यसरी यहाँ सीमान्तकृत समुदायका महिलाको शक्तिहीनता, विवशताको कारुणिक परिस्थितिलाई उपन्यासका केन्द्रमा प्रस्तुत गरेर कोइरालाले शक्तिहीन र आवाजविहीनहरूलाई कलाका माध्यमबाट शक्ति र आवाज दिने कार्य गरेका छन् । कोइरालाद्वारा लिखित प्रस्तुत उपन्यासमा नारी पात्रको प्रतिनिधित्व गर्ने पात्रहरूको अध्ययन विश्लेषण यहाँ गरिएको छ ।

प्रस्तुत उपन्यासमा मुख्य गरी जेठी श्रीमती र उमा लैङ्गिक रूपले सीमान्तृकत बन्न पुगेका नारी प्रतिनिधिमूलक पात्रहरू हुन् । उपन्यासका नारी पात्रहरू परम्परागत पुरुष प्रभुत्वशाली सामाजिक संरचनाका कारण उत्पीडित बन्न पुगेका छन् । पितृसत्तात्मक विचारधाराको अवचेतनले पुरुषलाई साहसी, शक्तिशाली, वीर, बलियो, नारीलाई कमजोर,

डरपोक, रुन्चे तथा सहानुभूतिको पात्रका रूपमा लिने गर्दछ । पुरुषकै इच्छा चाहनाबमोजिम नारीहरूले व्यवहार गर्नुपर्ने हुन्छ । प्रस्तुत उपन्यासकी नारी पात्र जेठी श्रीमतीको परिचय बाबु पात्रका माध्यमबाट उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> उसको अनुहार सिनित्त परेको थियो । नुहाएपछि ऊ शृङ्गार गरेर बसेकी थिई । मलाई लाग्यो, ऊजस्ती सुन्दरी नारी अरू कोही छैन । उसको मुख उज्यालो थियो । उसले भनी - मैले आफ्नो सुखको चर्चा गरेको नाथ । ल तिमी नै भन, म पहाडी गरीब घरकी केटी, नपढेलेखेकी, यो ठूलो शहरको घरमा कसरी तिम्री पत्नी हुन पुगें ? सोचेको छ यसमा तिमीले केही ? म त मनग्य सोच्छु र कृतज्ञ हुन्छु । (पृ. ३)

माथिको उदाहरणमा जेठी श्रीमतीलाई गरिब घरकी, नपढेलेखेकी र कमजोर नारी पात्रका रूपमा चिनाइएको छ । पितृसत्तात्मक समाजमा नारीहरूले पुरुष प्राप्तिका लागि व्रत बस्ने, धर्म गर्ने तथा पूजाआजा गर्ने प्रचलन रहेको हुन्छ । नारीहरू आफूलाई पुरुषका सामु कमजोर ठान्छन् । पुरुष हठ्ले महिलालाई पुरुषभन्दा माथि उठ्न दिदैन । आफ्नो सुखी जीवनका लागि सक्षम पतिसँग विवाह गर्ने सामाजिक प्रचलनसमेत उपन्यासमा प्रस्तुत भएको छ । आफ्नो पतिलाई भगवान्को रूपमा सम्मान गर्ने र पति प्राप्तिमा धन्य हुने नारीहरूको प्रतिनिधित्व गर्ने क्रममा जेठी श्रीमतीको विचार उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> ऊ एकछिन चुप्प लागी । मैले भनें- चिया किन नपिएकी ? सेलाउन थाल्यो । उसले भनी - मलाई मनग्य छ, प्राणनाथ । अचिन्त्य सुखमा ओतप्रोत भएकी छु । त्यसैले त भन्छु-तिमी मेरा पूर्वजन्मका आर्जन हौ । यस जन्ममा पनि म सानै केटाकेटीदेखि पूजाआजा गर्थें । आमासँग जहिले पनि रहर मानी-मानी माथि डाँडाको शिवमन्दिरमा जान्थें । एक दिन आमाले भन्नुभयो - छोरी, के वर माग्छेस् देउतासँग ? मैले केही भनिनँ आमालाई, तर मनमनमा त्यै बर माग्थें, जुन वर सबै केटी हृदयले माग्छन- शिवजी ! मलाई असल वर दिए । लाग्छ, शिवजीले मेरो पुकारा सुनेका थिए । त्यसैले त तिमीजस्तो बर मलाई दिए । (पृ. ३)

माथिको उदाहरणमा उपन्यासकी नारी पात्र जेठी श्रीमतीले श्रीमान् प्राप्तिका लागि गरेको प्रार्थना प्रस्तुत भएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वले गर्दा महिलाहरूलाई कमजोर बनाएको हुन्छ । पुरुषहरू सक्षम र बहादुर हुने हुँदा महिलाहरू

असल पुरुषको लागि सधैं ईश्वरसँग वर माग्ने प्रचलनलाई उपन्यासमा प्रस्ट पारिएको छ । महिलाहरू पुरुषको प्राप्तिमा आफूलाई भाग्यमानी ठान्छन् । सन्तान प्राप्तिमा लागिरहन्छन् । सन्तानको राम्रो होस् भनी हरपल चिन्तनशील हुन्छन् । जेठी श्रीमतीले एउटा छोरा ठुलो भइसकेपछि पनि थप सन्तान जन्माइरहेकी तर चारजना सन्तान सानैमा मरेको मार्मिक अवस्था उपन्यासमा यसप्रकार देखाइएको छ : "पहिलो छोरीको मृत्यु भएपछि उसलाई तङ्ग्रिन धेरै समय लाग्यो । त्यसपछि तीन वटा अरू सन्तान भए, तर कुनै पनि बाँचेनन् । ऊ झन्झन् शिथिल हुँदै गएकी थिई" (पृ. ६) ।

माथिको उदाहरणमा पुरुष प्रभुत्व स्थापित भएको समाजमा नारीहरू सन्तान जन्माउन र हुर्काउनमा व्यस्त रहन्छन् । एउटा सन्तान भइसक्दा र पुनः जन्माएको सन्तान नबाँच्दा पनि पटक पटक सन्तान प्राप्तिको कठिन अवस्थामा नारीलाई पुऱ्याउने कारक पुरुष नै हो । माथिको उदाहरणमा जेठी श्रीमतीले जन्माएको एउटा छोरा ठुलो भैसकेको छ । त्यसपछि पनि चार पटक सन्तान जन्माएर कोही नबाँचेपछि उनी रुग्ण बनेर मृत्युवरण गरेकी छ । पितृसत्तात्मक समाजमा नारीहरूको कारुणिक अवस्थाको प्रतिनिधित्व यहाँ जेठी श्रीमतीबाट भएको छ । उपन्यासकी अर्की नारी पात्र कान्छी श्रीमती अथवा उमा हो । उमा उपन्यासकी केन्द्रीय नारी पात्र हो । धनकुटाको एउटा गाउँमा जन्मिएकी उमा बाबुकी श्रीमती तथा छोराकी प्रेमिका बन्न बाध्य भएकी छ । अध्ययनका लागि वनारस पुगेकी उमा शिवप्रसादसँग प्रेम गर्न पुग्छे । उतै गन्धर्व विवाह गर्छे र गर्भवती समेत बन्न पुगेकी छ । यता स्वदेशमा सामाजिक दबाबका कारण उनलाई बोलाई आफूभन्दा पच्चिस वर्ष जेठो पुरुषसँग विवाह गर्न बाध्य भएकी छ । नारी सीमान्तकृत नेपाली नारीहरूको प्रतिनिधित्व गर्ने पात्र हो । नारीहरूलाई उमेर पुगेपछि परिवार तथा समाजले विवाहका लागि दबाब दिन्छ भन्ने तथ्य उमाको माध्यमबाट यसरी देखाइएको छ :

> उहाँले भन्नुभयो- अब कति पढ्छेस् । स्वास्नीमानिसले कति पढ्नुपर्यो । ठूली भइस्, बिहे गर्ने उमेरकी भइस् । अब कति पढ्छेस् ?
>
> मैले भनें- म बिहे गर्दिनँ ।
>
> उहाँले भन्नुभयो- भो, भो यस्ता कुरा नगर् । बिहा नगरे गर्छेस् के ?
>
> मैले भनें- म बिहे गर्दिनँ, दाइ ! गर्दिनँ । (पृ. ४३)

माथिको उदाहरणमा उमालाई जबर्जस्ती आफूभन्दा धेरै जेठो पुरुषसँग विवाह गराउन खोजिएको छ । नारीले धेरै पढ्नु हुँदैन, समयमै विवाह गर्नुपर्छ भनेर पितृसत्तात्मक समाजले दबाब दिन्छ । पुरुष प्रभुत्वले गर्दा महिलाहरू कमजोर, निरीह तथा बाध्यात्मक अवस्थाबाट गुज्रिन बाध्य हुन्छन् । उमा आफू दोजिया हुँदाहुँदै पनि समाज र परिवारले उसको मर्म नबुझी पुनः विवाह गर्न बाध्य पारेका छन् । परम्परागत पितृसत्तात्मक सामाजिक संरचनामा हरेक अवस्थामा नारीहरू प्रपीडनको चोट सहन बाध्य हुन्छन् भन्ने कुरा यसबाट बुझ्न सकिन्छ । उमालाई परिवारले छोरी भएकै कारण छोराभन्दा फरक र विभेदयुक्त व्यवहार गरेको छ । जसको उदाहरण यसप्रकार छ :

> बा, दाजुहरू कहिले पनि मलाई आफूसँग बाहिर लग्नुहुन्नथियो । म रुन्थें । आमा भन्नुहुन्थ्यो छोरीबेटीले बाहिर जाने रहर गर्नु हुन्न । घरभित्रै उसले बस्नुपर्छ जीवनभरि ।
>
> म रोईरोई भन्थें- भाइ मेला हाट जान्छ । पीपी बाजा किन्छ । म भने केही पनि पाउँदिन, आमा !
>
> आमालाई यो स्वाभाविक व्यवस्थाजस्तो लाग्थ्यो । उहाँ भन्नुहुन्थ्यो- भाइ त लोग्नेछोरा हो, उमा ! त्योजस्तो हुने रहर नगर । (पृ. ४६)

माथिको उदाहरणमा पितृसत्तात्मक सामाजिक संरचना प्रस्ट रूपमा देखिन्छ । पुरुष प्रभुत्व हावी भएको समाजमा सधैं महिलामाथि विभेद गरिन्छ । महिलाहरूका आवाजलाई दबाइन्छ । आफ्ना विचारहरू स्वतस्फूर्त राख्न दिइँदैन । महिलाहरू घरभित्रै सीमित रहनुपर्छ । छोराको जस्तै अधिकार छोरीले खोज्नु हुँदैन । पुरुष प्रभुत्वले सानैदेखि छोरा र छोरीका बिचमा असमानताको खाडल सिर्जना गरेको हुन्छ । उपन्यासकी नारी पात्र उमाले आफ्नो घर तथा समाजबाट पाएको व्यवहारले प्रस्ट रूपमा लैङ्गिक विभेद देखिन्छ । यस उपन्यासमा उपस्थित भएका नारी पात्रहरू पुरुष प्रभुत्वका कारण सीमान्तकृत बन्न पुगेका छन् । यसरी यस उपन्यासमा जेठी श्रीमती र उमा नारी पात्रहरूको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् ।

### २.६.३ *बाबु, आमा र छोरा* उपन्यासमा लैङ्गिक सीमान्तहरूको प्रतिनिधित्व

*बाबु, आमा र छोरा* उपन्यास लैङ्गिक रूपले सीमान्तहरूको प्रतिनिधित्व गराइएको उपन्यास हो । पितृसत्तात्मक सामाजिक संरचनालाई स्पष्ट रूपमा देख्न सकिने *बाबु, आमा र छोरा* उपन्यास लैङ्गिक सीमान्तीयताका दृष्टिले अध्ययनीय रहेको छ । तुलनात्मक रूपमा सीमान्तकृतहरूको न्यून प्रतिनिधित्व गराइए तापनि निकै मार्मिक रूपले गराइएको छ । उपन्यासमा चित्रित सीमान्तताको स्थिति सबैभन्दा बढी लैङ्गिक रूपमा नै रहेको पाइन्छ । यस उपन्यासमा सीमान्तकृतहरूकै प्रतिनिधित्व गराइएको छ र सीमान्तकृत नारीको जीवन स्थितिलाई उद्घाटित गर्ने काम गरिएको छ । यस उपन्यासमा विशेषगरी जेठी श्रीमती र कान्छी श्रीमती उमाले जीवनमा भोग्नुपरेका विविध कारुणिक र कष्टकर परिस्थितिबाट उनीहरूको सीमान्तता र शक्तिहीनतालाई प्रस्फुटन गरिएको छ । नेपाली समाजको विद्यमान परिस्थितिका कारण उनीहरूले बाध्यात्मक जीवन गुजारिरहेका छन् र उनीहरू केही गर्न नसक्ने शक्तिहीन अवस्थामा पुगेका छन् । प्रस्तुत अध्ययनमा लैङ्गिक प्रतिनिधित्वका दृष्टिले सीमान्तकृतहरूको अध्ययन विश्लेषण गरिएको छ ।

लैङ्गिक प्रतिनिधित्वका दृष्टिले यस उपन्यासमा सबैभन्दा बढी सीमान्तकृत पात्र उमा र जेठी श्रीमती हुन् ।  उनीहरू नारी भएकै कारण पुरुषका तुलनामा बढी उत्पीडित बन्न पुगेका छन् । नेपाली पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषले नारीमाथि आफ्नो प्रभुत्व जमाएका हुन्छन् भन्ने तथ्य उपन्यासमा स्पष्ट रूपमा देखिन्छ । पितृसत्तात्मक सामन्ती संस्कृतिले आफ्नो प्रभुत्वलाई बचाइ राख्न नेपाली नारीलाई विभिन्न किसिमका बन्धनहरूमा पारिरहेको तथ्य पनि उपन्यासमा देखिन्छ । उपन्यासमा चित्रित नारी पात्रहरू जेठी श्रीमती र कान्छी श्रीमती अर्थात् उमा विभिन्न सन्दर्भमा सीमान्तकृत बनेका छन् । जेठी श्रीमती गरिब तथा ग्रामीण परिवारमा जन्मिएकी पात्र हो । ऊ विवाह गरेर काठमाडौं पुगे पनि घरभित्रै र सन्तान उत्पादनमै व्यस्त छ । जेठी श्रीमती शिक्षाको उज्यालोबाट टाढा छ । ऊ पितृसत्तात्मक समाजमा आफ्नो पतिलाई अत्यन्त श्रद्धा गर्ने नारी हो । आफ्नो सन्तान तथा पतिका लागि जीवन सुम्पन बाध्य बनेकी जेठी श्रीमतीको भूमिका उपन्यासमा यसरी देखाइएको छ :

> कति छिट्टै हल्लिन लागेको कोक्रोलाई देखेर पलङबाट झरेर ऊ बालकलाई स्तनपान गराउँथी, ऊसँग वत्सलता पूरा गरेर तत्क्षण फेरि मसँग आइपुग्थी । छोराको

न्वारानमा कुन्नि के नाउँ राखे पुरोहित ब्राह्मणले । तर पत्नीको आग्रहले उसको नाउँ शिवप्रसाद राखियो; यद्यपि क्षत्रीयोचित नाउँ त्यो थिएन । उसले यस तर्कको खण्डन गरेर भनी - शिवको प्रसादलाई शिव प्रसाद नभनेर के भन्ने त ? (पृ. ४)

माथिको उदाहरणमा पितृसत्तात्मक समाजमा नारीको स्थान र अवस्थाको चर्चा गरिएको छ । हरेक नारीले आफ्नो सन्तान र पतिको लागि लागि पर्नुपर्ने सामाजिक यथार्थताको प्रतिनिधित्व जेठी श्रीमतीले गरेकी छ । उसले आफू रुग्ण भएपछि दोस्रो विवाहका लागि पतिलाई आफैँले आग्रह गरेकी छ । पुरुष प्रभुत्वले गर्दा महिलाहरू आफैँ आफूलाई मनोवैज्ञानिक रूपमा कमजोर ठान्न बाध्य हुन्छन् । सन्तान जन्माउँदा जन्माउँदा रोगी भएर मर्नुपर्ने बाध्यता हरेक नारीहरूको छ । उनीहरू घरभित्रै मात्र सीमित हुन्छन् । यस उपन्यासमा सीमान्तकृत बनेकी अर्की पात्र उमा हो । उमा नारी भएकै कारण बढी सीमान्तकृत बनेको देख्न सकिन्छ । पूर्वी पहाडमा जन्मिएकी उमा अध्ययनको सिलसिलामा वनारस पुगेकी छ । शिवप्रसादको पुरुष हठका कारण प्रेममा परेकी उनी विवाह तथा गर्भधारण गर्न समेत बाध्य भएकी छ । उनै शिवप्रसादसँग जीवन बिताउने योजना बनाएकी उमालाई परिवारले झुक्याएर घर बोलाई आफूभन्दा धेरै जेठो अर्के पुरुषसँग पुनः विवाह गर्न बाध्य भएकी छ । उपन्यासमा उनी लैङ्गिक दृष्टिकोणबाट हेर्दा सबैभन्दा बढी सीमान्तकृत पात्रका रूपमा देखिएकी छ । जबजस्ती बुढो लोग्नेसँग विवाह गर्नुपर्दा उनी आफ्नो पूर्वप्रेमी तथा पूर्वपतिलाई हरबखत सम्झिरहन्छे । जसको साक्ष्य उपन्यासमा यसरी प्रस्तुत भएको छः

> स्वयंवरपछि म अर्काकी भएँ र लगत्तै अर्काको घरमा भित्रिन पुगें । बिहाको रात प्रत्येक नारी शायद राजी हुन्छे, त्यसैले त उसका लागि त्यो रात त्यस्तो आयोजना हुन्छ । मेरो विहा जस्तोसुकै छोटकरीमा सिद्ध्याएको भए पनि मेरो 'मधुयामिनी' नसिद्धिने एउटा कालरात्रि थियो । जसलाई धूप र फूलहरूको गन्धले मात्र मलिन पार्न सक्ने त्यस्तो झक्झकाउँदो वासगृहको अग्लो शय्या । मेरो त्यस्तो मानसिक स्थितिमा पनि मलाई लाग्यो कि त्यहाँका यावत् वस्तु नग्नता, मलिनता र धूमिलतामा निमग्न थिए । एउटा यस्तो कुरुचिले व्याप्त थियो वातावरण जस्तो कि केवल प्रेमशून्य यौनको आदान-प्रदानमा हुन्छ । यी सब कुरा त मैले भोलिपल्ट पो सम्झेको कि वेश्यालयको कुत्सित, फोहोरी, मैलो धब्बाले भरिएको जस्तो त्यो थियो अन्तःपुर । त्यसैले त पवित्र हुनका लागि कति बेरसम्म लगाएर त्यस बिहान मैले नुहाएकी थिएँ, कुनै पनि मलिनताको धब्बा शरीरमा रहन नपाओस्, पवित्र नै रहोस्

> यो मेरो शरीर जहाँ केवल १३ रात्रिपहिले एउटा सुचितम दैवत्वले प्राणप्रतिष्ठा पाएको थियो । धारातल सचैल स्नान गर्दा मैले आफ्नो शरीरलाई लक्ष्य गरेर भनेकी थिएँ- यो मेरो इष्टदेवले टेकेको ठाउँ हो तीर्थस्थल । हे प्रभु ! यसलाई पवित्र रहन देऊ । (पृ. ४८)

माथिको उदाहरणमा उमाले जबरजस्ती दोस्रो विवाह गर्नुपर्दा उत्पन्न भएको मानसिक छट्पटी र शारीरिक पीडालाई देखाइएको छ । पितृसत्तात्मक समाजमा नारी पात्रहरू पुरुषका अगाडि निरीह बनेर उपस्थित हुनुपर्ने यथार्थता प्रकट भएको छ । उमा नयाँ श्रीमान्सँग शारीरिक सम्पर्क गर्दा पूर्वपतिलाई सम्झिएर ग्लानी महसुस गरेकी छ । पूर्वपतिलाई देवताको स्थानमा राखेर पुकारेकी छ । उनी नुहाएर पवित्र बन्ने प्रयासमा लागेकी छ । परम्परागत पितृसत्तात्मक समाजमा पुरुष प्रभुत्वले गर्दा नारीहरू दबिएका र होच्याइएका छन् । पुरुषहरूको प्रभुत्वका सामु महिलाहरूको नाजुक अवस्थाको चित्रण उपन्यासमा यसप्रकार भएको छ :

> मेरो गाउँमा साथी-सँगाती थिएनन् । केवल आमा हुनुहुन्थ्यो जोसँग म त्यहाँ टाँस्सिएर बस्थें । उहाँको मलाई बडो माया लागिरहन्थ्यो, पुरुषहरूको किचाइ र हूलबाट जोगिएर हामी आमा-छोरी घरको एउटा कुनामा तर्सेर जस्तो बस्थ्यौं । जुन किसिमबाट मेरो बिहा घरवालाहरूले गरिदिए त्यसले उनीहरूका प्रति मेरो हृदयमा रहेको माया पनि सुकेर गयो । (पृ. ५५)

माथिको उदाहरणमा पितृसत्ताले महिलालाई सीमान्तकृत बनाएको कुरा प्रस्ट देखिन्छ । घरपरिवारमा महिलाहरू पुरुषहरूको अगाडि होचिएर र दबिएर बस्नुपर्ने पुरुष प्रभुत्व माथिको उदाहरणमा भेटिन्छ । परिवारले जबरजस्ती विवाह गरिदिएपछि अत्यन्त पीडादायक जीवन बिताउन बाध्य उमा लैङ्गिक दृष्टिले सीमान्तकृत पात्र हो । यसरी यस उपन्यासमा लैङ्गिक रूपमा विशेषगरी सीमान्तकृत पात्रहरूमा जेठी श्रीमती र उमा नै हुन् । उनीहरूमाथि पितृसत्तात्मक सामाजिक संरचनाले शारीरिक तथा मानसिक यातना दिएको छ । विवाह गरेर काठमाडौं आएकी जेठी श्रीमतीले सन्तान जन्माउने क्रममा नै रुग्ण भएर प्राणत्याग गरेकी छ । उमाले पनि सामाजिक र पारिवारिक दबाबप्रति प्रतिकार गर्न नसक्दा शारीरिक तथा मानसिक यातना जिन्दगीभर खेप्नु परेको छ । त्यसैले मुख्य गरी यस

उपन्यासका प्रमुख पात्रहरू जेठी श्रीमती र उमा  दुवै लैङ्गिक रूपले सीमान्तकृत नारी पात्रहरू हुन् ।

## २.७ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* उपन्यासमा लैङ्गिक रूपमा मुख्यगरी सीमान्तकृत नारी पात्र गौरी हो । ऊ एउटा पुरुषका कारण मात्र दमित नभई ऊ त सिङ्गो पुरुष प्रभुत्वशाली नेपाली समाजद्वारा दमित छ । नारी भएकै कारण उसले आफ्नो जिन्दगीलाई सारहीन, कान्तिहीन, उत्पीडित बनाउन बाध्य भएकी छ । आफ्ना इच्छा चाहनालाई पितृसत्तात्मक प्रभुत्वशाली समाजमा लुटाउन बाध्य भएकी गौरी यस उपन्यासमा सीमान्तकृत पात्र हो । त्यसैगरी मुनरिया लैङ्गिक दृष्टिले सीमान्तकृतको प्रतिनिधित्व गर्ने अर्की नारी पात्र हो । ऊ वर्गीय दृष्टिले समेत सीमान्तकृत पात्र हो । नारी भएकै कारण पुरुषहरूले मनोरञ्जनको साधनका रूपमा उपयोग गरिएकी मुनरिया बाध्य भएर पुरुष प्रभुत्वका सामु सीमान्तकृत बनेकी छ । यसरी *नरेन्द्र दाइ* उपन्यासमा उपस्थित गौरी, मुनरिया तथा अन्य नारी पात्रहरू लैङ्गिक दृष्टिले सीमान्तकृतहरूको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् ।

त्यसैगरी *सुम्निमा* उपन्यासमा लैङ्गिक रूपमा मुख्य सीमान्तकृत पात्रहरूमा पुलोमा र सुम्निमा नै हुन् । उनीहरूमाथि पितृसत्तात्मक समाजले प्रभुत्व जमाएको छ । पुलोमा आफ्नो पति पिताम्बरको रेखदेखका लागि हरक्षण जागरुक छ । उसले सोमदत्तको वंशबिस्तारका लागि छोरा पाइदिएकी छ ।  परपुरुषसँग सुतेको सपनाले पनि उसलाई प्रताडित पारेको छ र उसलाई  आफू श्रीमान्जस्तो बन्न नसकेकोप्रति दुःख लाग्छ । पुरुष प्रभुत्वका कारण पुलोमा घरभित्रै सीमित हुन पुगेकी लैङ्गिक रूपमा सीमान्तकृत पात्र हो । त्यसैगरी सुम्निमा वर्गीय तथा लैङ्गिक दृष्टिले सीमान्तकृत पात्र हो । सुम्निमालाई आफ्नो पतिसँग टाँसिएर सुतिदिँदा समेत पतिले असन्तुष्ट भएर अवहेलना गरेको छ । ऊ किराँत समुदायकी नारी हो । पुरुष प्रभुत्वले गर्दा सुम्निमा लैङ्गिक रूपमा सीमान्तकृत बनेकी छ । उपन्यासमा चित्रण गरिएका अन्य नारीपात्रहरू सोमदत्तकी आमा, सुम्निमाकी आमा तथा छोरी पनि कुनै न कुनै रूपमा पितृसत्तात्मक सामाजिक संरचनामा सीमान्तकृत बनेको देखिन्छ । त्यसैले मुख्य गरी यस उपन्यासका प्रमुख पात्रहरू सुम्निमा र पुलोमा लैङ्गिक रूपले सीमान्तकृत नारी पात्रहरू हुन् ।

त्यसैगरी *मोदिआइन* उपन्यासमा मोदिआइन, मछुवारिन, नारी, द्रौपदी तथा अन्य महिला पात्रहरू लैङ्गिक दृष्टिले सीमान्तकृत पात्रहरू हुन् । मोदिआइन रोगी पतिको हेरचाह र घरायसी सम्पूर्ण कामहरू एक्लै धान्दै आइरहेकी पात्र हो । ऊ पुरुष प्रभुत्वका अगाडि सीमान्तकृत बनेकी छ । त्यस्तै मछुवारिन पोखरीको छेउमा बसेर सधैँ माछा बेचेर जीविकोपार्जन गर्ने नारी पात्र हो । उसले श्रमजीवी महिलाको प्रतिनिधित्व गरेकी छ । उपन्यासमा सबैभन्दा बढी सीमान्तकृत पात्र नारी हो । महाभारतकालीन युद्धमा आफ्ना पतिको मृत्यु प्रत्यक्ष देखेकी नारी उपन्यासमा कथा वर्णन गर्ने पात्रका रूपमा देखिएकी छ । उसले आफ्ना सम्पूर्ण पुरुष आफन्तहरूलाई युद्धमा प्रत्यक्ष संहार भएको देखेकी छ । ऊ पुरुषको अभावमा अत्यन्त विक्षिप्त र सीमान्तकृत बनेकी पात्र हो । उपन्यासकी अर्की पात्र द्रौपदी पाण्डवहरूकी पत्नी हो । पाँचजना पतिकी पत्नी बन्न बाध्य द्रौपदी लैङ्गिक दृष्टिले सीमान्तकृत पात्र हो । जुवाको दाउमा थापिएकी र हारेपछि सभामै बेइज्जती खेपेकी द्रौपदी पितृसत्तात्मक सामाजिक संरचनाका अगाडि निरीह बनेकी सीमान्तकृत नारी पात्र हो । यसरी यस उपन्यासमा मोदिआइन, मछुवारिन, नारी र द्रौपदी लैङ्गिक रूपमा सीमान्तकृत नारी पात्रहरू हुन् ।

*बाबु, आमा र छोरा* उपन्यासमा लैङ्गिक सीमान्त पात्रहरू जेठी श्रीमती र कान्छी श्रीमती अर्थात् उमा हुन् । जेठी श्रीमती शैक्षिक रूपमासमेत सीमान्त पात्र हो । आफ्ना चारजना सन्तान जन्मेर नबाँचेपछि पनि पटक पटक सन्तान जन्माउँदा रुग्ण बनेर उसको मृत्यु भएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरू सन्तान प्राप्तिमा सीमित रहने तथ्य उनको भूमिकाबाट प्रस्तुत भएको छ । त्यसैगरी अर्की नारी पात्र उमा बाबु र छोरा दुबै पुरुषकी पत्नी बन्न बाध्य बनेकी छ । छोरा शिवप्रसादकी प्रेमिका तथा श्रीमती बनिसकेकी उसलाई परिवारले झुक्याएर नेपाल बोलाई जबरजस्ती बुढो पतिसँग विवाह गरिदिएको छ । ऊ आफ्नो इच्छाबिपरीत दोस्रो विवाह गर्न बाध्य बनेकी छ । आफूभन्दा पच्चिस वर्ष जेठो पुरुषसँग विवाह गर्न बाध्य उमा पुरुष प्रभुत्वशाली समाजले सीमान्तकृत बनाइएकी नारी पात्र हो । यसरी यस उपन्यासमा जेठी श्रीमती र उमा लैङ्गिक रूपले सीमान्तकृत नारी पात्रहरू हुन् ।

# तेस्रो परिच्छेद

# विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा पितृसत्ताले महिलाको पहिचानमा पारेको प्रभाव

## ३.१ विषयपरिचय

प्रस्तुत परिच्छेद विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित उपन्यासहरूमध्ये *नरेन्द्र दाइ* (२०२७), *सुम्निमा* (२०२७), *मोदिआइन* (२०३६) र *बाबु, आमा र छोरा* (२०४५) उपन्यासहरूको सीमान्तीयताको सिद्धान्तअनुरूप विश्लेषणसँग सम्बन्धित छ । सीमान्तीयताको अध्ययनभित्र पर्ने पहिचानको कोणबाट उल्लिखित उपन्यासहरूको विश्लेषण गर्ने क्रममा पितृसत्ताले महिलाको पहिचान के कसरी निर्माण गरेको छ भन्ने कुराको अध्ययन यस परिच्छेदमा गरिएको छ । उत्तरऔपनिवेशिक समयमा विकास भएका विभिन्न सिद्धान्तहरूमध्ये सिमान्तीयता महत्त्वपूर्ण सिद्धान्त हो । सीमान्तीयताभित्र विभिन्न विषयहरू समाविष्ट छन् । यस क्रममा पितृसत्ताले महिलाको पहिचानमा पारेको प्रभावको अध्ययन गरिएको छ । यसै सिलसिलामा प्रथमतः पितृसत्ता के हो र पहिचानको अर्थ के हो भन्नेबारे यहाँ प्रस्ट पारिएको छ ।

सामान्य अर्थमा महिलाको तुलनामा पुरुषले प्राप्त गर्ने सामाजिक हैसियत बढी हुने अवस्था पितृसत्ता हो । परम्परागत पितृसत्तात्मक सामाजिक संरचनाले महिलाका तुलनामा पुरुषलाई उच्च आसनमा राखेको छ । समाजमा पुरुष नै शक्तिशाली रहने सत्ता पितृसत्ता हो । पुरुषले आफ्ना इच्छा, आकांक्षाअनुरूप कसैको डर, त्रासमा नरही कार्यव्यवहार गर्न पाउने सत्ता पितृसत्ता हो र वास्तवमा पितृसत्तामा पुरुष आफ्नो अहमता वा पुरुषहठका कारण आम महिलाको शोषण गरिरहेको हुन्छ । महिलालाई आफ्नो इशाराअनुसार चलाउनका लागि पुरुषहरू समाजमा आफ्नो प्रभुत्व सधैँ कायम राखिरहेका हुन्छन् । इटालियन कम्युनिस्ट पार्टीका संस्थापक आन्तोनियो ग्राम्सीको *प्रिजन नोटबुक* मा उनले आफ्नो प्रभुत्वसम्बन्धी मान्यताको व्याख्या गरेका छन् । आफूमाथि अन्याय अत्याचार भइरहँदा पनि आम मानिसले त्यसलाई खेपेका वा अनुसरण गरेको वास्तविकतालाई नियाल्दै ग्राम्सीले यस सिद्धान्तको प्रतिपादन गरेका हुन् । उनको यस सिद्धान्तअनुसार हेजेमोनी अर्थात् प्रभुत्वसम्बन्धी

मान्यताको मुख्य सार समाजभित्रका आम मानिसलाई प्रभुत्वले बिनाबल अर्थात् कुनै शारीरिक परिश्रम बिना नै आफ्नो कब्जामा बाँधेको हुन्छ । यसरी पितृसत्ताले पनि बिनाबल महिलाहरूलाई आफ्नो कब्जामा लिएका हुन्छन् । एउटी महिला जन्मिएपछि विवाहपूर्व सदैव बुबाको नियन्त्रणमा हुन्छे, विवाहपश्चात् ऊ आफ्नै श्रीमान्को अधीनमा रहन्छे भने बृद्धावस्थामा जहिले पनि छोराको अधीनमा रहन्छे । त्यसैले पितृसत्तामा पुरुष नै हाबी हुन्छ ।

त्यसैगरी पहिचानको सन्दर्भमा व्यक्ति वा समुदायको निजत्वसँग सम्बन्धित रहेको हुन्छ । पहिचानसँग सन्दर्भित भएर व्यक्ति वा समुदायको तमाम निजात्मक विशिष्टताहरू आउँछन् । पहिचानमा भाषा, धर्म, लिङ्ग, जात, राष्ट्र आदि पक्षहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य र त्यसको गुरुत्वले मात्र निर्माण हुँदैन, उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृतिले, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन् । व्यक्तिको आफ्नो व्यक्तिगत आचरण र सामाजिक भूमिकाले पनि पहिचानमा प्रभाव पार्छ । यसरी माथि उल्लेख गरिएका सीमान्तीयताका विभिन्न पक्षकै धरातलमा रहेर यहाँ सीमान्तहरूको पहिचानको विश्लेषण गरिएको छ ।

## ३.२ सीमान्तकृतहरूको पहिचानको सैद्धान्तिक अवधारणा

सांस्कृतिक अध्ययनका क्षेत्रमा पहिचानलाई विमर्शात्मक निर्मितिका रूपमा लिइन्छ । पहिचानको अवधारणाले सांस्कृतिक अध्ययनका क्षेत्रमा केन्द्रीय प्रवर्गको भूमिका निर्वाह गर्दै आएको छ । पहिचानको प्रश्न वर्ग, जात, जाति, लिङ्ग, राष्ट्रलगायत विविध विषयमा आधारित छ (चैतन्य, २०७०, पृ. १५५) । सांस्कृतिक अध्ययनमा पहिचानको सन्दर्भले महत्त्वपूर्ण स्थान ओगट्न सफल भएको छ । समाजमा व्यक्तिहरूको पहिचान के कसरी स्थापित छ भन्ने कुराको खोजी यसअन्तर्गत गरिन्छ । पहिचानसँग सन्दर्भित भएर व्यक्ति वा समुदायको तमाम निजात्मक विशिष्टताहरू आउँछन् । व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य र त्यसको गुरुत्वले मात्र निर्माण हुँदैन । उसले बोल्ने भाषा, उसले अपनाएको धर्म र संस्कृति, उसको जात र राष्ट्रियता, उसले अपनाएको व्यवसाय र उसका सम्बन्धहरू आदिबाट पनि निर्माण हुन्छन् । मूलतः व्यक्ति वा समुदायको पहिचान सस्कृति र राजनीति निर्मित हुन्छ र त्यसमा पनि सांस्कृतिक पहिचानका प्रश्नहरू सबैभन्दा महत्त्वपूर्ण हुन्छन् ( गिरी, २०७०, पृ. ३१) । व्यक्तिको पहिचान उसले सम्पादन गर्ने कार्य र त्यसको गुरुत्वले

मात्र निर्माण हुँदैन उसले बोल्ने भाषा, धर्म र संस्कृतिले निर्माण गरेको हुन्छ (जिसी, २०७३, पृ. १२-१३) । वास्तवमा पहिचान समुदायमा व्यक्तिको भिन्नतासँग जोडिएको हुन्छ । यसले समुदायको अरू समुदायसँगको पृथक सांस्कृतिक विशिष्टतालाई सङ्केत गर्छ । यसैकारणले गर्दा पहिचान संस्कृतिसँग प्रत्यक्ष रूपले जोडिन पुग्दछ ।

संस्कृतिअन्तर्गत लिङ्ग, धर्म, क्षेत्र, जाति, शारीरिक क्षमता तथा व्यक्तिको फरक क्षमताजस्ता पक्षहरू जोडिन पुग्छन् । उत्तर संरचनावादी विचारकहरूको तर्क छ : तेस्रो विश्वमा राष्ट्रिय संस्कृतिहरू लैङ्गिक, जातीय र वर्गीय असमानतामा आधारित भएको हुनाले राष्ट्रको भू-राजनीतिक यथार्थ जति कमजोर हुँदै गयो त्यही नै वेश हुन्छ भन्ने मानिन्छ । त्यसैगरी मार्क्सवादी विचारकले त राष्ट्रको अवधारणालाई चुनौती मात्र नदिई राजनीतिक विरोधले राष्ट्रियताको सट्टा वर्ग सङ्घर्षको झन्डा बोक्नुपर्छ भन्ने तर्क दिएका छन् भन्ने कुरा सञ्जीव उप्रेतीले *सिद्धान्तका कुरा* किताबमा उल्लेख गरेका छन् (उप्रेती, २०६९, पृ. २९४) । यसरी सिङ्गो राष्ट्रले नै पनि आफ्नो कमजोर राज्यशक्तिका कारण पहिचानका खातिर विभिन्न किसिमका सङ्घर्ष गर्न बाध्य हुन्छन् ।

सीमान्तकृत को हुन् र को होइनन् भन्ने विषयमा विभिन्न विद्वानहरूमा मतमतान्तर र अन्यौल रहेको पाइन्छ । यस आधारमा सीमान्तीयताको चेतनाको सूक्ष्म र सघन अध्ययनका लागि वास्तविक सीमान्तकृतको पहिचान गर्नु आवश्यक हुन्छ । शक्ति केन्द्रभन्दा पर कोही छैन भने शक्ति केन्द्रको हैकमबाट सबैभन्दा बढी ताडित बन्ने निमुखा नै सीमान्तकृत हुन् (श्रेष्ठ, २०६८, पृ. २७) । यसरी उनीहरू सीमान्तकृत हुन् भने उनीहरू जातीय, वर्गीय, धार्मिक, सांस्कृतिक, लैङ्गिक, क्षेत्रीय, पेसागत, भाषिक, भौगोलिक आदि, कुन आधारमा निमुखा बनाइएको छ ? उनीहरू कसरी प्रभुत्वशाली वर्गको सिकार बन्न बाध्य रहेका छन् ? प्रभुत्वलाई सीमान्तकृतहरूले कसरी वरण गरेका छन् ? जस्ता प्रश्नहरूको उत्तरको खोजी गरेर कृतिमा रहेका सीमान्तकृतहरूको वास्तविक पहिचान गराइन्छ । प्रस्तुत सैद्धान्तिक पर्याधारका कडीमा विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासको अध्ययन विश्लेषण यहाँ गरिएको छ ।

## ३.३ *नरेन्द्र दाइ* उपन्यासमा लैङ्गिक पहिचान

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* उपन्यास पितृसत्तात्मक सामाजिक संरचनाले पछि पारेका अर्थात् मूलधारबाट टाढा पारिएका नारी जातिको यथार्थ पहिचान गराइएको उपन्यास हो । पितृसत्तात्मक सामाजिक संरचनाले नारीको पहिचान कसरी गरेको छ अर्थात् सोही संरचनामा नारी जातिको कस्तो किसिमको पहिचान निर्माण भएको छ भन्ने कुराको वास्तविक चित्रण प्रस्तुत उपन्यासमा गरिएको छ । उपन्यासमा मूलधारबाट धेरै पर रहेका नारीको प्रतिनिधित्व गराइएको छ भने पितृसत्तात्मक सामाजिक संरचनाको प्रतिनिधित्व गर्ने पुरुषको पनि प्रतिनिधित्व गराइएको छ । उपन्यासकारले आफ्नो अभीष्ट पूरा गर्न नारी र पुरुष दुबैको समानान्तर पहिचान गराएका छन् ।

### ३.३.१ *नरेन्द्र दाइ* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान

*नरेन्द्र दाइ* उपन्यासमा पितृसत्तात्मक समाजको प्रतिनिधित्व गर्ने पात्रहरूमा नरेन्द्र, पिताजी तथा अन्य पात्रहरू रहेका छन् । महिलालाई पुरुषले आफ्नो प्रभुत्वको सिकार बनाइरहेका हुन्छन् ।  समाजको इज्जत बचाउन र घर चलाउन पुरुषको नै मुख्य भूमिका हुन्छ भनेर मान्ने नेपाली पुरुषवादी संस्कृतिको चर्चा उपन्यासमा भएको छ । महिला चाहिँ अर्काको घर गरेर खाने जात हो भन्ने कुरा महिला स्वयंले स्वीकार गर्ने पुरुष प्रभुत्वशाली संस्कृति तलको उदाहरबाट बुझ्न सकिन्छ ।

प्रस्तुत उपन्यासमा आएका पुरुष पात्रहरूमध्ये नरेन्द्र प्रमुख पुरुष पात्र हो । ऊ पुरुष भएकै कारण घरभन्दा बाहिर स्वतन्त्र रूपमा हिँड्न पाएको छ । उपन्यासमा आएका नरेन्द्र, पिताजीलगायतका पुरुष पात्रहरूको पहिचान नारी पात्रहरूको तुलनामा शक्तिशाली बनाइएको छ । पुरुष पात्रहरू साहसी, निडर, काम अह्राउने, सिकार खेल्ने आदि पहिचानमा छन् ।  नारी पात्रहरू उमेर पुगेपछि अर्काको घरमा जाने तथा पुरुषहरू भने नारीलाई आफ्नै घरमा भित्र्याएर नारीहरूलाई दासका रूपमा व्यवहार गर्न अधिकारप्राप्त छन् । नारीको भन्दा पुरुष पात्रको बलियो पहिचान गराइएको सन्दर्भ उपन्यासमा यसरी आएको छ :

> कप्तान्नी आमा हाँसेर भन्नुहुन्थ्यो- “भो तैँले पालिस् । छोराले त केही गरेन, अब तैँले भयो अब, गाईले दाइँ गरेर पनि ।”

कप्तान्नी आमा फेरि उदास भएर भन्नुहुन्थ्यो- "सान्नानी, तेरो स्वभावले गर्दा मलाई चिन्ता लाग्छ । बिहा भएपछि घर कसरी गर्ने होस्, दुलहालाई कसरी रिझाउने होस् ?" (पृ. ४२)

प्रस्तुत उदाहरणमा पुरुषहरूलाई बुबाआमालाई पाल्ने जातिका रूपमा पहिचान गराइएको छ भने महिलालाई अर्काको घर जाने, बुबाआमा पाल्न नसक्ने रूपमा कमजोर पहिचान दिइएको छ । प्रस्तुत उपन्यासलाई लैङ्गिक पहिचानका दृष्टिले विश्लेषण गर्दा पुरुष जातिलाई निडर, साहसी, बौद्धिक, शिक्षित, मालिक, कहिल्यै नरुने व्यक्तिका रूपमा पितृसत्तात्मक समाजले परिचित गराएको छ ।

## ३.३.२ *नरेन्द्र दाइ* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान

*नरेन्द्र दाइ* पितृसत्तात्मक सामाजिक संरचनाबाट उत्पीडित बन्न पुगेका सीमान्तकृत समुदायको प्रतिनिधित्व गौरी, मुनरिया तथा अन्य नारी पात्रले गरेका छन् । नेपालको पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषहरूको पहिचान निडर साहसी, मालिक, शिक्षित/बौद्धिक, कहिल्यै नरुने, बलियो इत्यादिका रूपमा गराइएको हुन्छ भने नारीहरूको पहिचान भने डरपोक, कमजोर, दासी, सेवक, अशिक्षित/अबौद्धिक, रुन्चे इत्यादिका रूपमा नारीहरूको विद्रुप पहिचान गराइएको हुन्छ भन्ने वास्तविक यथार्थताको सजीव प्रस्तुति प्रस्तुत उपन्यासमा गरिएको छ । नारीहरूको वास्तविक पहिचानमाथि पितृसत्तात्मक सामाजिक संरचनाले प्रहार गरेको कुरा प्रस्तुत उपन्यासबाट बोध हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा पुरुषहरूले आफ्नो प्रभुत्व कायम गर्नका लागि सीमान्तकृतहरूलाई सोझै नदबाई हामी दबिएका छैनौ भन्ने भ्रम फैलाइएका हुन्छन् जसका कारण नारीहरू पुरुष प्रभुत्वशाली समाजको उत्पीडनलाई आफ्नो नियत वा भाग्य ठान्छन् भन्ने तथ्यका आधारमा नारीहरू पुरुष प्रभुत्वशाली समाजको उत्पीडनलाई आफ्नै नियति ठान्छन् भन्ने तथ्य प्रस्तुत उपन्यासमा पाइन्छ । अतः प्रस्तुत उपन्यासमालाई लैङ्गिक पहिचानका दृष्टिले विश्लेषण गर्दा पुरुष जातिलाई निडर, साहसी, बौद्धिक, शिक्षित, मालिक, कहिल्यै नरुने व्यक्तिका रूपमा पितृसत्तात्मक समाजले परिचित गराएको छ भने नारी जातिलाई डरपोक, कमजोर, अशिक्षित, अबौद्धिक, रुन्चे, सेवक, दासीका रूपमा सोही समाजले नारीको पहिचान गराइएको छ ।

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले ग्रस्त नेपाली समाजको यथास्थितिको उजागर गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचना र सोही संरचनाद्वारा उत्पीडित बन्न पुगेका नेपाली नारी जातिको पनि यथार्थपरक ढङ्गबाट चित्रण गरिएको छ । प्रस्तुत उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाको प्रतिनिधित्व गर्ने पुरुष पात्रहरूमा मुख्य गरी नरेन्द्र रहेका छन् ।

प्रस्तुत उपन्यासमा नेपाली समाजमा पितापुर्खाका समयदेखि मान्दै आएको संस्कार र संस्कृतिबाट नयाँ पुस्तामा पारेको असरलाई स्पष्ट रूपमा उल्लेख गरिएको छ । पितृसत्तात्मक सामाजिक संरचनामा पितृसत्ताले नारी र पुरुषको छुट्टाछुट्टै पहिचान बनाएको छ । पितृसत्तात्मक सामाजिक संरचनाले नारीलाई त दमित् बनाएको छ नै पुरुषलाई पनि ठगेको छ । यस्तै सामाजिक संरचनामा नारी नारी भएकै कारण आफूले चाहेका या इच्छाअनुसारका कार्यकलाप गर्न सक्षम भएका छैनन् भने पुरुष पनि पुरुष भएकै कारण खास प्राप्तिबाट वञ्चित छन् । जसलाई तलको उदाहरणबाट हेर्न सकिन्छ :

> त्यसदिन बिहानै कप्तान्नी आमाले सान्नानीलाई अक्षताको टीका लगाइदिनुभएको थियो । औंसी, पूर्णिमा कुन्नि के तिथि पर्थ्यो, जब समयसमयमा सान्नानीको कालो निधारमा सेतो अक्षता टाँसिन्थे र दक्षिणामा एकदुई पैसा पनि पाउँथिन् उनी । कप्तानी आमा भन्नुहुन्थ्यो- “कन्ने केटी तँ होस् !” (पृ. ४४)

माथिको उदाहरणमा सान्नानीलाई नारी भएकै कारण टीका लगाएर दक्षिणा दिइएको छ । विवाह हुनुपूर्व केटीहरू भगवान्को रूपमा पूजिने प्रचलन पितृसत्तात्मक सामाजिक संरचनाले स्थापित गरेको मान्यता हो । यसैमा केटालाई टीका लगाएर दक्षिणा दिइँदैन । हाम्रो समाजले महिला र पुरुषको फरक फरक पहिचान बनाएको छ । सामाजिक भूमिकाले गर्दा महिला र पुरुषको पहिचान अलग हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनाले सम्पूर्ण नारी समुदायलाई रुन्चे, सहानुभूतिको पात्रका रूपमा परिचित गराएको हुन्छ । महिलालाई भान्साभित्र सीमित तुल्याएको छ । भान्सामा पनि खास नियम पालना गर्न पुरुष प्रभुत्वले दबाब दिएको छ । जसलाई तलको उदाहरणमा स्पष्ट रूपमा देख्न सकिन्छ :

> बजै भान्साकोठाबाट फुत्त बाहिर आइन् । उनले आफ्नो धोतीको फुर्कोलाई गर्दनमा बेरेकी थिइन् । उनले निहुरेर चामलको डालो टिपिन् ।

जुन्टुनानीले बजैलाई भनिन- "के लोर्त्याडलोर्त्याङ हल्लाइहिँडेकी बजै ! टम्म चोलो लाए त भैहाल्छ नि । धोएको चोलो लाए हुन्छ रे भात पकाउँदा पनि । सुनिनौ, बाबुहरूले भनेको ?" (पृ. २३)

माथिको उदाहरणमा महिलालाई पितृसत्ताले दबाएको प्रस्ट देखिन्छ । महिलाको सामाजिक भूमिका पुरुषको भन्दा अलग छ । महिलाहरू भान्साको काममा केन्द्रित छन् । पुरुषहरू महिलालाई निर्देशन दिन्छन् । पुरुष हठले महिलालाई सधैं कमजोर बनाएको छ । बज्यै एउटी नारी भएकै कारण उसको पहिचान पितृसत्तात्मक समाजले भान्से बनाएको छ । पितृसत्तात्मक समाजमा नरेन्द्र बाल्यकालदेखि नै कहिल्यै नरुने, साहसीका रूपमा परिचित गराएको छ ।  नारीलाई लजालु हुनु पर्ने, पतिलाई भगवान्समान सम्मान गर्नुपर्ने, चलिआएको धर्म, संस्कार तथा संस्कृतिको जगेर्ना या पालना नारीले गर्नुपर्ने यथार्थको पनि खुलासा गरिएको छ  । पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू पुरुषका अगाडि झुक्नुपर्ने र दबिएर बस्नुपर्ने तथ्य गौरीका माध्यमबाट उपन्यासमा यसरी प्रस्तुत भएको छ :

प्राणाधार ! यो घर नछाडिबक्सियोस् । मबाट अगाडि सर्ने कुनै प्रयत्न हुने छैन । म पुनः आफ्नो कुनाभित्र फर्कन्छु । हजुरलाई म यस घरमा छु भन्ने पनि थाहा हुने छैन । मबाट निस्फिक्री भएर यस घरमा राज गरिबक्स्योस् । मैले कुनै किसिमको आशा गर्ने बानी पनि छाडिसकेकी छु । त्यसो हुनाले मलाई अस्तित्वहीन जीवन बिताउन गाह्रो पर्ने छैन ।

श्रीचरणकी दासी,

गौरी (पृ. ८२)

माथिको उदाहरणमा उपन्यासकी नारी पात्र गौरीले पति नरेन्द्रबाट अपहेलित हुँदा पनि उसैको लागि अनुनय विनय गर्दै चिठी लेखेकी छ । म अगाडि सर्दिन, कुनामा सीमित भएर बस्छु भनेर आफ्नो कमजोर स्थानको जानकारी गराएकी छ । आफ्नो पतिलाई अत्यन्तै आदरका साथ लेखिएको चिठीको आसयले महिलाको पहिचानको अवस्था देखाएको छ । परम्परागत पितृसत्तात्मक सामाजिक संरचनामा महिलाहरू सधैं पुरुषभन्दा कमजोर हैसियतमा रहन्छन् । पुरुष प्रभुत्वले गर्दा सीमान्त बनेका महिलाहरू प्रत्यक्ष र परोक्ष रूपमा पुरुषको भन्दा फरक पहिचानमा रहेका हुन्छन् । पितृसत्तात्मक सामाजिक संरचनाले नारीको

अस्मिता, अस्तित्व र पहिचान पुरुषमा निहित बनाएको हुन्छ । पुरुषकै कमजोरीका कारण कुनै घटना भएमा समाजले पहिलालाई मात्र दोष दिन्छ भन्ने कुराको उदाहरण उपन्यासमा यसप्रकार छ :

> निश्चय नै गाउँभरिमा मुनरियालाई असल भन्ने कोही थिएन । पोइल जाने नारीलाई कसले असल भन्थ्यो र ? झन् त्यसमा पनि एउटा राम्रो गृहस्थीलाई नष्ट-भ्रष्ट पार्ने नारीका लागि राक्षसीको संज्ञाबाहेक अरू के हुन सक्थ्यो र ? तर जब उसले व्यग्र भएर मलाई सोधी- "मेरो के दोष ?" (पृ. ९५)

माथिको उदाहरणमा उपन्यासकी नारी पात्र मुनरिया नरेन्द्रसँग विवाह गरेर भागेपछि समाजले हेर्ने नजर प्रस्तुत भएको छ । नरेन्द्रको प्रभाव र आंशिक दबाबमा मुनरियाले नरेन्द्रसँग विवाह गरेको भए तापनि समाजले सबै दोषी मुनरियालाई मात्र देखाएको छ । मुनरिया नरेन्द्रसँग भागेर भारत पुगेको केही समयपछि मुनरियाले पुरुषलाई मनोरञ्जन दिने भूमिकासमेत निभाएकी छ । अन्त्यमा नरेन्द्र घर फर्किएपछि उसले पुनः दोस्रो विवाह गरेकी छ । यसरी यस उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले नारीलाई कमजोर र पुरुषको दासीका रूपमा पहिचान गराएको छ ।

## ३.४ *सुम्निमा* उपन्यासमा लैङ्गिक पहिचान

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *सुम्निमा* मिथकीय विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनाले पछि पारिएका महिला पात्रहरूको पनि सम्यक चित्रण गरिएको छ । नेपाली समाजका फरक फरक दुई धर्मका मान्यताले स्थापित पुरुष तथा महिलाको पहिचान उपन्यासमा देख्न सकिन्छ । प्रस्तुत उपन्यासमा सूर्यदत्त, सोमदत्त, बिजुवा, राजकुमार, भिल्लजस्ता पुरुष पात्रहरू तथा सोमदत्तकी आमा, पुलोमा र सुम्निमा जस्ता नारी पात्रहरूको उपस्तिथि रहेको छ । परम्परागत पितृसत्तात्मक संस्कृतिले महिलाहरूलाई बढी सीमान्तकृत बनाएको र सोहीअनुसार महिलाको पहिचान स्थापित भएको सन्दर्भ उपन्यासमा प्रस्तुत भएको छ । त्यसैगरी किराँत संस्कृतिभित्र पनि पुरुष र महिलाको फरक फरक सामाजिक भूमिकाका आधारमा स्थापित पहिचानलाई उपन्यासमा देख्न सकिन्छ ।

### ३.४.१ *सुम्निमा* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान

*सुम्निमा* उपन्यासमा लैङ्गिक रूपमा हेर्दा सूर्यदत्त, सोमदत्त, बिजुवा, राजकुमार र भिल्ल पात्रले पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वको, महिमाको, अहमताको शासकताका रूपमा आफूहरूलाई परिचित तुल्याएका छन् । पुरुष प्रभुत्वशाली समाजमा महिलाको अस्तित्व र पहिचान पुरुषमै निहित हुन्छ । उपन्यासकी नारी पात्र पुलोमा आफ्नो पति सोमदत्तको सेवामा हरक्षण तल्लीन हुन्छिन् । पुरुष प्रभुत्वयुक्त समाजमा आफ्ना पुरुषको आग्रह मान्नु नारीको धर्म मानिन्छ । पुरुषको निर्देशनअनुसार महिलालाई काम गर्न बाध्य पारिन्छ । सामाजिक संरचनाले पुरुषलाई मालिक र सर्वेसर्वाका रूपमा पहिचान दिएको छ भने नारीलाई पुरुषको सेवक र दासीको रूपमा पहिचान दिलाएको छ । जसलाई तलको उदाहरणबाट बुझ्न सकिन्छ :

> पुलोमालाई सोमदत्तको तर्क काट्ने प्रतितर्क हत्तपत्त आएन । तर एकछिन पनि निरुत्तर भएर बसिरहनुपर्दा उसलाई अकारण नै क्रोध उम्लियो । सोमदत्तले तत्काल आफ्नो विजयको क्षणमा सन्ध्याकालीन धार्मिक वार्तालाई समाप्त गर्दै भन्यो, “ल जाऊ, सुत्न ।”
>
> पुलोमा मानों त्यही क्षणको प्रतीक्षामा थी । पतिलाई छिटै ढोगेर ऊ आफ्नो कोठामा आई, र ईशावास्योपनिषत् पल्टाएर पढ्न थाली । आज उसलाई कुण्ठित भएको बोध भयो । पाठमा पनि उसले ध्यान लगाउन सकिन । (पृ. ४१)

माथिको उदाहरणमा सोमदत्तले पुलोमालाई सुत्न जान आदेश दिएको छ । पुलोमा सोमदत्तको आदेशबिना सुत्न जानसम्म पाएकी छैन । यो पुरुष प्रभुत्वको प्रतिफल हो । महिलाले आफ्नो श्रीमान्लाई आदर गर्नुपर्छ, पुरुषलाई ईश्वरको स्थानमा राख्नुपर्छ भन्ने सामाजिक मान्यता माथिको उदाहरणमा प्रस्तुत भएको छ । पुलोमा आफ्नो इच्छाले सुत्न जान सक्दिन । सुत्ने बेलामा सोमदत्तलाई ढोगेर गएकी छ । पितृसत्तात्मक समाजमा महिलाहरू प्रताडित भए पनि पुरुषको आदर र सम्मान गर्न छोड्दैनन् । पुरुषबिना महिला आफूलाई एक्लो र कमजोर ठान्छन् । महिलाले छोरा जन्माइदिनुपर्छ । पुरुषको वंश विस्तार गरिदिनुपर्छ । पुरुषले चाहेअनुकूलको व्यवहार प्रदर्शन नगरे दण्डित बन्नुपर्छ ।

यसरी *सुम्निमा* उपन्यासमा पुरुषलाई कठोर, बलवान्, मालिक, काम अह्राउने, साहसी इत्यादिका रूपमा पहिचान गराएको छ ।

### ३.४.२ *सुम्निमा* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान

*सुम्निमा* उपन्यासमा सुम्निमा, पुलोमा, सुम्निमाकी आमा तथा छोरी र सूर्यदत्तकी पत्नी जस्ता नारी पात्रहरूको पितृसत्तात्मक सामाजिक संरचनाल विद्रुप पहिचान गराइएको छ । विद्यमान सामाजिक संरचनामा पुरुष जातिले आफूलाई साहसी, कहिल्यै रुन नहुने, नरुने, मालिक, घरबाहिरको काम गर्ने, घुम्ने, बलियो, काम अह्राउने इत्यादिका रूपमा आफ्नो पहिचान स्थापित भएको छ भने नारी जातिलाई  समाजले डरपोक, रुन्चे, घरायसी कामकाजमा व्यस्त, पुरुषको सेवक, अह्राएको काम मान्ने कमजोर पात्रका रूपमा स्थापित गराएको छ । यसरी पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामाजिक संरचनाले पुरुषको पहिचान विशिष्ट बनाएको छ भने नारीको कमजोर र गलत पहिचान गराएको छ भन्ने कुरा प्रस्ट रूपमा देखिन्छ ।

*सुम्निमा* उपन्यासमा आएका नारी पात्रहरू पुरुषको तुलनामा कमजोर देखिन्छन् । सँगै घरबाहिरको काममा गएको बेलामा पनि महिलाले घर फर्केपछि भान्साको काममा खटिनुपर्छ । पुरुष प्रभुत्वले महिलालाई मात्र घरभित्रको काम गर्न बाध्य पारेको हुन्छ । यस सन्दर्भमा उपन्यासमा उल्लेख भएको एउटा उदाहरण हेर्न सकिन्छ :

> यति भनेपछि दुवै जना पिंढीमा बसे । दुवैका बीच सल्लाह, परामर्श हुन लाग्यो । सुम्निमाकी आमाचाहिं कोठामा गएर आगो सल्काउन लागी भोजन तैयार पार्ने तरखरमा । सुम्निमा पिंढीमै आफ्नो बाबुको पिठ्यूँमा ढेप्पिएर उनीहरूको कुरा सुन्न लागी । भिल्लको भनाइ थियो, जङ्गलभित्र हामीले आफ्नो रीतिथिति छाड्न हुन्न, आश्रमलाई ध्वस्त पारेर ब्राह्मणपरिवारलाई लगारिदिनुपर्छ । सुम्निमाले नाकेस्वरमा बिस्तारै सोधी, "अनि सोमदत्तको के हुन्छ नि बा ?" (पृ. १२)

माथिको उदाहरणमा पितृसत्तात्मक समाजमा महिलाको पहिचान देख्न सकिन्छ । महिलाहरूलाई पुरुषका लागि भोजन तयार पार्ने, पुरुषको सेवा गर्ने रूपमा पुरुष प्रभुत्वले

पहिचान दिएको छ । महिलाहरू भान्साको काममा खटिरहँदा पुरुषहरू गफ चुटेर बसिरहन्छन् । भान्साको काम पुरुषको हो भन्ने कुरा पुरुष प्रभुत्वले स्वीकार गर्दैन । पुरुषका तुलनामा महिलाहरू कमजोर र डरपोक हुन्छन् । उनीहरू छिटै आँसु झारिहाल्छन् । महिलाको उमेर पुगेपछि विवाह गरेर अर्काको घर जानुपर्छ । यो पुरुष प्रभुत्वशाली समाजमा महिलाले प्राप्त गरेको पहिचान हो । यस सन्दर्भमा उपन्यासको साक्ष्य यसप्रकार छ :

> साँझतिर सुम्निमा पनि आफ्नो गाउँमा पुगी । उसकी आमाले छोरीको अनुहार देखेर चिन्ताले सोधी, "के भो सुम्निमा । तँलाई ?"
>
> अहिलेसम्म नारीको मानले कुनै उपायद्वारा संयममा राखेको आँसुको बाँध आमाको वचनले एक्कासि टुट्न गयो । सुम्निमा रुन लागी ।
>
> बिजुवा घरबाट आँगनमा निस्कियो, र छोरीले रोएको देखेर विस्मित हुँदै सोध्यो, - "किन यसो गरेकी सुम्निमा ? कसले के गर्‍यो, तँलाई ?"
>
> आमाले भनी, "तेरो यो उमेरमा वन-जङ्गल त्यसै एक्लै चहार्दा वायुदेज लाग्छ भनेर त तँलाई भन्दै थिएँ म । झन् कोशीको किनारतिर त एक्लै जानै हुन्न तरुनीले ।"
>
> बाले भन्यो,- "सुम्निमाको उमेर पुग्यो, अहिलेसम्म त उसले दुलहा खोज्नुपर्ने ।"
>
> आमाले सोधी, "सुम्निमा । तेरा कोई तरुना साथी छैनन् यो गाउँमा ? किन नखोजेकी ?" (पृ. २७)

माथिको उदाहरणमा सुम्निमाकी आमाले सुम्निमालाई तरुनीले एक्लै बाहिर जानु हुन्न भनेकी छ । पुरुष प्रभुत्वशाली समाजमा महिलाहरू आफूलाई स्वयम् अधीनस्थ स्वीकार गर्छन् । पुरुषहरू महिलालाई विवाहको उमेर भएपछि माइत बस्नु हुन्न भन्ने ठान्छन् । यो कुरालाई महिलाले पनि स्वयम्  स्वीकार्छन् ।

यसरी *सुम्निमा* उपन्यासमा नारी जातिमाथि पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सोचअनुरूप विद्रुप पहिचान दिलाएको छ ।  एउटा पुरुषलाई कठोर, बलवान्, मालिक, काम अह्राउने, साहसी इत्यादिका रूपमा पहिचान दिलाउने समाजले नारी जातिलाई कोमल, कमजोर, दासी, सेवक, रुन्चे, अह्राएको काम मान्ने इत्यादि जस्ता संज्ञाहरू दिई नारी

जातिको विद्रुप पहिचान गराएको छ । उपन्यासमा पुरुषलाई शक्तिशाली र महिलालाई कमजोर रूपमा पहिचान गराइएको छ ।

## ३.५ *मोदिआइन* उपन्यासमा लैङ्गिक पहिचान

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *मोदिआइन* मिथकीय विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा महाभारतकालीन युद्धको परिवेश र त्यसले निम्त्याएको कारुणिक अवस्थाको चित्रण गरिएको छ । उपन्यासमा म पात्र, मिसिरजी, मोदि, पाण्डवहरू, कौरवहरू, कृष्ण, सेनाहरू आदि पुरुष पात्र तथा मोदिआइन, मछुवारिन, नारी तथा द्रौपदी आदि नारी पात्रहरूको उपस्थिति छ । लैङ्गिक रूपमा हेर्दा मोदि, पाण्डव तथा कौरवहरू, कृष्ण र सेनाहरूजस्ता पात्रले पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वको, सक्षमताको तथा शक्तिशाली रूपमा आफूलाई परिचित तुल्याएका छन् । त्यसै गरी मोदिआइन, नारी, मछुवारिन, द्रौपदी तथा अन्य नारी पात्रहरूको सोही समाजले विद्रुप पहिचान गराएको छ । परम्परागत सामाजिक संरचनामा पुरुषलाई बलवान्, कठोर, साहसी तथा घरबाहिरको काम गर्ने व्यक्तिका रूपमा स्थापित गराएको छ भने नारीलाई कमजोर, डरपोक तथा घरभित्रको काममा सीमित राखी सोहीअनुसारको पहिचान गराएको छ ।

### ३.५.१ *मोदिआइन* उपन्यासमा पुरुष पात्रको लैङ्गिक पहिचान

*मोदिआइन* उपन्यासमा नेपाली समाजको पितृसत्तात्मक विचारधाराको प्रतिनिधित्व गर्ने प्रत्यक्ष पुरुष पात्रहरू मिसिरजी र मोदि हुन् । मिथकीय सन्दर्भमा जोडिएर आएका पाण्डवहरू, कौरवहरू, सेनाहरू, कृष्ण आदि पनि पुरुष प्रभुत्वको प्रतिनिधित्व गर्ने पात्रहरू हुन् । पुरुष प्रभुत्वशाली समाजमा महिलाको तुलनामा पुरुषहरू शक्तिशाली हुन्छन् भन्ने तथ्य उपन्यासमा विभिन्न प्रसङ्गमा देख्न सकिन्छ । विभिन्न पुरुष पात्रहरूका माध्यमबाट समाजमा पुरुषको स्थान कस्तो छ भन्ने देखाइएको छ । पुरुषलाई बलवान्, कठोर, साहसी तथा घरबाहिरको काम गर्ने व्यक्तिका रूपमा पहिचान गराएको छ । समाजमा पुरुषको सदा सम्मान गरिन्छ । पुरुषहरूले घरभित्रको काममा खट्नु पर्दैन । पुरुषहरू बहादुर र निडर हुन्छन् भन्ने कुरा उपन्यासमा देखाइएको छ ।

उपन्यासमा चित्रण गरिएका पुरुष पात्रहरूमा मिसिरजी, मोदि, पाण्डव र कौरव तथा उनीहरूका सेनाहरू हुन् । उपन्यासकी नारी पात्र नारीको श्रीमान् तथा देवर पनि पुरुष

पात्रका रूपमा सक्रिय भूमिकामा देखिएका छन् । नारीका पति तथा देवर कौरव पक्षका सैनिक थिए । उनीहरू युद्धको तयारी गरिरहन्थे । पुरुष भएकै कारण उनीहरू युद्धका लागि समर्थ रहेको देखिन्छ । पुरुषहरू शक्तिशाली र युद्ध गर्न साहसी हुन्छन् भने महिलाहरू कमजोर, काँतर र डरपोक हुन्छन् भन्ने कुरा उपन्यासमा यसरी चित्रण भएको छ :

> भोलिपल्ट गाउँमा कुनै पनि पुरूष रहेनन् । मेरा बा र भाइ पनि उता पाण्डव सेनामा भर्ती भएका छन् भन्ने खबर पाएँ । दुलाहा र देवर कौरव सेनामा, बा र भाइ पाण्डव सेनामा । कसले कसलाई वध गर्ने, यो स्वजातीय हत्याकाण्डले कसको जय कसको पराजय हुने हो, हे परमात्मा ! (पृ. ५७)

माथिको उदाहरणमा पुरुष प्रभुत्वशाली समाजमा पुरुषहरू युद्ध गर्नका लागि बहादुर हुन्छन् भने महिलाहरू डरपोक र कमजोर हुन्छन् भन्ने देखाइएको छ । नारीका बुबा, भाइ, दुलाहा, देवर आदिजस्ता पुरुष पात्रहरू सैनिक बनेर पाण्डवका तर्फबाट युद्ध लड्न तयार भएका छन् । उनीहरूमा पुरुष हठ सहजै देख्न सकिन्छ । पितृसत्तात्मक समाजले पुरुषलाई सहासी, बहादुर, निडर, युद्धमा सहभागी हुन सक्ने रूपमा पहिचान दिएको छ ।

यसरी *मोदिआइन* उपन्यासमा पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सोचअनुरूप पुरुषलाई कठोर, बलवान्, मालिक, साहसी इत्यादिका रूपमा पहिचान पहिचान गराइएको छ ।

### ३.५.२ *मोदिआइन* उपन्यासमा नारी पात्रको लैङ्गिक पहिचान

*मोदिआइन* उपन्यासमा मोदिआइन एउटा सानोतिनो होटल व्यवसाय गरेर जीविकोपार्जन गर्ने नारी पात्र हो । ऊ व्यापार गर्ने, पाहुनाको सत्कार गर्ने, भान्साको काम गर्ने तथा रोगी पतिको सेवा गर्नमा आफ्नो सारा समय खर्चिन्छे । गरगहना लगाएर बस्ने मोदिआइन पितृसत्तात्मक समाजकी नारी पात्र हो । आफ्नो श्रीमान्को हेरचाह गर्नु उसको कर्तव्य देखिन्छ । त्यसैगरी अर्की नारी पात्र मछुवारिन पनि डालोमा माछा लिएर बेच्ने पात्र हो । पुरुष प्रभुत्वशाली समाजले महिलालाई सामान्य काम गर्ने कमजोर पात्रका रूपमा पहिचान दिएको हुन्छ भन्ने तथ्य उनीहरूको अवस्थाबाट प्रस्ट हुन्छ । उपन्यासमा सबैभन्दा सशक्त रूपमा उपस्थित भएकी नारी पात्र नारी हो । ऊ महाभारतकालीन समयकी एउटी क्षत्रिय परिवारकी केटी हो । बाल्यावस्थादेखि प्रौढावस्थासम्म कुनै न कुनै रूपमा सीमान्तकृत

बनेकी नारी पुरुष प्रभुत्वका अगाडि कमजोर पहिचान स्थापित भएकी पात्र हो । पुरुष प्रभुत्वले नारीलाई नर्तकी बनाएको हुन्छ भन्ने साक्ष्य उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> तिनताका केही काम नपाएर म जङ्लमा चहारीचहारी हिँड्थें । त्यसै आनन्दले शरीरलाई फुरूक्क पार्दै हरिणीको चालमा । हस्तिनापुरबाट मृगयाका लागि कहिलेकाहीँ राजकुमारहरू त्यतै आउँथे । आमा आत्तिएर मलाई छाप्रोभित्र हुल्नुहुन्थ्यो । भन्नुहुन्थ्यो- "तँलाई देखेर, हरेर लैजालान् दरबारमा नर्तकी बनाउन, तँलाई । कहिले पनि नबिर्सिएस्, तँ क्षत्रिय कुमारी होस् ।" (पृ. ४२-४३)

माथिको उदाहरणमा नारी पात्रलाई नर्तकी बनाउन लैजालान् भनेर उसैकी आमाले भनेको सन्दर्भ आएको छ । पितृसत्ताले महिलालाई मनोरञ्जनको साधनका रूपमा मानेको हुन्छ । पुरुषको सन्तुष्टिको आधार नारीले बनिदिनुपर्छ । हाम्रो समाजले नारीलाई पुरुषको सेवकको रूपमा हेरेको हुन्छ । पुरुषका लागि राम्रो काम गर्न नसके अपहेलित हुनुपर्छ । पुरुष हठले गर्दा नारीहरूलाई आफ्नो सम्पत्तिका रूपमा उपभोग्य वस्तु बनाएको हुन्छ । नारीले पुरुषको घरमा जानुपर्छ । पुरुषका चाहनाबमोजिम चल्नुपर्छ भन्ने मान्यता समाजमा स्थापित छ । जन्मिएको घर सधैँका लागि छोडेर बिदा भएर जाने जातका रूपमा महिलाको पहिचान समाजमा स्थापित छ भन्ने कुराको उदाहरण यसप्रकार छ :

> उसले त्यही रात मलाई आफूसँगै घोडामा चढाएर आफ्नो घर लिएर आयो । आमाले रोएर, बाले आशीर्वादका साथ र भाइले म पछिपछि आउँला तिमीलाई भेट्न भनेर बिदा दिए । एउटा पुरूषको न्यानो स्पर्शको अनुभव गर्दै, हृदयमा आमा-बा, भाइलाई मायाका साथ सम्झिँदै म पत्नी भएर आफ्नो श्वसुर गृहका लागि हिँडे । (पृ. ४५)

माथिको उदाहरणमा नारी पात्र नवदुलाहका साथ उसैको घरमा गएको प्रसङ्ग आएको छ । महिला जातिले उमेर पुगेपछि अर्केको घर जानुपर्ने, जन्मघरलाई त्याग्नुपर्ने र अपरिचित पुरुषको सेविका भएर बस्नुपर्ने सामाजिक व्यवस्था रहेको छ । नारीहरू कमजोर हुन्छन् भने पुरुषहरू बहादुर हुन्छन् भन्ने मान्यता समाजमा स्थापित छ । समाजले नारीलाई कमजोर र पुरुषलाई बहादुरको पहिचान दिएको प्रसङ्ग उपन्यासमा यसरी आएको छ : "समरको शब्द सुन्नासाथ हामी नारीहरू भयले काँप्न थाल्यौँ । मनमनैमा आफ्ना पति, भाइ,

दाजु, बा, काकाहरूलाई सम्झेर ईश्वरसँग पुकार गर्न थाल्यौं- हे ईश्वर, सबैको रच्छे गर" (पृ. ५३) ।

माथिको उदाहरणमा महाभारतको युद्धमा पुरुषहरू निडरताका साथ होमिदा नारी पात्रहरू अत्यन्तै त्रसित भएको प्रसङ्ग उल्लेख भएको छ । नारीहरू आफ्ना पुरुष आफन्तहरूको सुरक्षाको लागि प्रार्थना गरिरहेका छन् । पितृसत्तात्मक समाजले पुरुषलाई सहासी, बहादुर, निडर, युद्धमा सहभागी हुन सक्ने रूपमा पहिचान दिएको हुन्छ भने महिलालाई घरभित्रै सीमित राखी कमजोर, रुन्चे, डरपोक र पुरुषको सेविकाको रूपमा पहिचान दिएको हुन्छ भन्ने तथ्य माथिको उदाहरणमा भेटिन्छ ।

यसरी *मोदिआइन* उपन्यासमा प्राचीन महाभारतको युद्धका सन्दर्भलाई जोडेर पुरुष तथा नारी पात्रको उपस्थिति गराइएको छ । यसमा नारी जातिमाथि पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सोचअनुरूप विद्रुप पहिचान दिलाइएको छ । एउटा पुरुषलाई कठोर, बलवान्, मालिक, साहसी इत्यादिका रूपमा पहिचान दिलाउने समाजले नारी जातिलाई कोमल, कमजोर, दासी, सेवक, रुन्चे, अह्राएको काम मान्ने इत्यादिजस्ता संज्ञाहरू दिई नारी जातिलाई कमजोर र अधीनस्थका रूपमा पहिचान गराइएको छ ।

## ३.६ *बाबु, आमा र छोरा* उपन्यासमा लैङ्गिक पहिचान

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *बाबु, आमा र छोरा* सामाजिक विषयवस्तुमा आधारित उपन्यास हो । यस उपन्यासमा बाबु, उसकी जेठी श्रीमती, कान्छी श्रीमती उमा र छोरा शिवप्रसाद पात्रका रूपमा आएका छन् । पितृसत्तात्मक सामाजिक संरचनाले स्थापित गरेको पुरुष प्रभुत्वको प्रतिनिधित्व बाबु पात्र र छोरा शिवराजले गरेका छन् । त्यसैगरी पितृसत्ताद्वारा प्रताडित बनेका र लैङ्गिक रूपमा सीमान्तकृत बनेका नारी पात्रहरूको प्रतिनिधित्व जेठी श्रीमती र उमाले गरेका छन् । परम्परागत पितृसत्तात्मक पुरुष प्रभुत्वले महिलाको पहिचानमा प्रत्यक्ष प्रभाव पारेको तथ्य उपन्यासमा स्पष्ट रूपमा देखिन्छ ।

### ३.६.१ *बाबु आमा र छोरा* उपन्यासमा पुरुषको लैङ्गिक पहिचान

बाबु, आमा र छोरा उपन्यासमा नारीका तुलनामा पुरुषहरूको शक्तिशाली पहिचान गराइएको छ । बाबु पात्र र छोरा पात्र शिवराज नारी पात्रभन्दा स्वतन्त्र, शक्तिशाली र

निर्णय गर्न सक्षम छन् । पुरुष प्रभुत्वशाली सामन्ती विमर्शका कारण पुरुष साहसी, निडरका रूपमा परिचित हुन्छन् । पुरुष प्रभुत्वका कारण महिलाहरू समाजमा पुरुषका अगाडि कमजोर र निरीह बन्न पुग्छन् ।  सामाजिक संरचनाले नै महिलालाई पुरुषका अगाडि दास बनाएको छ । पुरुषलाई बहुविवाह गर्न समाजले रोक्दैन । बाबु पात्रले महिलाका प्रति राखेको दृष्टिकोण उपन्यासमा यसरी प्रस्तुत भएको छ :

> स्त्रीको स्वभावमा जस्तोसुकै भिन्नता देखिए तापनि, मलाई दुई नारीको सहवासको अनुभव छ, उनीहरूको अन्तस्थल एउटै तत्त्वको हुन्छ । उनीहरूलाई प्रकृतिले नै आत्मसमर्पणका लागि रचेको हो, त्यसैले आफूलाई उत्सर्ग गर्नु उनीहरूको स्वाभाविक वृत्ति हुन्छ । जेठी र कान्छीमा त्यस्तो स्वभावको भिन्नता भएर पनि दुवैले मलाई दिएको प्रेममा आत्मसमर्पण थियो । जेठी भन्थी तिम्रो सुख मेरो पनि सुख हो नि । कान्छी पनि भन्थी- मेरो आफ्नो निजी सुखको अस्तित्व छैन हजुरको सुखभन्दा बाहिर । (पृ. १७)

माथिको उदाहरणमा पुरुषले महिलालाई कमजोर ठान्छ । महिलाले पुरुषका अगाडि सधैँ आत्मसमर्पण गर्नुपर्छ भन्ने कुरा बाबु पात्रका माध्यमबाट प्रस्तुत गरिएको छ । महिलाहरू पुरुषको सुखमा आफ्नो सुख खोज्छन् । पुरुष प्रभुत्वशाली समाजमा पुरुषहरूले महिलालाई कमजोर दृष्टिकोणले हेर्ने कुरा माथिको उदाहरणबाट बुझ्न सकिन्छ । यसरी *बाबु, आमा र छोरा* उपन्यासमा पुरुषलाई सक्षम, बहादुर र अगुवाका रूपमा स्वीकार गरी शक्तिशाली पहिचान गराएको छ ।

## ३.६.२ *बाबु आमा र छोरा* उपन्यासमा नारीको लैङ्गिक पहिचान

*बाबु, आमा र छोरा* उपन्यासमा बाबु पात्रले पुरुष प्रभुत्वको प्रभावले एउटी अनपढ र गाउँले गरिब केटीसँग पहिलो विवाह गरेको छ । विवाहपछि एउटा छोरा जन्मिएर हुर्किएको छ भने सन्तान उत्पादनको क्रम रोकिएको छैन । पटक पटक सन्तान जन्माउँदाको शारीरिक पीडा तथा सन्तान नबाँच्दाको मानसिक छट्पटीले गर्दा रुग्ण बनेर जेठी श्रीमतीको मृत्यु भएको छ । पितृसत्तात्मक समाजले महिलाको वास्तविक  पहिचानमा बाधा सिर्जना गरेको हुन्छ । महिलालाई केवल सन्तान उत्पादनको साधन तथा पुरुषको सेविकाका रूपमा लिएको हुन्छ ।  जुन कुरा उपन्यासको घटनाक्रमबाट छर्लङ्ग हुन्छ । उपन्यासकी जेठी श्रीमती रोगी भएपछि उसैले आफ्नो लोग्नेलाई दोस्रो विवाहका लागि आग्रह गरेकी छ ।

महिला स्वयम् पुरुषको सेवा गर्न असमर्थ हुँदा सेविकाको रूपमा अर्की विवाह गर्न श्रीमान्लाई आग्रह गर्छन् । यो पुरुषवादी समाजले दिएको महिलाको छद्म पहिचान हो । जसलाई तलको उदाहरणबाट स्पष्ट पार्न सकिन्छ :

> यस्तो चर्चालाई या त कसैले प्रारम्भ नै गर्दैन, या यदि कसैले सुरु गर्यो भने नटुङ्गीकन त्यसै बिलाएर जाँदैन । मेरी जेठीलाई धक फुक्न मात्रै बाँकी थियो । एकचोटि धक फुकाएर मेरो दोस्रो बिहाको चर्चा गरेपछि उसले कुनै प्रकारको अप्ठयारो नमानी बारम्बार त्यसलाई मेरा सामु उठाइरहन्थी । बिछ्यौनामा परीपरीकन पनि ऊ आफ्ना माइतीतिरका बिहायोग्य कन्याको खोजी गरिरहन्थी । कहिले कहिले घरमै नयाँनयाँ केटीहरूलाई देख्थें । ऊ भन्थी- काकाकी छोरी, मामा या फुपूकी छोरी, मलाई सघाउन, मैले केही दिनको लागि बोलाएको । (पृ. ५)

माथिको उदाहरणमा जेठी श्रीमतीले आफू असक्षम भएपछि श्रीमान्को सेवाका लागि दोस्रो विवाहको तयारी गरेको देखिन्छ । महिलाहरू पुरुषका अगाडि निरिह हुन्छन् । पुरुष प्रभुत्वले गर्दा महिलाहरू स्वयम् कमजोर पहिचान स्थापित हुन पुगेका हुन्छन् भन्ने तथ्य माथिको उदाहरणका आधारमा बुझ्न सकिन्छ । नारी जातिको अस्तित्व र पहिचान पुरुष जातिमाथि निर्भर हुन्छ । पुरुषले सधैं महिलालाई आफ्नो सहयोगीका रूपमा अपनाएको हुन्छ भन्ने यथार्थ उपन्यासको आधारमा बुझ्न सकिन्छ । पितृसत्तात्मक समाजले महिलालाई पुरुषका तुलनामा कमोजर पहिचान दिएको छ भन्ने तथ्य उपन्यासमा वर्णित तलको उदाहरणबाट बुझ्न सकिन्छ :

> यहीं आएर लाग्छ- नारी सृष्टि हो भाग्यको नियतिको अधीन, एउटा सृष्ट जीव । पुरुष - त्यस्तो सम्पूर्ण भावले नियतिको अधीन हुन्छ कि हुन्न, त्यो मलाई थाहा छैन । हाम्रो सृष्टि नै जुन रूपबाट भएको छ- पात्रको रूपमा त्यसमा सक्रियता सम्भव छैन । त्यसैले होला शरीर र मन दुवैबाट हामी कोमल, नरम छौं, लल्याकलुलुक पर्ने जीव । तर दृढता हाम्रो स्वभाव होइन, जिद्दी हुनसक्लाउँ, हठ पनि गरौंला, तर दृढता -अहँ त्यो नारीले पाइन, यदि म पुरुष भएकी भए ! कुन्नि, के म केवल हतबुद्धि भएर व्यग्र मात्रै भैरहन्थें र ? ऊ पनि नभएको अवस्थामा सहारा नपाएर के कसो गर्नुपर्ने हो नबुझेर - दाजुको कठोर निर्णयका विरुद्ध दह्रो भएर उभिन नसकेर ?

कुन्नि, एकचोटि आत्तिएर मैले दाजुसँग आफ्नो तमाम लज्जा त्यागेर भनें- दाइ, मेरो बिहा भैसकेको । (पृ. ४३)

माथिको उदाहरणमा पितृसत्तात्मक सामाजिक संरचनाले दिएको नारीको पहिचान स्पष्ट रूपमा चित्रण भएको छ । पितृसत्तात्मक समुदायमा पुरुषको नै बाहुल्य रहेको छ । शक्तिसम्बन्धका दृष्टिबाट पनि पुरुष नै अगाडि छन् । घरायसी सानातिना निर्णयहरूमा पनि नारीको कुनै अधिकार हुँदैन । माथिको उदाहरणमा पनि पुरुषको अहम्ताका कारण, पुरुष हठका कारण या त पुरुष प्रभुत्वका कारण उमा थरथर कामेकी छ । अत्यन्त पीडित अवस्थामा उमाको दोस्रो विवाहको आयोजना भइरहँदा समाजमा पुरुषलाई माथि राखिएको छ भन्ने पुष्टि हुन्छ । पुरुष प्रभुत्वशाली सामन्ती विमर्शका कारण पुरुष साहसी, निडरका रूपमा परिचित हुन्छन् भने महिलाहरू कमजोर, कोमल, नरम, डरपोकका रूपमा परिचित हुन पुग्दछन् । माथिको उदाहरणमा पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामाजिक संरचनाले नारी जातिलाई कमजोर रूपमा पहिचान गरेको छ । उपन्यासकी नारी पात्र उमा उमेरले धेरै जेठो श्रीमान्सँग इच्छाविपरीत बस्न बाध्य छ । पुरुषले चाहेअनुकूलको नभइदिँदा समाजले दण्डित गर्ने डर नारीहरूमा रहन्छ र त्यही डरका कारण पुरुषका चाहनाअनुसार आफूलाई परिणत गर्न महिलाहरू बाध्य हुन्छन् । उपन्यासमा आफ्नो श्रीमान्का अगाडि निरिह बनेर आफूलाई सुम्पन बाध्य उमाको अभिव्यक्ति यसरी प्रस्तुत भएको छ :

तर के कहिल्यै उनले मलाई प्रत्येक राती आफ्नो फोहोर पसिने आलिङ्गनमा राख्न बिर्से र- अन्धो प्रागऐतिहासिक भुइँमा पेट घस्रेर हिंड्ने थुतुने जनावरले समातेको जस्तो मलाई चिप्लो त्यही पाशमा नाक मुखबाट बाफ र च्याँट्टिएको ध्वनिको मुस्लो ओकल्दै । त्रास या भय थिएन मलाई त्यस जङ्गली पक्डाइमा, घृणाको आवेश पनि बटुल्न सक्दिनथिएँ - लाग्थ्यो, फोहोरको दलदलमा मैले उद्धारको केही प्रयत्नमा हलचल गरें भने झन्झन् फोहोरमा भास्सिनेछु । त्यति पनि सजगता थिएन क्यारे मेरो सारा चेतनामा, केवल असुचिताको भाव व्याप्त थियो । (पृ. ५१)

माथिको उदाहरणमा पितृसत्तात्मक सामाजिक संरचनामा नारीले प्राप्त गरेको पहिचानको अवस्था देखिन्छ । पुरुषहरू नारीलाई भोग्या बनाउन चाहन्छन् । नारीले पुरुषका अगाडि विरोध गर्न पाउँदैनन् । नेपाली समाजमा एउटी श्रीमती मरेपछि दोस्रो विवाह गर्न पुरुषहरू सहजै पाउँछन् भने महिलालाई विधवा विवाहको अधिकार रहँदैन । उमाले

आफूभन्दा पच्चिस वर्ष बुढो पतिलाई मनले नचाहेर पनि अपनाउन बाध्य छ । जसको प्रमुख कारण पितृसत्तात्मक सामाजिक संरचनाद्वारा निर्मित पुरुष प्रभुत्वशाली विमर्श नै हो । आफ्नो पतिको नम्रताका साथ आदर गर्नुपर्छ र पतिका चाहनालाई निषेध गर्नुहुन्न भनेर पितृसत्ताले नारीलाई दीक्षित गराएको छ । यसो गरेमा ऊ आदर्श नारी ठहरिन्छे । पतिको अनादर गरे पत्नीले घृणित नारीको संज्ञा प्राप्त गर्छे । दोस्रो विवाहको छुट समाजले पुरुषलाई मात्र दिएको छ । नारीले दोस्रो विवाह गरे चरित्रहीन नारीको रूपमा समाजले पहिचान दिलाउँछ ।

यसरी *बाबु, आमा र छोरा* उपन्यासमा महिलाहरूमाथि पितृसत्तात्मक पुरुष प्रभुत्वशाली संरचनाअनुरूप विरूप पहिचान दिलाएको छ । पुरुषलाई सधैँ सक्षम, बहादुर र अगुवा देख्ने समाजले महिलालाई पुरुषको दासी, कमजोर, दयालु र कोमल रूपमा स्वीकार गरी विद्रुप पहिचान गराएको छ ।

## ३.७ निष्कर्ष

विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित *नरेन्द्र दाइ* उपन्यासका केन्द्रीय नारी पात्रहरू गौरी र मुनरिया हुन् भने *सुम्निमा* उपन्यासका केन्द्रीय नारीपात्रहरू सुम्निमा र पुलोमा हुन् । त्यसैगरी *मोदिआइन* उपन्यासका केन्द्रीय नारी पात्रहरूमा मोदिआइन, मछुवारिन, नारी र द्रौपदी रहेका छन् । त्यस्तै *बाबु, आमा र छोरा* उपन्यासमा नारी पात्रका रूपमा जेठी श्रीमती र कान्छी श्रीमती उमा रहेका छन् । प्रस्तुत उपन्यासहरूमा पितृसत्तात्मक सामाजिक संरचनाले नारी जातिको विद्रुप पहिचान गराएको छ । पितृसत्तात्मक सामाजिक संरचनाले एउटी नारीलाई रुन्चे, डरपोक, दासी, सेवक, पुरुषले अह्राएको काम मान्ने इत्यादि रूपमा गलत पहिचान गराएको छ । गौरी सम्पन्न परिवारकी बुहारी हुँदाहुँदै पनि पितृसत्तात्मक समाजमा नारी भएरै जन्मिएका कारणले गर्दा सीमान्तकृत बनेकी छ । त्यसैगरी मुनरिया महिला भएकै कारण चरित्रहीन नारीका रूपमा समाजले पहिचान दिलाएको छ । *सुम्निमा* उपन्यासमा पुलोमालाई नारी भएकै कारण पतिको सेवक र घरभित्रको काममा सीमित गराइएको छ भने सुम्निमालाई अशिक्षित र असंस्कृत नारीका रूपमा पहिचान दिइएको छ । *मोदिआइन* उपन्यासका नारी पात्रहरू मोदिआइन, मछुवारिन, नारी र द्रौपदीलाई पितृसत्ताले घरभित्रै सीमित राख्ने, सनोतिनो काम लगाउने, पुरुषको मनोरञ्जनको साधन बनाउने तथा पुरुषको सेवकको रूपमा पहिचान गराइएको छ ।

पुरुषलाई बहादुर, योद्धा, निडर र साहसी बनाएको समाजले महिलालाई डरपोक, कमजोर, रुन्चे र पुरुषको निर्देशन मान्ने रूपमा पहिचान दिएको छ । *बाबु, आमा र छोरा* उपन्यासकी जेठी श्रीमतीलाई अशिक्षित र ग्रामीण महिलाका रूपमा चिनाइएको छ । उक्त समाजमा यदि नारीलाई शिक्षित बनाइयो भने हाम्रो पुरुष सत्ता ढल्न सक्दछ भन्ने विमर्शका कारण तत्कालीन समयमा नारी शिक्षित हुनबाट वञ्चित हुनु पर्दथ्यो । त्यसै गरी यदि नारीहरू घरबाहिरको संसारमा डुल्न घुम्न पाए भने भोलि हाम्रो पुरुष प्रभुत्वशाली समाजका विरुद्धमा औँला उठाउने छन् भन्ने विमर्शका कारण नारीलाई घरबाहिर हिँड्न नदिई घरभित्रकै काममा व्यस्त बनाइन्छ । यसरी नारीलाई घरबाहिर जान हुन्न भन्ने भ्रम फैलाएर नारी जातिलाई घरभित्र सीमित पहिचान निर्माण गरिएको छ । त्यस्तै अर्की नारी पात्र उमालाई जबरजस्ती आफूभन्दा बुढो पतिसँग विवाह गर्न बाध्य पारिएको छ । आफ्ना चाहनाहरूलाई तिलाञ्जली दिँदै पतिको खुसीका लागि लागिरहनु पर्ने उसको बाध्यात्मक अवस्था देखिन्छ ।

यसरी उल्लिखित सम्पूर्ण उपन्यासमा नारी पात्रहरूलाई पितृसत्तात्मक सामाजिक संरचनाले कमजोर पहिचान दिएको देखिन्छ । विश्वेश्वरप्रसाद कोइरालाद्वारा लिखित विश्लेषित उपन्यासहरूमा पितृसत्तात्मक सामाजिक संरचनाले नारीको विद्रुप पहिचान गराएको छ । एउटा पुरुषलाई कठोर, बलवान्, शक्तिशाली, मालिक, काम अह्राउने, साहसी, कहिल्यै नरुने इत्यादिका रूपमा पहिचान गराउने समाजमा एउटी नारीलाई कमजोर, कोमल, शक्तिहीन, सेवक, दासी, अह्राएको काम मान्ने, डरपोक तथा रुन्चे जस्ता अनेकौँ संज्ञाहरू दिई नारी जातिको विद्रुप पहिचान या गलत पहिचान गराएको छ भन्ने कुरा उपन्यासमा चित्रित नारी पात्रहरूको जीवनकथाबाट प्रस्ट हुन्छ ।

# चौथो परिच्छेद

# सारांश तथा निष्कर्ष

## ४.१ सारांश

*विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको शोधपत्रको पहिलो परिच्छेदमा शोधपरिचय दिइएको छ । यस क्रममा समस्याकथन, अध्ययनको उद्देश्य, पूर्वकार्यको समीक्षा, अध्ययनको औचित्य र महत्त्व, अध्ययन विधि र पद्धति, अध्ययनको सीमाङ्कन, विश्लेषणको सैद्धान्तिक ढाँचा साथै शोधप्रबन्धको रूपरेखा उल्लेख गरिएको छ । समस्याको पहिचान गर्ने क्रममा शीर्षकसँग सम्बन्धित पूर्वकार्यहरूको अध्ययन गरिएको  छ । सोही शोध समस्याको पहिचानको आधारमा उद्देश्यहरूको निर्धारण, सीमाङ्कन, विश्लेषणको ढाँचा तथा शोधकार्यको औचित्य स्थापित गरिएको छ ।

शोधप्रबन्धको दोस्रो परिच्छदेमा लैङ्गिक दृष्टिबाट सीमान्तकृतहरूको प्रतिनिधित्व गराइएका उपन्यासहरूको विश्लेषण गरिएको छ । यस क्रममा सर्वप्रथम महिला र पुरुष दुवै के कस्ता पात्रको प्रतिनिधित्व गराइएको छ भन्ने कुराको विश्लेषण गरिएको छ र त्यसपछि लैङ्गिक दृष्टिबाट सीमान्तकृत बन्न पुगेका पात्रहरूको प्रतिनिधित्वको स्थिति निरूपण गरिएको छ । यसरी विश्लेषणको पहिलो परिच्छदेमा प्रतिनिधित्वको सैद्धान्तिक मान्यतामा आधारित भई कोइरालाका उपन्यासहरूमा लैङ्गिक दृष्टिले सीमान्तकृतहरूको प्रतिनिधित्वको विश्लेषण गरिएको छ । कोइरालाका विश्लेषित चारओटै उपन्यासहरूमा सीमान्तकृत पात्रहरूको सम्यक ढङ्गले प्रतिनिधित्व गराइएको छ । *नरेन्द्र दाइ* लैङ्गिक रूपबाट सीमान्तकृत पात्रहरूको सबैभन्दा बढी प्रतिनिधित्व गराइएको उपन्यास हो । त्यसैगरी *सुम्निमा* पितृसत्तात्मक सामाजिक संरचनायुक्त नेपाली समाजको रुढीवादी संस्कृतिबाट सीमान्तकृत बन्न पुगेका पात्रको प्रतिनिधित्व गराइएको उपन्यास हो । *मोदिआइन* उपन्यासमा महाभारतकालीन विषयलाई उठान गरी सीमान्तकृत महिला पात्रको चित्रण गरिएको छ । त्यस्तै *बाबु, आमा र छोरा* उपन्यासमा नारी पात्रहरू जेठी श्रीमती र उमा लैङ्गिक दृष्टिले सीमान्तकृत बनेका छन् ।

तेस्रो परिच्छेदमा सीमान्तीयताअन्तर्गत पर्ने पहिचानको सिद्धान्तलाई आधार बनाइएको छ । यसमा पितृसत्तात्मक सामाजिक संरचनाले नारी जातिको पहिचान र अस्तित्वमाथि पारेको प्रभाव अर्थात् पितृसत्तात्मक सामाजिक संरचनाले कोइरालाका उपन्यासमा चित्रित नारी पात्रहरूको पहिचान के कसरी कस्तो रूपमा निर्धारण गरेको छ भन्ने कुराको विश्लेषण यस परिच्छेदमा गरिएको छ । कोइरालाका उपन्यासहरूमा चित्रित पात्रहरूमध्ये नारी पात्रहरू पितृसत्तात्मक सामाजिक संरचनाका कारण सीमान्तकृत बन्न पुगेका छन् । उनीहरू पितृसत्तात्मक सामाजिक संरचना र रुढिवादी संस्कृतिका कारण आफ्नो पहिचान र अस्तित्व नै गुमाउन पुगेका छन् ।

त्यसैगरी यस शोधप्रबन्धको चौथो परिच्छेदमा शोधमा उल्लेख गरिएका सम्पूर्ण परिच्छेदहरूको सारांश तथा निष्कर्ष उल्लेख गरिएको छ ।

## ४.२ निष्कर्ष

*विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा लैङ्गिक सीमान्तीयता* शीर्षकको प्रस्तुत शोधप्रबन्धमा शोध समस्यामा उल्लेख गरिएका दुईओटा शोध प्रश्नहरूको विश्लेषण माथिका दोस्रो र तेस्रो परिच्छेदमा गरिएको छ । तिनै प्रश्नमा आधारित भई *नरेन्द्र दाइ, सुम्निमा, मोदिआइन* र *बाबु, आमा र छोरा* उपन्यासको विश्लेषण गरी प्राप्त उत्तरहरूलाई तल निष्कर्षस्वरूप प्रस्तुत गरिएको छ ।

प्रस्तुत अध्ययनमा विश्वेश्वरप्रसाद कोइरालका उपन्यासहरूमा लैङ्गिक दृष्टिले सीमान्तवर्गको प्रतिनिधित्वको खोजी गरिएको छ । कोइरालाको *नरेन्द्र दाइ* उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनायुक्त समाजको प्रशस्त चित्रण गरिएको तथ्य भेटिएको छ । सोही सामाजिक संरचनाका कारण छोरा र छोरीलाई समाजले हेर्ने दृष्टिकोणमा फरकपन भेटिन्छ । पितृसत्तात्मक सामाजिक संरचनाले गर्दा गौरी छोरी भएकै कारण आफू बाँचेको समाजबाट ऊ उत्पीडित छ । आफ्नो पति नरेन्द्र छोरा भएकै कारण स्वतन्त्र र खुला पंक्षीझैँ भएको छ । छोरी भएर जन्मिएकै कारण गौरीले आफ्ना सारा इच्छा आकाङ्क्षा त्याग्नु परेको स्थिति *नरेन्द्र दाइ* उपन्यासमा चित्रण गरिएको छ । अर्की नारी पात्र मुनरिया छोरी भएकै कारण सानैदेखि अर्काको घरमा सुसारे काम गर्न बाध्य छ । नरेन्द्रले फकाएर विवाह गरी गाउँ छोड्दा त्यसको सबै दोष समाजले मुनरियामाथि थोपरेको छ । मुनरियाले बाँच्नका

लागि पुरुषको मनोरञ्जनको साधनसमेत बन्न बाध्य हुनुपरेको छ । अन्तिममा नरेन्द्रले बिरामी भएर उसलाई छोडेपछि दोस्रो विवाह गरेर गुजारा चलाएकी मुनरिया पुरुष प्रभुत्वले गर्दा सीमान्तकृत बनेकी नारी पात्र हो ।

*सुम्निमा* उपन्यासमा सामाजिक संरचनाकै कारण उत्पीडित बन्न पुगेका नारी जातिको जीवन कथालाई चित्रण गरिएको छ । यस उपन्यासमा विशेष गरी सुम्निमा र पुलोमा लैङ्गिक रूपमा सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने नारी पात्रहरू हुन् । यति मात्र नभएर सोमदत्तकी आमा, सुम्निमाकी आमा तथा छोरीसमेत लैङ्गिक हिसाबबाट सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने नारी पात्रहरू हुन् । उनीहरू सबै आआफ्ना श्रीमान्का कारणबाट उत्पीडित बन्न पुगेका छन् । उनीहरूले कुनै न कुनै रूपमा पुरुष पात्रको खुसीका लागि जीवन व्यतित गरेका छन् । साथै नारीले पुरुष हठका कारण आफ्ना कतिपय चाहनाहरूलाई दमित पार्नु परेको छ । यस  उपन्यासमा लैङ्गिक रूपले सीमान्तकृत समुदायको प्रतिनिधित्व गर्ने पात्रहरूमा सुम्निमा, पुलोमा, सोमदत्तकी आमा, सुम्निमाकी आमा तथा छोरी आदि हुन् । पुरुष प्रभुत्वशाली समाजमा पितृसत्तात्मक सामाजिक संरचना भएकाले यी सबै नारी पात्रहरू सीमान्त बन्न पुगेका छन् । यिनले आफ्नो समाज र समयको सीमान्तकृत नारी समुदायको प्रतिनिधित्व गरेका छन् । मिथकीय विषयवस्तुमा आधारित यस उपन्यासमा तत्कालीन सामाजिक संरचनाका कारण सीमान्तकृत बन्न पुगेका नारी पात्रहरूको चित्रण गरिएको छ ।

*मोदिआइन* उपन्यासमा मिथकीय विषयवस्तुमा आधारित भएर महाभारतकालीन युद्धको परिवेश चित्रण गरिएको छ । यसमा नारी तथा पुरुष पात्रहरूको सम्यक उपस्थिति रहेको छ । लैङ्गिक प्रतिनिधित्वका दृष्टिले मोदिआइन, मछुवारिन, नारी तथा द्रौपदीजस्ता पात्रहरूको भूमिका देखाइएको छ । यी सम्पूर्ण नारी पात्रहरू पुरुष प्रभुत्वका कारण कुनै न कुनै रूपमा सीमान्तकृत बनेका छन् । मोदिआइन सानोतिनो व्यापार गरेर जीविकोपार्जन गर्ने तथा रोगी पतिको स्याहार गर्ने नारी पात्र हो । ऊ घरभित्रको काममा व्यस्त रहेकी छ । त्यस्तैगरी मछुवारिन पनि पोखरीको छेउमा बसेर माछा बेच्ने सीमान्तकृत नारी पात्र हो । त्यसैगरी अर्की महिला पात्र नारी महाभारतकालीन योद्धाकी श्रीमती हो । आफ्ना पतिलगायत अन्य सम्पूर्ण पुरुष पात्रहरूलाई युद्धमा बिदा गरी कारुणिक जीवन बिताउन बाध्य ऊ पितृसत्तात्मक समाजकी सीमान्तकृत नारी पात्र हो । सानैदेखि अभावको जीवन बाँचेकी नारी आफ्ना पतिको वियोगमा छट्पटिएर बाँच्न विवश छ । उपन्यासकी अर्की नारी पात्र

द्रौपदी पनि पितृसत्तात्मक समाजकी दमित नारी पात्र हो । पाण्डवहरूकी साझा पत्नी द्रौपदी जुवामा बाजीका रूपमा थापिन बाध्य छ । जुवामा पाण्डवहरूले हार व्यहोर्दा उसलाई सभामै बेइज्जत गरिएको छ । यसरी मोदिआइन उपन्यासमा चित्रण भएका नारी पात्रहरू पितृसत्तात्मक सामाजिक संरचनाको पुरुष प्रभुत्वले गर्दा सीमान्तकृत बन्न पुगेका छन् ।

*बाबु, आमा र छोरा* उपन्यासमा जेठी श्रीमती तथा कान्छी श्रीमती उमा लैङ्गिक दृष्टिले सीमान्तकृत नारी पात्रहरू हुन् । उनीहरू परम्परागत पुरुषवादी सामाजिक संरचनामा पुरुष प्रभुत्वले गर्दा सीमान्तकृत बनेका छन् । बाबु पात्रकी जेठी श्रीमती पढाइ लेखाइ नभएकी नारी पात्र हो । शैक्षिक दृष्टिले ऊ मूलधारभन्दा टाढा छ । विवाहपछि पाँच पटकसम्म सन्तान जन्माए पनि एउटा मात्र सन्तान जीवित रहेकोले ऊ शारीरिक तथा मानसिक रूपमा रुग्ण बनी प्राण त्याग गर्न बाध्य छ । पितृसत्ताले नारीलाई सन्तान उत्पादनको साधन बनाएको तथ्य यसबाट प्रस्ट हुन्छ । आफू रोगी हुँदै गएपछि श्रीमान्लाई अर्को विवाह गर्नका लागि सुझाव दिने उनी पुरुष प्रभुत्वले गर्दा कमजोर बनाइएकी नारीहरूको प्रतिनिधित्व गर्ने पात्र हो । उपन्यासकी अर्की नारी पात्र उमा बुबा तथा छोरा दुबैकी पत्नी बन्न बाध्य नारी पात्र हो । पढाइका क्रममा नै छोरा शिवप्रसादसँग प्रेमसम्बन्ध तथा गन्धर्व विवाह गरेकी ऊ गर्भवतीसमेत बनेकी छ । गर्भवती भएकै बेलामा परिवारले जबर्जस्ती आफूभन्दा पच्चिस वर्ष जेठो पुरुषसँग विवाह गरिदिँदा विक्षिप्त बन्न पुगेकी उमा पितृसत्ताले दबाएकी अधीनस्थ पात्र हो । पितृसत्तात्मक सामाजिक संरचनामा नारीहरू आफ्ना चाहनाहरू पूरा गर्न पाउँदैनन् । पुरुषहरूका चाहनाबमोजिम भूमिका निर्वाह नगरे दण्डित बन्नुपर्छ । यसै सन्दर्भमा जेठी श्रीमती तथा उमा पितृसत्तात्मक समाजमा सीमान्तकृत बनेका नारी पात्रहरू हुन् ।

कोइरालाको *नरेन्द्र दाइ* उपन्यासमा नरेन्द्रले पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वशाली सामन्ती समाजको पहिचान कायम गरेका छन् । उपन्यासमा सोही सामाजिक संरचनाका कारण छोरी भएकैले सीमान्तकृत बन्न पुगेका र आफ्नो वास्तविक पहिचान गुमाउन पुगेका पात्रहरूको प्रतिनिधित्व गौरी, मुनरिया तथा अन्य नारी पात्रहरूले गरेका छन् । पितृसत्तात्मक सामाजिक संरचनाले गौरीलाई घरको कोठाभित्र सीमित राखेको छ । गौरीले आफ्नो सारा इच्छा आकाङ्क्षाहरू सबैलाई सोही सामाजिक संरचनाको डरले तिलाञ्जली दिन बाध्य भएकी छ । आफ्नो पतिका रूपमा स्वीकार गरेको नरेन्द्रलाई यही पितृसत्तात्मक विमर्शयुक्त समाजका कारण आफ्नो साथमा राख्न पाएकी छैन । त्यसैले

पितृसत्तात्मक सामाजिक संरचनाले गौरीको वास्तविक पहिचान गुमाइ दिएको छ । त्यसै गरी मुनरिया नारी भएकै कारण नरेन्द्रसँग भागेर विवाह गर्दा पनि सुख प्राप्त गर्न सकेकी छैन । उसलाई समाजले गलत नजरले हेरेको छ । पुरुषहरूले मनोरञ्जनको साधनका रूपमा मुनरियालाई उपभोग गरेका छन् । पितृसत्ताले गर्दा मुनरियाको वास्तविक पहिचान लोप भई विद्रुप पहिचान कायम भएको छ ।

*सुम्निमा* उपन्यासमा पनि परम्परागत पितृसत्तात्मक समाजमा महिलाको अवस्था र फरक पहिचानलाई देख्न सकिन्छ । उपन्यासका नारी पात्रहरू सुम्निमा तथा पुलोमा पितृसत्ताद्वारा कमजोर पहिचान दिइएका पात्रहरू हुन् । पुलोमा सोमदत्तको रेखदेख र सेवामा आफ्नो सम्पूर्ण जीवन खर्च गर्न बाध्य छ । ऊ हरेक दिन श्रीमान्को सेवामा तयार हुन्छे र सुत्ने बेलामा पतिलाई ढोगेर मात्र सुत्छे । त्यसैगरी अर्की नारी पात्र सुम्निमा असंस्कृत र अशिक्षित नारीका रूपमा उपन्यासमा उपस्थित भएकी छ । उसलाई छोरी भएकै कारण समयमै विवाह गर्नुपर्छ भनेर परिवारले भनेको छ । आफ्नो पतिबाट अपहेलित भएकी सुम्निमा पितृसत्तात्मक समाजमा कमजोर नारी पात्रका रूपमा पहिचान निर्माण भएकी पात्र हो । यस उपन्यासका सम्पूर्ण नारी पात्रहरूको पहिचान पुरुष प्रभुत्वले कमजोर र विद्रुप बनाएको छ ।

त्यसै गरी *मोदिआइन* उपन्यासमा विशेष गरी मोदि, पाण्डव तथा कौरवहरू, सेनाहरू आदि पितृसत्तात्मक पुरुष प्रभुत्वशाली सामन्ती समाजको प्रतिनिधित्व गर्ने पुरुष पात्रहरू हुन् । उनीहरू पुरुष भएकै कारण महिलाभन्दा शक्तिशाली र बहादुर छन् । उपन्यासमा मोदिआइन, मछुवारिन, नारी तथा द्रौपदीजस्ता नारी पात्रहरूको समाजले कमजोर पहिचान निर्माण गरिदिएको छ । यस उपन्यासमा पनि पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वशाली सामन्ती विमर्शले गर्दा नारीको अस्तिव र पहिचान लुटेको कुरा पुष्टि हुन्छ । पितृसत्तात्मक सामाजिक संरचनाले नारीजस्ता पात्रहरू दमित बन्न पुगेका छन् । पुरुषलाई बहादुर, योद्धा, निडर जस्ता पहिचान दिने समाजले महिलाहरूलाई कमजोर, डरपोक, रुन्चे र पुरुषकी सेविकाका रूपमा पहिचान स्थापित गरेको छ । नारी आफ्ना पुरुषहरू युद्धमा सामेल भएर मृत्युनजिक पुगिरहँदा अत्यन्त त्रसित र विक्षिप्त बनेर युद्धलाई नियाल्न बाध्य छ । यसरी पितृसत्तात्मक सामाजिक पुरुष प्रभुत्वले महिलाको वास्तविक पहिचान लुकाई कमजोर पहिचान दिलाएको छ ।

*बाबु, आमा र छोरा* उपन्यासमा सामाजिक विषयवस्तुलाई उठान गरी पुरुष तथा महिला पात्रहरूको फरक फरक पहिचान प्रस्तुत गरिएको छ । उपन्यासमा बाबु पात्र र छोरा पात्र शिवप्रसाद पुरुष पात्रका रूपमा आएका छन् भने जेठी श्रीमती र कान्छी श्रीमती उमा नारी पात्रका रूपमा उपस्थित भएका छन् । यस उपन्यासमा पितृसत्तात्मक सामाजिक संरचनामा पुरुष प्रभुत्वले महिलाको गलत पहिचान गराएको स्पष्ट देख्न सकिन्छ । जेठी श्रीमती सन्तान पाएरै रुग्ण बनेकी छ र दोस्रो विवाहका लागि पतिलाई सल्लाह दिन पुगेकी छ । यसबाट महिलाहरू सन्तान प्राप्तिका लागि मात्र लागिपर्छन । पुरुषहरूको सेवकका रूपमा आफ्नो जीवन व्यतीत गर्नु महिलाको कर्तव्य हो भनेर महिलाको कमजोर पहिचान गराइएको छ । त्यस्तैगरी उमा आफूभन्दा बुढो पतिसँग जबरजस्ती विवाह गराइदिँदा जान बाध्य पारिएकी छ । मन नभए पनि आफ्नो पतिका अगाडि सन्तुष्ट र खुसी भएको नाटक गरेकी छ । नारी जातिले पुरुष जातिका अगाडि मन नलागे पनि सधैँ झुक्नुपर्छ र सधैँ हाँसिदिनुपर्छ भन्ने सामाजिक मान्यतालाई उमामार्फत प्रस्तुत गरिएको छ । आफ्ना चाहनाविपरीत गरिएका कुराहरूलाई पनि सहर्ष स्वीकार गरिदिनुपर्ने पितृसत्तात्मक समाजको नारीको बाध्यतालाई उपन्यासमा प्रस्तुत गरिएको छ । यस उपन्यासमा पुरुषलाई समाजको उच्च आसनमा राख्दै महिलालाई त्यही पुरुषको छहारीमा अर्थात् कमजोर भूमिकामा पहिचान दिइएको छ ।

कोइरालाका उपन्यासहरूमा पितृसत्ता र यसले नारीको पहिचान निर्माणमा पारेको प्रभावलाई स्पष्टसँग चित्रण गरिएको पाइन्छ । पितृसत्तात्मक सामाजिक संरचनामा नेपाली नारीहरू पिल्सिएर रहेका तितो सत्यलाई उनका उपन्यासहरूमा चित्रण गरिएको छ । पुरुषका अगाडि नारी जातिले आफ्ना सारा खुसी, सुख, इज्जत त्याग गर्नुपरेको यथार्थ उपन्यासहरूमा प्रस्तुत गरिएको छ । यसका साथसाथै यस्तो पितृसत्तात्मक सामाजिक संरचनात्मक विमर्श पनि पुरुषकै अधीनमा चल्नुपर्दछ । महिलाले पुरुषका अगाडि कुनै पनि प्रतिरोधका कार्यहरू गर्नुहुँदैन भनेर उपन्यासहरूमा गौरी, मुनरिया, नारी, उमा, पुलोमाजस्ता नारी पात्रहरू कमजोर भएको तथ्य भेटिएको छ । अतः कोइरालाका उपन्यासहरूमा नारीको वास्तविक पहिचान पितृसत्तात्मक समाजले लुटेको, पहिचान निर्माणमा पुरुषले नै हस्तक्षेप गरेको साथै पुरुषले जस्तोसुकै अन्याय अत्याचारयुक्त व्यवहार आफूमाथि गरे तापनि उपन्यासका नारीपात्रहरूले कुनै किसिमको कडा प्रतिरोध गर्न नसकेको कुराको पुष्टि भएको निष्कर्ष प्राप्त भएको छ ।

# सन्दर्भ सामग्रीसूची

अर्याल, अम्बिका (२०७३), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा नारी-चेतना, *भृकुटी,* २१. पृ. १७-३१ ।

आचार्य, गोविन्द (२०७०), *बी.पी. कोइरालाका उपन्यासहरूको परिक्रमा,* काठमाडौँ : पैरवी प्रकाशन, ।

उप्रेती, सञ्जीव (२०६८), *सिद्धान्तका कुरा,* काठमाडौं : अक्षर क्रियसन्स नेपाल ।

कार्की, महेश (२०७२), *नयनराज पाण्डेका उपन्यासमा सबाल्टर्न,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ ।

कोइराला, कुमारप्रसाद (२०७३), नवइतिहासवादका आलोकमा नरेन्द्र दाइ उपन्यास, *भृकुटी,* २१. पृ. ४६-५० ।

कोइराला, नरेन्द्रप्रसाद (२०६९), *रमेश विकलका कथामा सीमान्तीयता,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय, नेपाली केन्द्रीय विभाग, कीर्तिपुर, काठमाडौँ ।

कोइराला, विश्वेश्वरप्रसाद (२०७१), *बी.पी. का उपन्यास,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन, ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६१), *तीनघुम्ती,* आठौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६३), *नरेन्द्र दाइ,* सातौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६३), *सुम्निमा,* आठौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६६), *मोदिआइन,* आठौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६७), *बाबु,आमा र छोरा,* छैटौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

कोइराला, विश्वेश्वरप्रसाद (२०६९), *हिटलर र यहुदी,* आठौँ संस्क., ललितपुर : साझा प्रकाशन ।

गिरी, अमर (२०७३), सांस्कृतिक अध्ययनका सैद्धान्तिक आधार र अवधारणा, *भृकुटी,* १२. पृ. २८-३२।

गैरे, जगदीश (२०६४), विश्वेश्वरप्रसाद कोइराला र उनको तीनघुम्ती उपन्यास, *कुञ्जिनी,* १५ (१२). पृ. ११३-११७।

गौतम, कृष्ण (२०७३), बिपी र सबाल्टर्न/निम्सर डिस्कोर्स, *भृकुटी,* २१. पृ. ५२-५६ ।

घर्ती, दुर्गाबहादुर (२०७१), विनिर्माणवादी दृष्टिमा सुम्निमा उपन्यास, *वाङ्मय,* १५. (१५). पृ. ६९-७९ ।

चापागाईं, निनु (२०६४), *मार्क्सवादी सौन्दर्यचिन्तनमा सौन्दर्य,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

चापागाईं, निनु (२०७३), *पूर्ववाद र सइदेली विचार,* ललितपुर : साझा प्रकाशन ।

चैतन्य (२०७०), समकालीन बुर्जुवा दर्शन र सांस्कृतिक अध्ययन, *भृकुटी,* १९. पृ. १४२ - १४५ ।

जी. सी., चुरा बहादुर (२०७३), *सुम्निमा उपन्यासमा प्रतिनिधित्व, पहिचान र प्रतिरोध,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

ढकाल, दीपकप्रसाद (२०७०), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा समाख्यानात्मक व्यवस्था, *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ,* सम्पा. भाउपन्थी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान, ।

ढकाल, बद्रीप्रसाद (२०७५), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा मिथक,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

ढकाल, बद्रीप्रसाद (२०७७), नरेन्द्र दाइ उपन्यासमा यौनमनोविज्ञान, *प्राज्ञिक विमर्श,* २. (३). पृ.८१-८७ ।

ढकाल, भूपति (२०५४), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासहरूमा विचार पक्ष,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

ढुङ्गाना, भुवन (२०७०), आजको सन्दर्भमा बिपीका केही नारी पात्रहरू, *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ,* सम्पा. भाउपन्थी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

त्रिपाठी, गीता (२०७३), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा यौनमनोविश्लेषण, *भृकुटी,* २१. पृ. ६२-७३ ।

थापा, रेणुका (२०७१), *उपन्यासकार विश्वेश्वरप्रसाद कोइरालाका नारी पात्रमा नीतिचेतना,* काठमाडौँ : सगरमाथा प्रतिभा प्रतिष्ठान ।

दाहाल, खेम (२०५९), विसङ्गतिवादी दृष्टिमा नरेन्द्र दाइ उपन्यास : एक अवलोकन, *समालोचनै समालोचना,* ललितपुर : साझा प्रकाशन ।

पाण्डे, ज्ञानू (२०६९), *नेपाली उपन्यासमा लैङ्गिकता,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डे, ज्ञानू (२०७०), विश्वेश्वरप्रसाद कोइराला : अस्तित्ववादी नेपाली उपन्यास परम्पराका एक सबल स्तम्भ *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ,* सम्पा. भाउपन्थी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

पाण्डेय, ताराकान्त (२०७३), *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र,* काठमाडौँ : साझा प्रकाशन ।

प्रधान, कृष्णचन्द्रसिंह (२०७३), कोइरालाको औपन्यासिक मनोयोग, *भृकुटी,* २१. पृ. ५८-६०।

बराल, कृष्णहरि र एटम, नेत्र (२०५८), *उपन्यास सिद्धान्त र नेपाली उपन्यास,* दोस्रो संस्क., ललितपुर : साझा प्रकाशन ।

बराल, ऋषिराज (२०७३), *मार्क्सवाद र सबाल्टर्न अध्ययन,* ललितपुर : साझा प्रकाशन ।

भट्टराई, गोविन्दराज (२०७०), विश्वेश्वरप्रसाद कोइरालाका आख्यानमा उनको जीवनदर्शनको प्रतिबिम्ब, *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला : पुनर्पाठ,* सम्पा. भाउपन्थी, काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

राई, इन्द्रबहादुर (२०३१), *नेपाली उपन्यासका आधारहरू,* ललितपुर : साझा प्रकाशन ।

लुइटेल, खगेन्द्रप्रसाद (२०६९), *नेपाली उपन्यासको इतिहास,* काठमाडौँ : नेपाल प्रज्ञा प्रतिष्ठान ।

शर्मा, उर्मिला (२०७५) *आख्यानकार विश्वेश्वरप्रसाद कोइराला वात्स्यायन र फ्रायड,* काठमाडौं : जननायक बीपी कोइराला स्मृति ट्रष्ट ।

शर्मा, मोहनराज (२०७०), अवरजन अध्ययन र साहित्य, *भृकुटी,* १९. पृ. ३१४–३२५ ।

शर्मा, हरिप्रसाद (२०७१), विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासका सम्बन्धमा, *बी.पी.का उपन्यास,* दोस्रो संस्क., विश्वेश्वरप्रसाद कोइराला, ललितपुर : साझा प्रकाशन ।

श्रेष्ठ, तारालाल (२०६८), *शक्ति, स्रष्टा र सबाल्टर्न,* काठमाडौं : डिस्कोर्स पब्लिकेसन ।

सापकोटा, उर्मिला (२०७३), *विश्वेश्वरप्रसाद कोइरालाका उपन्यासमा उदार नारीवाद,* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध, त्रिभुवन विश्वविद्यालय ।

सुवेदी, अभि (२०६८), सांस्कृतिक समालोचनाको सैद्धान्तिक विकास, *रत्न बृहत् नेपाली समालोचना सैद्धान्तिक खण्ड,* सम्पा. राजेन्द्र सुवेदी र लक्ष्मणप्रसाद गौतम, काठमाडौं : रत्न पुस्तक भण्डार ।

सुवेदी, अभि (२०७१), सबाल्टर्न, इतिहास र बोली, *जुगल सैद्धान्तिक नेपाली समालोचना,* सम्पा. राजेन्द्र सुवेदी, काठमाडौं : जुगल पब्लिकेसन ।

सुवेदी, राजेन्द्र (२०६४), *नेपाली उपन्यास : परम्परा र प्रवृत्ति,* ललितपुर : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र (२०७३), *सांस्कृतिक अध्ययन र नेपाली साहित्य,* काठमाडौं : पाठ्यसामग्री प्रकाशन ।

Faucault, M. (1970). *The archaeology of knowledge*, New York : Pantheon.

Gramsci, A. (1998). *Selections from the Prison Notebooks*, Chennai : Orient Longman.

Gramsci, A. (2014). *The Antonio Gramsci reader selected writings* 1916 – 1935, Ed. David Forgacs, Delhi : Aakar Books.

Spivak, G. C. (2010), *Can Subaltern Speak*, Columbia : Columbia University Press.